# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **विष्णुप्रसाद धितालको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको हो।

## १.३ विषय परिचय

साहित्यकार विष्णुप्रसाद धिताल एक साहित्यिक प्रतिभा हुन्। उनले स्वदेशी तथा विदेशी, सरकारी तथा गैरसरकारी (अन्तर्राष्ट्रिय) सङ्घसंस्थामा रहेर लामो समयसम्म काम गरे। उनको 'कलिकाल' शीर्षकको कविता १९९५ सालमा गोरखापत्रमा छापिएको थियो। यही उनको पहिलो प्रकाशित रचना हो। कवितासङ्ग्रहको रूपमा उनको **नी** (२०५१) पहिलो कवितासङ्ग्रह हो। उनको **नी** कवितासङ्ग्रहमा सङ्कलित र विभिन्न पत्रपत्रिकामा छरिएर रहेका जम्मा ४१ वटा कविता समावेश गरिएको **अर्को नी** (२०६०) पनि प्रकाशित भएको छ। उनका

तीनतीन वटा कथा, समालोचना र निबन्धात्मक लेख विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन्। यिनै कृतिका आधारमा गरिएको उनको साहित्यिक व्यक्तित्वको अध्ययन यस शोधपत्रमा प्रस्तुत गरिएको छ।

## १.४ समस्याकथन

विष्णुप्रसाद धितालले नेपाली साहित्यमा कविता, कथा, निबन्ध र समालोचनाको क्षेत्रमा योगदान दिएका छन्। उनका बारेमा यदाकदा पत्रपत्रिकामा सामान्य चर्चा परिचर्चा गरिनुबाहेक उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन भएको पाइँदैन। यस शोधपत्रमा यसै विषयको अध्ययन प्रस्तुत गरिएको छ। अतः उनको जीवनी, व्यक्तित्व र कृतित्व कस्तो रहेको छ भन्ने कुरा यस अध्ययनको मूल समस्या रहेको छ। यस मूल समस्यालाई निम्नलिखित बुँदाहरूमा अझ विस्तारमा प्रस्तुत गर्न सकिन्छ-

(क) विष्णुप्रसाद धितालको जीवनी कस्तो छ?

(ख) विष्णुप्रसाद धितालको व्यक्तित्व कस्तो छ?

(ग) विष्णुप्रसाद धितालको साहित्यिक यात्रा तथा प्रवृत्ति कस्तो छ?

(घ) विष्णुप्रसाद धितालका कृतिहरूको विश्लेषण कसरी गर्न सकिन्छ?

(ङ) विष्णुप्रसाद धितालको नेपाली साहित्यमा कस्तो योगदान रहेको छ?

## १.५ शोधकार्यको उद्देश्य

यस शोधकार्यको मूल उद्देश्य विष्णुप्रसाद धितालको जीवनी, व्यक्तित्व र कृतित्वको चर्चा गर्नु रहेको छ। यस मूल उद्देश्यलाई अझ विस्तृत रूपमा निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ-

(क) विष्णुप्रसाद धितालको जीवनीबारे अध्ययन गर्नु,

(ख) विष्णुप्रसाद धितालको व्यक्तित्वबारे अध्ययन गर्नु,

(ग) विष्णुप्रसाद धितालको साहित्यिक यात्रा र प्रवृत्ति केलाउनु,

(घ) विष्णुप्रसाद धितालका रचनाहरूको विश्लेषण गर्नु,

(ङ) विष्णुप्रसाद धितालले नेपाली साहित्यमा दिएको योगदानको चर्चा गर्नु।

## १.६ पूर्वकार्यको समीक्षा

विष्णुप्रसाद धितालले वि. सं. १९९५ सालदेखि नेपाली साहित्य रचना गर्न थालेका हुन्। साहित्यकार धितालका बारेमा सामान्य चर्चा-परिचर्चा भएको छ तर उनका साहित्यिक कृतिहरूका बारेमा विस्तृत र व्यवस्थित अध्ययन भएको पाइँदैन। केही पत्रपत्रिका र केही समालोचना कृतिहरूमा गरिएका टीकाटिप्पणी र चर्चापरिचर्चा नै यस शोधकार्यका लागि पूर्वकार्य हुन्। तिनै कार्यको समीक्षा यहाँ गरिएको छ।

साहित्यकार कमलमणि दीक्षितले **बिर्सेको सम्झेको** (२०४१) निबन्धसङ्ग्रहको 'रानी तलाउ किनारा' शीर्षक निबन्धमा आफू र विष्णुप्रसाद धिताल २००१ सालको एस. एल. सी. परीक्षामा पास भई त्रिचन्द्र कलेजमा भर्ना भएको उल्लेख गरेका छन्। यसै कृतिमा उनले धिताल 'आफूभन्दा ४ वर्ष जेठा भएको पनि जानकारी दिएका छन्।

घटराज भट्टराईले **नेपाली लेखक कोश** (२०५६) मा विष्णुप्रसाद धितालको सङ्क्षिप्त जीवनी र उनका कृतिको उल्लेख गरेका छन्।

महेश प्रसाईँको **एक सय एक प्रश्न कमलमणि दीक्षितसँग** (२०५९) कृतिमा कमलमणि दीक्षितले आफूलाई विष्णुप्रसाद धितालले कविता लेख्न सिकाएका तर धितालले यस क्षेत्रमा निरन्तरता नदिएको जानकारी दिएका छन्।

सीताराम अधिकारीले **गोरखा परिचय स्मारिका** (२०५९) को 'नेपाली भाषा साहित्य र गोरखा' शीर्षक लेखमा विष्णुप्रसाद धितालालाई संस्कृत, अर्थशास्त्र, विज्ञानमा उच्च शिक्षा हासिल गरेका अति मिलनसार, सरल र सहज व्यक्तिका रूपमा चिनाएका छन्।

विनोदप्रसाद अधिकारीले **विकास-दीप** (२/३,२०५९) पत्रिकाको 'भेटवार्ता' शीर्षकमा विष्णुप्रसाद धितालालाई दृढ इच्छाशक्ति, प्रतिबद्धता र निष्काम प्रयासको अनुकरणीय उदाहरण बनेका व्यक्तिका रूपमा चिनाएका छन्।

**दिव्य दर्शन** राष्ट्रिय साप्ताहिक (२०५५) को 'व्यक्तित्व' शीर्षक लेखमा एन. पोखरेलले विष्णुप्रसाद धितालालाई नेपाली साहित्य सृजनाको क्षेत्रमा बिर्सनै नसकिने छाप छोड्ने व्यक्तित्वका रूपमा चिनाइएको छ।

**राजधानी दैनिक** (२०५९) को 'बोर्ड टपरहरूको दुःखी जीवन' शीर्षकमा अनमोलमणि पौड्याल र नवीन पोखरेलले विष्णुप्रसाद धितालालाई एस. एल. सी. बोर्डमा प्रथम भएर पनि अन्य साधारण नेपालीसरह जीवन बिताएका र राणाविरोधी आन्दोलनमा सहिद शुक्रराज

शास्त्रीसँग मिलेर प्रजातन्त्रका लागि महत्त्वपूर्ण योगदान दिने व्यक्तिका रूपमा चर्चा गरेका छन्।

**समाचारपत्र दैनिक** (२०५९) को 'सादा जीवन उच्च विचारका अनुयायी' शीर्षक लेखमा उज्ज्वल जि.सी.ले विष्णुप्रसाद धिताल २००१ सालमा एस. एल. सी. बोर्ड प्रथम भएका र उनी सादा जीवन उच्च विचारका अनुयायी भएको उल्लेख गरेका छन्।

नरेन्द्र प्रसाई र इन्दिरा प्रसाईले **कालो अक्षरदेखि सग्लो अक्षरसम्म** (२०६०) मा कृतिको पृष्ठभूमिमा विष्णुप्रसाद धितालालाई कमलमणि दीक्षितलाई नेपाली साहित्यको सेवामा लाग्न प्रेरित गर्ने व्यक्तिका रूपमा चर्चा गरिएको छ।

**अन्नपूर्णा पोष्ट** (२०६०) को 'सुनमा सुगन्ध हुन्थ्यो नै' शीर्षकमा उज्ज्वल जि.सी.ले विष्णुप्रसाद धितालमा ज्ञान, बुद्धि, विवेक सरलपना भएको आडम्बरीपना नभएको उल्लेख गरेका छन्। यस्तै उनले हालसम्म कुनै पनि मानसम्मान नपाएको र राज्यले उनलाई सम्मान गर्नुपर्ने बताएका छन्।

उनको मृत्युपश्चात् प्रकाशित **विष्णुप्रसाद स्मृतिग्रन्थ** (२०६०) मा उनको सम्झना गर्दै धितालका आफन्त, साथीभाइ, इष्टमित्र तथा अन्य बुद्धिजीवीहरूले उनको व्यक्तित्वको बारेमा विभिन्न चर्चा-परिचर्चाहरू गर्दै स्मरण गरेका छन्। यी विभिन्न चर्चा-परिचर्चा गरेको पाइए तापनि यिनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा समग्र अध्ययन विश्लेषण नभएकाले यो शोधकार्य गरिएको हो।

## १.७ शोधकार्यको औचित्य

विष्णुप्रसाद धितालले नेपाली साहित्यको पद्य र गद्य दुवै विधामा कलम चलाई नेपाली साहित्यको सिर्जना गरेका छन्। उनका बारेमा छिटफुट चर्चा-परिचर्चा भए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको व्यवस्थित अध्ययन भएको छैन। यस्तो अवस्थामा प्रस्तुत अध्ययनले एउटा स्रष्टाको जीवनी, व्यक्तित्व र कृतित्वबारे जानकारी थपेर नेपाली साहित्यको इतिहासलाई व्यवस्थित बनाउन सहयोग पुऱ्याएको छ। भविष्यमा कसैले यसै विषयमा अझ गहन र विशिष्ट अध्ययन गर्न चाहेमा त्यसका लागि यो अध्ययन आधार बन्ने छ। विष्णुप्रसाद धितालले नेपाली साहित्यमा दिएको योगदानको महत्त्व बुझ्न र उनका लेखरचनाहरूबारे जान्न चाहने पाठकका लागि पनि यस अध्ययनले सहयोग पुऱ्याउने छ। यसैले प्रस्तुत अध्ययन औचित्यपूर्ण छ।

## १.८ शोधकार्यको सीमाङ्कन

साहित्यकार विष्णुप्रसाद धितालले नेपाली साहित्यमा कविता, कथा, निबन्ध र समालोचना विधामा कलम चलाएका छन्। यस शोधकार्यमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ। कृतित्वको अध्ययनमा उनका साहित्यिक प्रवृत्ति र साहित्यिक यात्राको मोटामोटी सर्वेक्षण तथा उनका कृतिको विधागत अध्ययन प्रस्तुत गरिएको छ। यो अध्ययन यही विषयगत सीमाभित्र सीमित छ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रको सामग्री सङ्कलनका क्रममा मूलतः पुस्तकालयीय र अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ। साहित्यकार विष्णुप्रसाद धितालको जीवनी र व्यक्तित्वबारे शोधनायक, शोधनायकका आफन्त, साथीसँग प्रत्यक्ष रूपमा भेटी आवश्यक जानकारी र सामग्री लिइएको छ। उनका कृतिका बारेमा गरिएका अध्ययन तथा सैद्धान्तिक आधारका लागि पुस्तकालयको सहयोग लिइएको छ।

साहित्यकार विष्णुप्रसाद धितालका कविताको विश्लेषणमा मूलतः डा. खगेन्द्रप्रसाद लुइँटेलको 'कविताको संरचनात्मक विश्लेषण' (२०६२) लाई विशेष आधार बनाइएको छ। प्रस्तुत शोधपत्रमा साहित्यकार विष्णुप्रसाद धितालको कविता, कथा, निबन्ध, समालोचना आदि सिर्जनाको पृष्ठभूमिमा रहेका सन्दर्भहरू, उनले बाँचेको युग, देशको सामाजिक एवं राजनैतिक अवस्था आदिलाई उनको साहित्यिक कृति विश्लेषणका आधारमा पहिल्याउने प्रयास गरिएको छ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई छ परिच्छेदमा विभाजन गरिएको छ।

(१) पहिलो परिच्छेदः शोधपरिचय

(२) दोस्रो परिच्छेदः विष्णुप्रसाद धितालको जीवनी

(३) तेस्रो परिच्छेदः विष्णुप्रसाद धितालको व्यक्तित्व

(४) चौथो परिच्छेदः विष्णुप्रसाद धितालको लेखनयात्रा

(५) पाँचौँ परिच्छेदः विष्णुप्रसाद धितालका कृतिहरूको विश्लेषण

(६) छैटौँ परिच्छेदः उपसंहार

[१] }ÓÓª π ŷ• .æς, “æ₤∂ρæƒ ˚∞ øſ ¯ ∑ú±Š, y ˚ ±ø≤å≤ŵõ®, (a_e_ y æρ∏b † ≠Ç≤áe]

[२] û∂π∂ Øυ¿ ≠ ∏y ˚∑, “ Ð ûæρØ ∞≠ρπ û ú• ˚∂ ûſ ™ŧυ’, Ð ûæρØ ∞≠ρπ
ð∂ Ŷ≠l· ˚Æ, (π π ≠≤∏ Ð ûæρØ ∞≠ρπ ð∂ Ŷ≠l· ˚Ææ ∂ Ŷ≠, a_e` ), ≤áß ]

# दोस्रो परिच्छेद
# विष्णुप्रसाद धितालको जीवनी

## २.१ जन्म र जन्मस्थान

विष्णुप्रसाद धितालको जन्ममितिका बारेमा विभिन्न मतमतान्तर पाइन्छ। उनका शैक्षिक प्रमाणपत्रहरूमा तथा पुस्तक, पत्रपत्रिकाहरूमा उनको जन्म मिति १९८१ साल वैशाख ३ गते उल्लेख भएको पाइन्छ।[१] तर विष्णुप्रसाद धितालको वास्तविक जन्म मिति १९७९ साल फागुन १५ गते मङ्गलबार तदनुसार सन् १९२४ अप्रिल १५ गते हो।[२] यिनको जन्म गण्डकी अञ्चल गोरखा जिल्लाको खरिबोट गाउँ विकास समिति वार्ड नं. ९ मा पर्ने स्यार्तान भन्ज्याङ भन्ने धिताल गाउँमा भएको हो। यिनका बाबुको

[१] उज्ज्वल जि.सी., “सुनमा सुगन्ध हुन्थ्यो नै”, **अन्नपूर्ण पोस्ट**, (२०६० असार ३ गते), पृ. ६।

[२] कमलमणि दीक्षित र अन्य, “विष्णुप्रसाद धितालको जन्मकुण्डली”, **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ**, (ललितपुर: विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ समिति, २०६१), पृ. ञ।

नाम कुमारीप्रसाद धिताल र आमाको नाम ललितादेवी धिताल हो।[३] यिनी सात सन्तानहरूमध्ये एक दिदी पछिका दोस्रो सन्तान हुन् भने दुई छोरामध्ये जेठा छोरा हुन्।[४]

विष्णुप्रसाद धितालको न्वारानको नाम घनश्याम हो।[५] यिनको न्वारानको नाम घनश्याम भए तापनि यिनका पिता कुमारीप्रसाद धिताल्ले यिनको बोलाउने नाम विष्णु बाबु राखे।[६] यही नामबाट उनी जीवनभर परिचित भए। यिनी बाल्यकालमा अति तीक्ष्ण बुद्धिका, मिलनसार र बोलक्कड स्वभावका साथै अरूलाई आदर गर्ने स्वभावका थिए।[७] त्यसैले गाउँका बूढापाकाहरू तथा साथीभाइहरू विष्णुप्रसादलाई ज्ञानी भन्थे।[८] यिनका पिता कुमारीप्रसाद धिताल गाउँका मुखिया थिए।[९] यिनी गन्यमान्यका छोरा भएकाले उनलाई गाउँलेहरू जेठा मुखिया भनी बोलाउने गर्थे।[१०] विष्णुप्रसाद धिताल आफ्नो कार्य क्षेत्रमा प्रवेश गरेपछि आफ्ना इष्टमित्रहरूका बीच विष्णु दाइ, विष्णु सर, विष्णु दादाजस्ता नामहरूले बढी लोकप्रिय थिए।[११]

विष्णुप्रसाद धितालको जन्मस्थल खरिबोट स्यार्तान गाउँको उत्तरतिर हरियाली वनजङ्गल, दक्षिणमा सम्म परेको स्यार्तान फाँट, पूर्वतिर अँधेरीखोला, पश्चिममा गोरखा र लम्जुङ जिल्लाको सिमाना चम्पावती नदी

---

[३] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[४] ऐजन।
[५] ऐजन।
[६] ऐजन।
[७] ऐजन।
[८] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[९] ऐजन।
[१०] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[११] ऐजन।

छ।[१२] स्यार्तान गाउँ पहाडी भिरालो जमिनमा अवस्थित छ। त्यहाँ केही कामी, दमाईँ, सार्की र गुरुङहरूका घरहरू रहेको भए तापनि धितालहरूकै बाहुल्य रहेको छ। विष्णुप्रसाद धितालले बाल्यकाल बिताएको त्यस ठाउँको सामाजिक परिवेश अलि अर्धसामन्ती प्रवृत्तिको थियो किनकि कुमारीप्रसाद धितालको घरमा कमारा-कमारी थिए। धितालहरूको पृथ्वीनारायण शाहको पालादेखि नै राजदरबारसँग उठबसको सम्बन्ध रहेको पाइन्छ।

## २.२ बाल्यकाल र स्वभाव

विष्णुप्रसाद धितालको बाल्यकाल उनी जन्मेको स्यार्तान गाउँमा बितेको थियो। उनका हजुरबुबाले तत्कालीन सरकारबाट भैरहवा जिल्लामा कुमारी बिर्ता पाएका थिए।[१३] यसै बिर्ताको नामबाट धितालका हजुरबुबाले आफ्नो जेठो छोराको नाम कुमारी राखेका हुन्।[१४] यिनको पुर्ख्यौली मुख्य पेसा पशुपालन र जमिनदारी हो। यिनको लम्जुङ जिल्लाको साइँलीटार र स्यार्तानमा प्रशस्त खेतीयोग्य जमिन थियो। यिनको आफ्नै पुर्ख्यौली जमिनबाट दुई-तीन सय मुरी धान र पशुपालनबाट प्रशस्त आम्दानी हुन्थ्यो। ठूला-ठूला गोठ बनाएर विभिन्न पहाडी खर्कहरूमा पशुचरन गराउने यिनीहरूका गोठाला थिए।[१५] त्यसकारण यिनीहरूको आयआर्जन पनि ज्यादै राम्रो थियो। आफ्नो पैतृक सम्पत्ति प्रशस्त भएकाले

---

[१२] ऐजन।
[१३] ऐजन।
[१४] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[१५] ऐजन।

र लुगाकपडाबाहेक पैसा खर्च गर्ने ठाउँ नभएकाले यिनलाई बाल्यकालमा आर्थिक समस्या भएन।[१६] यिनको परिवार सनातन हिन्दु धर्मप्रति आस्थावान् थियो। पारिवारिक परिवेश धर्मप्रति कट्टर भए पनि यिनको धर्मप्रति लगाव त्यतिखेरै पनि धेरै भएको पाइँदैन।[१७] तर बाहुनको छोरा भएकाले उनी आफ्नो धार्मिक कर्तव्यबाट टाढा भने थिएनन्।

बाजेकै पालादेखि बिर्ता प्राप्त गरेका गाउँका मुखिया भएकाले र दरबारसँगको सम्बन्धका कारण यिनको परिवारको समाजमा ठूलै हैकम थियो।[१८] यिनको सङ्गत पनि उच्च परिवारकै मान्छेहरूसँग बढी भयो। बिर्तावाल भएर पनि उनी उदार स्वभावका भएकाले आफ्ना नोकरचाकरदेखि त्यस गाउँका सम्पूर्ण मानिसहरूसँग मिल्न सक्थे।[१९] साथै रैती वर्गका मानिस पनि यिनका साथी थिए। पितृभक्त स्वभाव भएका धिताल बुढापाकाबाट कथाकहानी तथा कुराहरू सुन्ने गर्दथे। उनी बाल्यकालीन स्वभाव र बालसुलभ क्रीडाभन्दा बढी शिक्षा आर्जनतिर केन्द्रित थिए।[२०] उनी बाल्यकालमा आफ्ना साथीहरूसँग वनजङ्गल घुम्ने, कुस्ती, डन्डीबियो आदिजस्ता खेल खेल्ने गर्दथे। साथै संस्कृत श्लोकमा साथीहरूसँग अन्ताक्षरी खेल्ने र आफूलाई मन नपरेको कुरा हाँसोमा उडाई रमाउँथे।[२१]

---

[१६] ऐजन।
[१७] ऐजन।
[१८] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[१९] ऐजन।
[२०] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[२१] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।

सग्लो शारीरिक बनावट भएका विष्णुप्रसाद धितालालाई बाल्यकालमा कुनै प्रकारको शारीरिक अस्वस्थता भएन। गाउँका बुढापाकाहरू, साथीहरू र आफ्ना अभिभावकहरूले भनेका कुराहरूमा उनी कहिल्यै अटेरी गर्दैनथे।[२२] तर आफूलाई ठीक नलागेको कुरा तुरुन्त भनिहाल्ने उनको बानी थियो। उनी सानैदेखि ज्यादै सरल, मृदुभाषी र अत्यन्त सौम्य स्वभावका थिए। उनी सबैका कुरा ध्यान दिएर सुन्थे। गुरुले भनेका कुरा राम्ररी मनन गर्थे।[२३] राजनीतिमा यिनी खासै चासो राख्दैनथे। साहित्यिक रचना गर्नुपर्छ भन्ने सोचका कारण विद्यार्थी जीवनमै साहित्य लेखनतर्फ उन्मुख भएको पाइन्छ।[२४] यसरी धितालको बाल्यावस्थालाई हेर्दा उनी सरल, सौम्य स्वभावका र राजनीतिभन्दा साहित्य सिर्जनातर्फ अभिप्रेरित भएको देखिन्छ। उनको बाल्यावस्था सुखमय रहेको थियो।

## २.३ शिक्षादीक्षा

विष्णुप्रसाद धितालको प्रारम्भकालीन शिक्षा आफ्नै घरबाट राजेश्वर देवकोटाका कान्छा हजुरबुबा पं. नारायणभक्त देवकोटाबाट सुरु भएको थियो।[२५] उच्च खानदानी परिवारमा जन्मेका धितालको परिवार पहिलेदेखि नै शैक्षिक क्षेत्रमा अगाडि रहेको थियो। घरमै गुरु राखेर

[२२] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[२३] ऐजन।
[२४] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
[२५] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।

विष्णुप्रसाद धितालले मध्यकौमुदी, हितोपदेश, अमरकोशको अध्ययन गरेका थिए।[२६] उनले घरायसी कामकाजको लागि हिसाब र नेपाली लेखनको पनि घरमै अध्ययन गरेका थिए। उनले केही समय गोरखाको लिगलिगमा राजेश्वर देवकोटाका बुबा हरिभक्त देवकोटासँग उहाँकै घरमा बसेर अध्ययन गरेका थिए।[२७]

प्रथम परीक्षासम्मको पढाइ घरमै तयारी गरी धिताल १३ वर्षपछि काठमाडौँ १९९२ सालमा आएका थिए। काठमाडौँको क्षेत्रपाटी स्थित उनक ा साहिँला बा अम्बिकाप्रसादसँग बसेर ब्रह्मदत्त तिवारीसँग हिसाब सिकी चारपासको परीक्षा तयारी गरे।[२८] साथै संस्कृत प्रधान पाठशाला (हाल दरबार हाइस्कुल) मा भर्ना भई संस्कृत पढ्न थाले भने फुर्सदको समयमा दरबार हाइस्कुलमा अङ्ग्रेजी पढ्ने गर्दथे।[२९] १९९३ सालमा चारपास गरेपछि उनले आफ्नो अध्ययनलाई अगाडि बढाउँदै लगे र पं. रामनाथको शिष्य भएर मध्यमाको परीक्षा बनारसबाट दिए। उनले दरबार हाइस्कुलबाट २००१ सालमा प्रवेशिका परिक्षा दिई प्रथम श्रेणीमा प्रथम भई त्रिचन्द्र कलेजबाट आई.ए. सम्म अध्ययन गरे।[३०]

आर्थिक दृष्टिकोणबाट सक्षम तथा शिक्षाप्रतिको रुचिका कारण प्रेसिडेन्सी कलेज कलकत्ता विश्वविद्यालयमा भर्ना भएर २००६ सालमा अर्थशास्त्र विषयमा बी.ए. सम्मको औपचारिक शिक्षा हासिल गरे। उनलाई मेधावी विद्यार्थी भएको कारण तत्कालीन सरकारले शिक्षा

[२६] ऐजन।
[२७] राजेश्वर देवकोटा, "विष्णुदाइ", **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. ११।
[२८] विष्णुप्रसाद धिताल, "चारपास", **कान्तिपुर**, (९/२५६, २०५८) पृ. ३।
[२९] जनार्दन ढकाल र अन्य, "व्यक्तिपरिचय", **गोरखापरिचय**, (८/६, २०५९), पृ. ९९।
[३०] ऐजन।

विभागअन्तर्गतको छात्रवृत्ति प्रदान गऱ्यो र सोही छात्रवृत्तिमा २०१० सालमा केरला विश्वविद्यालय त्रिभान्ड्रमबाट तथ्याङ्कशास्त्रमा एम.एस्सी. गरे।[३१]

२०१० सालमा अर्थमन्त्रालयको बजेट विभागमा जागिर खाएका बेला लन्डन इकोनोमिक्स विश्वविद्यालयबाट छात्रवृत्ति प्राप्त गरी अर्थशास्त्र विषयमा २०१४ सालमा एम.एस्सी. (इकोन) पास गरे।[३२] यसबाहेक उनले संस्कृत साहित्यमा २००३ सालमा बनारसबाट आचार्यको द्वितीय खण्डसम्म पढेका थिए। एकपटक सुनेको कुरा नबिर्सने र जस्त ासुकै कठिन र लाम ा संस्कृतका श्लोकहरू कण्ठस्थ पार्न सक्ने क्षमता धितालमा रहेको पाइन्छ। उनी नेपाली साहित्यसम्बन्धी रचनाहरूको विशेष अध्ययन गर्थे।[३३] यसबाट उनको अध्ययन ज्यादै राम्रो भएको पाइन्छ।

## २.४ पारिवारिक अवस्था

विष्णुप्रसाद धितालको जन्म कौशिक गोत्रीय उच्च ब्राह्मण परिवारमा भएको हो।[३४] यिनका प ुर्खाहरूको मुख्य थलो जुम्ला जिल्लाको धिता गाउँ हो। जुम्लाबाट १५ औँ शताब्दीमा कास्की जिल्लाको पोखरा हुँदै लम्जुङ जिल्लाको बिचौर आएका हर्कदेव धितालका सन्तति लम्जुङ् बिचौरबाट चम्पावती नदी तरी स्यार्तान भन्ज्याङमा आएका थिए।[३५] पुस्ताका हिसाबले विष्णुप्रसाद धितालको एघारौ ँ-बाह्रौँ पुस्ता हो। प्रशस्त जग्गा जमिन र ६०/७० वटा गाई-भैँसी पालनले गर्दा त्यसबाट राम्रै आम्दानी

[३१] ऐजन।
[३२] ऐजन।
[३३] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
[३४] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[३५] ऐजन।

हुन्थ्यो।[३६] घरबाट भरियालाई घ्यु, चामल, दाल बोकाई काठमाडौँ ल्याउने गरेको र त्यसको ज्याला एक सुका पर्ने कुरा स्वयम् धितालले उल्लेख गरेका छन्।[३७] यिनीहरूको जमिन स्यार्तानटार उर्वरभूमि थियो। खेतीपातीबाट प्रशस्त आम्दानी हुने र पशुपालन पनि त्यत्तिकै भएकाले आर्थिक दृष्टिकोणले हेर्दा यिनको पारिवार सम्पन्न थियो। प्रशासनिक शक्तिका कारण त्यस ठाउँमा मुखियाका हैसियतले यिनकै परिवारको हैकम रहेको पाइन्छ।

यिनी हजुरबुबा परमानन्द धितालका चार छोरा, ईश्वरीप्रसादका चार छोरा, आफ्ना पिताका दुई छोरा पाँच छोरीहरू तथा काकाका छोराछोरीहरू समेत गरी ४०/५० जनाको संयुक्त पारिवारिक वातावरणमा हुर्केका थिए।[३८] यत्रो ठूलो परिवारलाई आफ्नो पैतृक सम्पत्तिले खान लाउन पुग्थ्यो। त्यसैले यिनको जीवनमा कहिल्यै आर्थिक समस्या देखापरेन। घरबाट अंश नलिए पनि आफ्नो नोकरी र राज्यको उच्च ओहदामा रही देशविदेशमा समेत काम गरी प्रशस्त अर्थोपार्जन गरेका थिए।[३९] यिनको हाल ललितपुर श्रीदरबार टोलस्थित करिब ५ रोपनी जग्गा र साढे दुईतले दुईवटा पक्की घर छन्। साथै नवलपरासी जिल्लाको भेँडाबारीमा पनि एउटा घर छ।[४०] उनले अर्थ मन्त्रालय, कृषि मन्त्रालय तथा देशविदेशका विश्व कृषि तथा खाद्य सङ्गठनमा समेत सफल प्रशासक

---

३६ ऐजन।

३७ विष्णुप्रसाद धिताल, 'चारपास', **कान्तिपुर**, (९/२५६, २०५८), पृ. ३।

३८ भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।

३९ ऐजन।

४० भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।

भई काम गरेका थिए।[४१] त्यसैले यिनले कसैबाट कुनै कामको लागि पनि ऋण सहयोग लिनु परेन।

यिनको परिवारले पुर्खादेखि नै सनातन हिन्दु धर्म मान्दै आएको देखिन्छ। यिनी धर्मप्रति त्यति कट्टर भने थिएनन्।[४२] ईश्वरप्रति अन्धभक्त हुनुभन्दा पनि कर्मप्रति उत्तरदायी हुनुपर्छ भन्ने यिनको धारणा थियो। यिनी पूजापाठ त्यति गर्दैनथे तर परब्रह्मप्रति यिनको विश्वास भने कायम थियो।[४३] समग्रमा उनको विश्वास कुनै धर्म विशेषमा भन्दा मानव सेवाप्रति भएको देखिन्छ।

विष्णुप्रसाद धितालका पिता कुमारीप्रसाद धितालका चार दाजुभाइ थिए भने विष्णुप्रसाद धितालका एक भाइ र पाँच दिदीबहिनीहरू थिए। यिनका पितामाता अनौपचारिक शिक्षा प्राप्त थिए। धितालकी श्रीमती विजयालक्ष्मी शिक्षित थिइन् तर गृहस्थी सम्हालेर बसेकी थिइन्।[४४] आफ्नो परिवारको रेखदेख र घरको बन्दोबस्त मिलाउने कार्यबाहेक उनले अरू कुनै पेसा व्यवसाय गरेको देखिँदैन। यिनका भाइ दिनेशप्रसाद धिताल सरकारी जागिरे थिए। कृषि मन्त्रालयअन्तर्गत शाखा अधिकृत पदबाट सेवा निवृत भई हाल काठमाडौँ-१६ बहतीपोखरी स्थित आफ्नै घरमा छन्।[४५] उनका भाइ सरकारी जागिरबाट निवृत भएपछि कहीँ कतै लागेको देखिँदैन। धितालकी जेठी दिदीको २०२७ सालमा स्वर्गारोहण भइसकेको र

---

[४१] ऐजन।
[४२] ऐजन।
[४३] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[४४] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[४५] ऐजन।

अन्य सबै बहिनीहरू गृहिणी जीवन बिताइरहेका छन्।[४६] यिनको मावली गोरखाको च्याङ्ली हो। गंगादत्त काफ्ले यिनका हजुरबुबा हुन्। गंगादत्त काफ्लेका छोराहरू नभएकाले र हजुरबुबाको महामारीले मृत्यु भएकाले यसभन्दा बढी जानकारी प्राप्त गर्न सकिँदैन।[४७]

विष्णुप्रसाद धितालका तीन छोरा र एक छोरी छन्। तीन छोराहरू क्रमशः राजीवकुमार धिताल, सञ्जीवकुमार धिताल र कुमुदकुमार धिताल तथा छोरी कल्पनाकुमारी धिताल हुन्।[४८] राजीवकुमार धिताल हाल अमेरिकाको मिनेसोटा प्रदेशमा बसोबास गर्छन्। राजीव आर्किटेक्चर इन्जिनियर हुन्। माइला छोरा सञ्जीवकुमार हाल बेलायतको चेस्टर प्रान्तमा बसोबास गर्छन्। सञ्जीव प्लास्टिक सर्जन हुन्। कान्छा छोरा कुमुदकुमार पनि बेलायतमा बसोबास गर्छन्। नसारोग विशेषज्ञका साथै मुटुरोग विशेषज्ञ पनि हुन्। धितालकी एक मात्र छोरी कल्पनाकुमारीको विवाह काठमाडौँ कोटेश्वर निवासी विश्वविजय पराजुलीसँग भएको थियो। विश्वविजय पराजुली हाल विश्व खाद्य कार्यक्रममा कार्यरत छन्। जागिरको सिलसिलामा उनीहरू हाल इजिप्टको कायरोमा बसोबास गर्दछन्। धितालका तीनै भाइ छोराहरूले अन्तर्जातीय विवाह गरेका छन्।[४९] यिनको जीवनकालमा देशका जनसाधारणदेखि स्वदेश तथा विदेशका प्रतिष्ठित व्यक्तिहरूसँग उठबस भएको थियो। यिनका चपलिन, भिकस सुखतम् म्यारी र सलिम खमिस विदेशी तथा कमलमणि दीक्षित, केशरजंग

---

[४६] ऐजन।

[४७] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।

[४८] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।

[४९] ऐजन।

रायमाझी, रामचन्द्र मलहोत्रा, हिमालय शमशेर, राजेश्वर देवकोटा, यज्ञविक्रम राणा, नारायणप्रसाद श्रेष्ठ आदि स्वदेशी साथीहरू हुन पुगे।[५०]

उच्च ब्राह्मण कुलमा जन्मेहुर्केका विष्णुप्रसाद धितालको पारिवारिक पृष्ठभूमि आर्थिक हिसाबले सम्पन्न, धार्मिक हिसाबले सनातन हिन्दु, राजनीतिक हिसाबले गाउँको मुखिया परिवारको सदस्य भए तापनि उनको स्वभाव सरल देखिन्छ। यिनक ा अभिभावकहरूको शैक्षिक स्तर उच्च भएको कारण यिनी पनि सुशिक्षित देखिन्छन्।[५१] बाल्यकालदेखि नै उपयुक्त वातावरण पाएका विष्णुप्रसाद धितालको पारिवारिक वातावरण सुखद नै रहेको देखिन्छ।[५२]

## २.५ उपनयन संस्कार

विष्णुप्रसाद धितालको उपनयन १९८८ सालको फागुन महिनामा आफ्ना काका पर्ने विनोदप्रसाद धितालसँगै ९ वर्षको उमेरमा परम्परागत ब्राह्मण संस्कृति अनुरूप गाउँमै भएको थियो।[५३] यिनलाई आफ्नै पिता कुमारीप्रसाद धितालले गायत्री मन्त्र सुनाएका थिए।[५४]

## २.६ दाम्पत्य जीवन

---

[५०] भान्जा गौतम न्यौपानेबाट प्राप्त जानकारी।

[५१] ऐजन।

[५२] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।

[५३] ऐजन।

[५४] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।

उच्च शिक्षित ब्राह्मण परिवारमा जन्मेहुर्केका विष्णुप्रसाद धितालको विवाह गण्डकी अञ्चल तनहुँ जिल्ला सतीस्वाँरा गा.वि.स. अन्तर्गत तारुका गाउँको तत्कालीन न्यायाधीश जगदीश गौतमकी ज्येष्ठ सुपुत्री विजयालक्ष्मी गौतमसँग हिन्दु परम्पराअनुसार मागीविवाह भएको थियो। धितालका साइँला बुबा अम्बिकाप्रसाद धितालले तनहुँको सिमानामा पर्ने लम्जुङ जिल्लाको गौतमकी छोरीसँग विवाह गरेका थिए। साथै तनहुँ र लम्जुङका गौतम परिवारसँग स्यार्तानका धितालहरूको पुर्ख्यौली सम्बन्ध रहिआएको पाइन्छ।[५५] यिनको विवाह २००१ सालमा भएको थियो।[५६] यिनका ससुरा तत्कालीन समयका न्यायाधीश भएकाले सम्पन्न एवं उच्च शैक्षिक पारिवारिक वातावरणका थिए।[५७] समान धर्म एवं संस्कृति भएकाले विष्णुप्रसाद धिताल र विजयालक्ष्मी धितालको दाम्पत्य जीवन सुखमय रहेको पाइन्छ।[५८] विजयालक्ष्मीले पनि आफ्ना पतिको जागिरको सिलसिलामा विभिन्न देश-विदेशको भ्रमण गरेकी छन्। उनी आफ्ना पतिबारे ‘सधैँ अफिसको कामले व्यस्त हुनुहुन्थ्यो, अलि फुर्सद पाएको भए साहित्यमा अझ बढी योगदान दिन सक्नुहुन्थ्यो’ भन्ने धारणा राख्छिन्।[५९] आफ्नो विवाहपछि तथा अर्थ मन्त्रालयको जागिरे भएदेखि छुट्टै बस्दै आएका धितालको अंशबण्डा पारिवारिक रूपमा खासै भएन।[६०] आफ्नै चुच्चाले खोपेर खानुपर्छ भन्ने स्वभावका धितालले विशेष

---

[५५] ऐजन।
[५६] ऐजन।
[५७] ऐजन।
[५८] भान्जा गौतम न्यौपानेबाट प्राप्त जानकारी।
[५९] श्रीमती विजयालक्ष्मी धितालबाट प्राप्त जानकारी।
[६०] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।

गरेर आफ्ना नातागोतालाई शैक्षिक ज्ञान आर्जनमा सहयोग गर्ने गरेको पाइन्छ।[६१] यिनको कुनै पारिवारिक झैझगडा भएको पाइँदैन। पैसा, गरगहना, रमाइलो तथा भौतिक वस्तुहरूमा धितालको दाम्पत्यमा कहिल्यै मतभेद रहेन।[६२] उनी राष्ट्रलाई खुब प्रिय ठान्दथे। राष्ट्रप्रेमबिनाको पारिवारिक सुख अधुरो हुन्छ भन्ने उनको धारणा थियो।[६३]

करिब २१ वर्षमा दाम्पत्य जीवनमा बाँधिएका धितालको जोडी पूर्णतः परिपक्व र उच्च सुझबुझ भएको जोडी थियो।[६४] आफ्ना सन्तानलाई उच्चशिक्षा प्रदान गर्दै देशविदेशको भ्रमण गरेको यो जोडीको जीवन सुखमय नै रहेको थियो। 'के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुनु असल होला?' भन्ने निबन्धमार्फत जहाँ अन्तर्जातीय विवाह हुन्छ त्यहाँको समाज झन् गतिलो हुन्छ भन्ने अवधारणा अघि सार्ने धितालका तीनै भाइ छोराहरूको अन्तर्जातीय विवाह भएको छ।[६५] पारिवारिक स्वतन्त्रता, अथक परिश्रम र अध्ययनले धितालको दाम्पत्य जीवन सुखमय रह्यो।[६६]

## २.७ स्वभाव बानीव्यवहार र रुचि

### २.७.१ स्वभाव तथा बानीव्यवहार

---

[६१] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[६२] श्रीमती विजयालक्ष्मी धितालबाट प्राप्त जानकारी।
[६३] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[६४] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[६५] भान्जा रामबाबु अधीकारीबाट प्राप्त जानकारी।
[६६] ऐजन।

विष्णुप्रसाद धिताल सानैदेखि सरल र बोलक्कड स्वभावका थिए।[६७] सानो छँदा विष्णु बाबु, विष्णु दाइ आदि नामबाट सबैले बोलाउने गरेको प्रसङ्गबाट पनि यिनको स्वभाव सबैसँग मिल्न सक्ने र ग्रामीण परिवेशअनुसार बनेको पाइन्छ। ग्रामीण जनतासँग र परिवारमा मिलेर बस्न सक्ने, सामाजिक स्वतन्त्रता हुनुपर्ने, स्वाभिमान एवं आफै आत्मनिर्भर भएर बाँच्नुपर्ने भन्ने उनको विचार र त्यस्तै चारित्रिक विशेषता थियो।[६८] प्रगतिवादी सोचका धिताल अरूसँग मिलनसार र सहयोगी भावनाले भरिएका साथै सबैलाई काम गर्न प्रोत्साहित गर्ने स्वभावका थिए।[६९] उनको बोलीचाली सरल र साथीभाइसँग हासपरिहास गर्ने खालको थियो। शालीन, भद्र एवं बौद्धिक व्यक्तित्वले उनको स्वभाव सरल भएर पनि गम्भीर थियो।[७०] त्यसकारण उनी कुनै पनि विषयको सूक्ष्म विश्लेषण गरेर मात्रै त्यस विषयको निष्कर्षमा पुग्दथे। सबैलाई आफन्तहरू झैँ समान व्यवहार गर्ने अति मिलनसार, संवेदनशील र सहयोगी धितालले साथीहरूप्रति सद्भाव राख्दा नै उनको कुशल व्यक्तित्वको विकास भएको पाइन्छ।[७१] उनमा मानवप्रति दयाभाव थियो। अत्यन्त सरल तथा गम्भीर स्वभावका धिताल अरूलाई काम गर्न प्रोत्साहित गर्थे।[७२] हरेक प्रकारका अड्डा-अदालत तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय समुदायका मानिसहरूसँग घुलमिल

---

[६७] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[६८] ऐजन।
[६९] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[७०] ऐजन।
[७१] ऐजन।
[७२] भान्जा गौतम न्यौपानेबाट प्राप्त जानकारी।

हुन सक्ने क्षमता उनमा थियो।[७३] कुनै पनि सूक्ष्म विषयलाई सूक्ष्म रूपमा विश्लेषण गरी त्यसको निष्कर्षमा पुग्ने उनको प्राज्ञिक स्वभाव थियो।

विष्णुप्रसाद धिताल आफ्ना मनका कुरा नलुकाउने स्पष्ट हृदय भएका रमाइलो र ठट्यौली गर्ने प्रकृतिका थिए। प्रशासनिक इमान्दारी, साहित्यमा प्रगतिशीलता, प्राज्ञिक अडान उनको समग्र व्यक्तित्वका पाटाहरू हुन्। उनी अमानवीय व्यवहार, झैझगडा, आपसी वैमनस्य तथा व्यक्तिगत स्वार्थबाट सधैँ टाढा रहन्थे। उनी आफन्तहरूलाई सहयोग गर्दा उत्प्रेरकको भूमिकाको रूपमा सहयोग गर्न रुचाउँथे।[७४] राजनीतिमा राष्ट्रवादिता, कर्तव्यप्रतिको निष्ठा, इमान्दारी, अरूप्रति सहयोगी भावना, कार्यप्रति लगनशीलता, मिलनसारिता उनका स्वभावका मुलभूत पाटाहरू हुन्।[७५] उनको कहिलेकाहीँ आफ्ना अगाडि गलत कुरा गर्ने र अनर्गल प्रचार गर्ने मान्छेप्रति रिसाउने स्वभाव थियो।[७६] आफ्नो बारेमा कसैले केही भनेमा सुनिरहने र त्यसका सकारात्मक पक्षलाई आत्मसात् गर्ने उनको बानी थियो।[७७] आफ्ना सहपाठीहरू कुनै कारणबाट रिसाएमा उनीहरूसँग मिल्न उनी अनेक प्रयत्न गर्दथे। साथै आफूले गरेको गल्ती महसुस गर्नि उनको महान् गुण थियो।[७८] पुस्तक तथा पत्रपत्रिका पढ्ने,

---

[७३] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
[७४] विष्णुप्रसाद धिताल, 'चारपास', **कान्तिपुर**, पूर्ववत्, पृ. ३।
[७५] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
[७६] श्रीमती विजयालक्ष्मी धितालबाट प्राप्त जानकारी।
[७७] ऐजन।
[७८] कमलमणि दीक्षित, **नी कवितासङ्ग्रह** (ललितपुर: जगदम्बा प्रेस, २०५१), पृ. ज ।

रेडियो नेपाल, नेपाल टेलिभिजन र बी.बी.सी. न्युज सुन्ने उनको दैनिक कार्य थियो।[७९]

आत्मिक तहमा प्रशासनिक एवं बौद्धिक क्षमता भएर पनि कत्ति पनि घमण्ड नभएका विकासप्रेमी, सरल स्वभावले भरिपूर्ण धितालको देशप्रतिको मोह र बौद्धिक क्षमताको मिश्रित रूपबाट बनेको आचरण नै उनको चरित्रको म ूल परिचय हो।[८०] समग्रमा साम ूहिक कार्यप्रतिको आस्था, धार्मिक कट्टरपनाभन्दा मानवीय कल्याण, राजनीतिमा षड्यन्त्रभन्दा राष्ट्रप्रेम र कर्तव्यदायी भूमिका यिनका म ूलभ ूत गुणहरू हुन्।

## २.७.२ र ुचि

विष्णुप्रसाद धितालको विशेष रुचि सरकारी जागिरतर्फ रहेको पाइन्छ र उनले सधैँ सरकारी जागिरेको रूपमा नै जीवन बिताए।[८१] उनले विद्यार्थी जीवनमा विशेष गरी कविता, कथा र निबन्धलेखन गरी साहित्यतर्फ रुचि देखाए। बी.ए. पास गरेपछि भने म ूलत: सरकारी जागिरे भएर जीवन बिताए। उनको खास रुच ि अध्ययन तथा राष्ट्रलाई आर्थिक रूपमा सक्षम पार्न ि कुरामा थियो।[८२] सबै स्तर र तहका मानिसहरूको जीवनस्तर उकास्ने उनको चाहना थियो। उनी आफ्नो निजी फाइदा हेरी कुनै पनि

---

[७९] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[८०] ऐजन।
[८१] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[८२] ऐजन।

काम गर्न रुचाउँदैनथे।[८३] सधैँ अफिसको काममा चिन्तन मनन गर्ने धितालको राजनीतिमा प्रजातन्त्रवादी सोच रहेको पाइन्छ।[८४]

विष्णुप्रसाद धितालको मुख्य कार्यक्षेत्र सरकारी मन्त्रालयहरू थिए। उनले राज्यलाई कसरी आर्थिक, सांस्कृतिक एवं औद्योगिक रूपमा माथि उठाउन सकिन्छ भनेर सधैँ सोचिरहन्थे।[८५] राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आफूले प्राप्त गरेको अनुभव र जिम्मेवारीलाई सार्थक रूप दिन उनी सधैँ तल्लीन हुन्थे। यसबाट उनी एक सच्चा, योग्य, सक्षम, राष्ट्रिय हित चाहने र सबैको प्रिय कर्मचारी बन्न चाहन्थे।[८६] उनले सरकारी जागिरको अतिरिक्त नेपाली शिक्षा परिषद्को सदस्य भएर पनि नेपाली साहित्यको विकासमा योगदान दिए।[८७] मदन पुरस्कार गुठीको सचिव पदमा रहेर नेपाली साहित्यको श्रीबृद्धिमा केही योगदान दिनमा उनको रुचि रहेको थियो। सो कार्य उनले जीवनको पूर्वार्द्ध र उत्तरार्द्धमा गरेका थिए।[८८]

विष्णुप्रसाद धितालको समाज सेवामा पनि रुचि थियो। सरकारी जागिरबाट निवृत्त भएपछि उनी सामाजिक सेवा समन्वय समितिको सदस्य पदमा रहेर २०४७ सालदेखि काम गरेका थिए।[८९] त्यसैगरी देवघाट विकास समितिमा २०४९ साल र सर्वाङ्गीण विकास अध्ययन केन्द्रमा करिब १० वर्ष जति उपाध्यक्ष पदमा रहेर सामाजिक सेवा गरेका थिए।

---

[८३] ऐजन।
[८४] भान्जा गौतम न्यौपानेबाट प्राप्त जानकारी।
[८५] ऐजन।
[८६] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[८७] रमा शर्मा, "श्रद्धासुमन", **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. १४३।
[८८] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
[८९] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।

यसबाट के स्पष्ट हुन्छ भने उनको समाज सेवामा पनि विशेष रुचि थियो।[९०]

विष्णुप्रसाद धितालले नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउने काम गरे।[९१] उनले मातृभूमिको महत्त्व र आदर्शलाई सधैँ उच्च राखे। उनले विश्व खाद्य कृषि सङ्गठनको साधारण सभामा नेपाललाई त्यस संस्थाको कार्यकारिणी समितिमा छनाएका र लगातार दुईपटकसम्म त्यस समितिको आर्थिक कमिटीमा आफै पनि व्यक्तिगत योग्यताका आधारमा छानिएका थिए।[९२] यो उनको आफ्नो देशलाई विश्वसमुदायमा परिचित गराउने विशेष रुचिको विषय थियो।

विष्णुप्रसाद धिताल खानेकुरामा विशेष प्रकारको खानाप्रति रुचि देखाउँदैनथे, जस्तोसुकै खाना भए पनि हुन्थ्यो। तर सफा र स्वास्थ्यकर हुनुपर्ने उनको धारणा थियो।[९३] उनी खासगरी दाल, भात, साग, अचार भएको सादा नेपाली खाना बढी रुचाउँथे।[९४] उनलाई विशेष गरी मासु मन पर्थ्यो। उनी सबै प्रकारका खानाको स्वाद लिन रुचाउँथे। उनले स्वदेशी तथा विदेशी खानाको राम्रो अनुभव लिएका थिए।[९५] आफ्ना साथी एवं इष्टमित्रलाई घरमा खाना खान बोलाई गफ गर्नमा उनको रुचि थियो।[९६] उनको विशेष प्रकारको लुगा लगाउने सोख थियो। प्रायजसो उनी

---

[९०] ऐजन।
[९१] सीताराम अधिकारी, "नेपाली भाषा साहित्य र गोरखा", **गोरखा परिचय** (८/६, २०५९ पुस), पृ. १८-२७।
[९२] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[९३] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[९४] ऐजन।
[९५] ऐजन।
[९६] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।

औपचारिक पोसाक लगाउने गर्थे। कोट, पाइन्ट, टाई, सुट उनलाई विशेष मन पर्ने पोसाक थियो। उनी घरमा बस्दा प्राय: हल्का खालका पोसाक लगाउँथे।[९७] लबेदा सुरुवालमा कालो कोट र कालो जुत्ता लगाउने उनको बानी थियो। बेलुका केहीबेर हिँड्ने र केही समय योग अभ्यास गरेपछि करिब १ घण्टाजति पत्रपत्रिका पढ्ने, समाचार सुन्ने बानी थियो।[९८] धेरै सुन्न खोज्ने र घरमा विशेष गरी परेवा र कुकुर पाल्ने उनको रुचि थियो। उनी विभिन्न अङ्ग्रेजी फिल्म हेर्न, अङ्ग्रेजी साहित्यिक किताबहरू पढ्न, रेडियोबाट प्रसारित साहित्यिक कार्यक्रम सुन्न रुचि राख्थे।[९९]

विष्णुप्रसाद धिताल समग्रमा साहित्यिक चिन्तक, प्रशासनिक कार्यप्रति बफादार, सामाजिक सेवक, आफ्नो व्यस्तता र बौद्धिक इमान्दारीले भौतिक सुखसुविधाबाट विमुख देखिन्छन्।

## २.८ कार्यक्षेत्र

### २.८.१ प्रशासनिक सेवा

#### २.८.१.१ स्वदेशमा

आफ्नो बाल्यकाल गोरखा खरिबोटमा नै बिताएका विष्णुप्रसाद धिताल १३ वर्षको उमेरमा काठमाडौँ आई सरकारी जागिर खानुपर्छ भन्ने धारणाअनुसार सरकारी जागिर खानकै लागि चारपासको परीक्षा दिएका थिए।[१००] उनले २००१ सालमा प्रवेशिका परीक्षा पास गरेका र २००६

---

[९७] भान्जा गौतम न्यौपानेबाट प्राप्त जानकारी।
[९८] श्रीमती विजयालक्ष्मी धितालबाट प्राप्त जानकारी।
[९९] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[१००] जनार्दन ढकाल र अन्य, "व्यक्ति परिचय", **गोरखा परिचय**, पूर्ववत्।

सालमा बी.ए. सम्मको औपचारिक शिक्षा हासिल गरेका थिए।[१०१] त्यही साल कृषि विभागमा कृषि अनुसन्धान सहायक पदमा नियुक्त भई आफ्नो प्रशासनिक सेवा सुरु गरेका थिए।[१०२] उनले करिब तीन वर्षजति कृषि विभागमा कृषि सहायकको रूपमा काम गरेपछि उनको बढुवा भई २०१० सालमा अर्थ मन्त्रालयको बजेट विभागअन्तर्गत गजेटेड अफिसर पदमा सरुवा भए। त्यस विभागमा रहँदा उनले श्री ५ को सरकारको बजेट व्यवस्थापन सम्बन्धी काम गरेका थिए।[१०३] उनी २०११ सालमा आय विभागमा सरुवा भए। त्यसै समयमा लन्डन स्कुल अफ इकोनोमिक्स, लन्डन विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा अध्ययनको लागि छात्रवृत्ति प्राप्त गरी एम.एस.सी. गर्न लन्डन गए।[१०४] लन्डनमा अध्ययन गरिरहेको बेलामा तत्कालीन सरकारले उनलाई बोलाई २०१२ सालमा नेपाल राष्ट्र बैङ्क ऐन २०१२ को तर्जुमा गर्ने कार्यको जिम्मा लगाइयो। यस कार्यमा यिनको ठूलो योगदान रहेको पाइन्छ।[१०५] उनी अर्थ मन्त्रालयमा रहँदा भन्सार अड्डाको ठेक्कापट्टा सम्बन्धी सरकारी नीतिको निर्माण तथा सुधार गरेका थिए।[१०६]

विष्णुप्रसाद धितालले लन्डन विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर तह पास गरेपछि उनले श्री ५ को सरकारको तथ्याङ्क

---

१०१ ऐजन।
१०२ ऐजन।
१०३ ऐजन।
१०४ ऐजन।
१०५ हिमालय शमशेर राणा, "एक संस्मरण", **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. १५।
१०६ सीताराम अधिकारी, "नेपाली भाषासाहित्य र गोरखा", **गोरखा परिचय**, पूर्ववत्।

विभागमा निर्देशकको रूपमा २०१५ सालबाट काम गर्न थाले।[१०७] यस समयमा धितालले नेपाल राष्ट्र बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क, बचत संस्थान र निर्देशक समितिको सदस्य भएर देशको आर्थिक अवस्था सुधार गर्ने काम गरेका थिए। यस विभागमा रहँदा उनले आर्थिक राष्ट्रिय नीतिको तर्जुमा गरेका थिए।[१०८] उनको अन्तर्राष्ट्रिय अनुभव र व्यक्तित्वको कदर गरेर उनलाई २०२३ सालदेखि परराष्ट्र मन्त्रालयमा वरिष्ठ उपसचिवमा बढुवा गरी कामको जिम्मेवारी दिइयो। उनले आफ्नो जिम्मेवारी अक्षरशः पूरा गर्दै संयुक्त राष्ट्र संस्था, नेपाल विश्वसम्बन्ध परिषद्, नेपाल अन्तर्राष्ट्रिय आर्थिक विकास केन्द्र जस्ता संस्थाको सदस्य भई काम गरेका थिए।[१०९]

विष्णुप्रसाद धितालालाई २०२६ सालको अन्त्यतिर सचिव पदमा बढुवा गरी उद्योग वाणिज्य मन्त्रालयको जिम्मेवारी दिइयो।[११०] यस मन्त्रालयमा रहँदा उनले वीरगन्ज चिनी कारखाना, कृषिऔजार कारखाना, कृषि सामग्री संस्थान, रघुपति जुटमिल, जनकपुर चुरोट कारखाना आदि औद्योगिक संस्थाहरूको अध्यक्षता गरी नेपालको औद्योगिक क्षेत्रको विकास गर्दै रोजगारीमा वृद्धि गराएका थिए।[१११] उनी २०२६ सालमा कृषि तथा सिँचाइ मन्त्रालयमा सचिवको पदमा सरुवा भए। उनले २०२७ सालमा राजीनामा दिई सरकारी प्रशासनिक सेवाबाट अवकाश लिएका थिए।[११२]

१०७ ऐजन।
१०८ ऐजन।
१०९ ऐजन।
११० ऐजन।
१११ ऐजन।
११२ ऐजन।

### २.८.१.२ विदेशमा

विष्णुप्रसाद धितालले स्वदेश तथा विदेशका विभिन्न सङ्घसंस्थामा बसेर काम गर्ने मौका प्राप्त गरेका थिए।[११३] उनी अन्तर्राष्ट्रिय क्षेत्रमा पनि प्रसिद्ध थिए। उनलाई तत्कालीन बेलायत सरकारले छात्रवृत्ति प्रदान गरी उनले लन्डन विश्वविद्यालयबाट अर्थशास्त्रमा एम.एस्सी. गरेका थिए। त्यस बेलादेखि नै यिनको बेलायत सरकारसँग सम्बन्ध रहेको पाइन्छ। तथ्याङ्क विभागमा काम गरिरहेको समयमा संयुक्त राष्ट्रसङ्घको रोमस्थित विश्व खाद्य संस्थामा २०१६ सालमा सङ्ख्याविज्ञान अधिकृतको रूपमा काम गर्ने मौका पाए।[११४] वि.सं. २०१७ सालदेखि २०२० सालसम्म विश्व खाद्य कृषि सङ्गठनमा प्रोग्रामिङ एन्ड अपरेसन्स अफिसर र प्लानिङ अफिसरको रूपमा काम गरे।[११५] उनीसँग भएको ज्ञान र लगावले नै उनले विश्वका कुनाकुनामा गएर काम गर्ने अवसर पाएका हुन्।[११६] २०२७ सालमा नेपालको सरकारी सेवाबाट अवकाश प्राप्त गरेपछि उनले २०२८ सालदेखि २०३३ सालसम्म विश्व खाद्य कार्यक्रमको इमर्जेन्सी युनिटको प्रमुख भएर काम गरे।[११७] यस संस्थामा रहँदा धितालले विश्वका विभिन्न मुलुकहरूको भ्रमण गरी त्यहाँको आर्थिक, सामाजिक एवं शैक्षिक अवस्थाको बारेमा राम्ररी ज्ञान हासिल गर्ने अवसर प्राप्त गरेका थिए। विकसित मुलुकको

---

[११३] भान्जा गौतम न्यौपानेबाट प्राप्त जानकारी।
[११४] जनार्दन ढकाल र अन्य, "व्यक्ति परिचय", **गोरखा परिचय**, पूर्ववत्।
[११५] ऐजन।
[११६] ऐजन।
[११७] ऐजन।

सामाजिक परिवेश र त्यस ठाउँका नागरिकको चेतनाको स्तर देखेर उनी छक्क पर्दथे।[११८]

विष्णुप्रसाद धितालले २०३९ सालदेखि २०४० सालसम्म एसिया प्यासिफिक विभागको प्रमुख तथा वरिष्ठ सल्लाहकार भएर क्षेत्र्ीय विकासको FAO मा काम गरेका थिए।[११९]

समग्रमा मूल्याङ्कन गर्दा विष्णुप्रसाद धिताल नेपालका एक कुशल प्रशासक तथा नेपाललाई अन्तर्राष्ट्रिय समुदायमा चिनाउने कुशल प्रशासक व्यक्तित्व थिए।[१२०] आफ्नो जीवनको झन्डै चार दशक जति समय उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रको प्रशासनिक जीवनमा बिताएको देखिन्छ। उनको प्रशासनिक समयमा देशको आर्थिक उन्नति गर्न र अन्तर्राष्ट्रिय क्षेत्रमा मानव समुदायको रक्षा र संरक्षण कार्यमा व्यतीत भएको देखिन्छ।[१२१] त्यसैले उनको जीवनको धेरै समय प्रशासनिक सेवामा नै खर्चिएको थियो।

## २.८.२ सामाजिक सेवा

विष्णुप्रसाद धिताल संयुक्त पारिवारमा जन्मेहुर्केका र समाजमा हुनेखाने परिवारको सदस्य थिए। उनमा सानैदेखि मानव सेवा र आफ्नो समुदायको उन्नतिको लागि केही काम गर्नुपर्छ भन्ने भावना रहेको थियो।[१२२] कुनै पनि काम योजनाबद्ध ढङ्गले हुनुपर्छ, आफूलाई कति

[११८] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी ।
[११९] जनार्दन ढकाल र अन्य, "व्यक्ति परिचय", **गोरखा परिचय**, पूर्ववत्।
[१२०] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी ।
[१२१] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
[१२२] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।

हात पर्छ भन्दा पनि समुदाय वा देश कसरी लाभान्वित हुन्छ भन्ने कुरामा हाम्रो ध्यान जानु जरुरी छ भन्ने उनको विचार थियो। मानव सेवा नै ठूलो धर्म हो।[१२३] मानवको हित हुने काम गर्नु नै पुण्य प्राप्त गर्नु हो। आफ्नो जीवनमा बचेको समय समाज सेवा र साहित्यिक उत्थानमा लगाउनुपर्छ भन्ने कुरा दरबार हाइस्कुल र त्रिचन्द्र कलेजमा अध्ययन गरेको समयमा उनी कमलमणि दीक्षितलाई भन्ने गर्दथे।[१२४]

केरला विश्वविद्यालयमा एम. एस्सी. अध्ययन गरेको समयमा उनले नेपाली शिक्षा परिषद्लाई पत्र पठाएको र त्यस संस्थाको कार्य देखेर आफू ज्यादै खुसी भएको कुरा उल्लेख गरेका थिए। उनले देशको शैक्षिक उन्नतिमा नेपाली शिक्षा परिषद्को सदस्यको रूपमा काम गरेका थिए।[१२५] जबसम्म मानिस शिक्षित हुन सक्दैन तबसम्म राज्यको विकास छिटो हुन सक्दैन भन्ने उनको भनाइ थियो।[१२६] यसबाट के स्पष्ट हुन्छ भने शैक्षिक एवं साहित्यिक सुधारमा उनको ठ्ूलो चाख एवं सद्भाव रहेको पाइन्छ।

उनी २०४७ सालमा संयुक्त राष्ट्रसङ्घको जागिरबाट सेवा निवृत्त भएपछि उनको बाँकी जीवन समाज सेवामा नै व्यतीत भयो।[१२७] उनले अन्तर्राष्ट्रिय समुदायमा करिब २४ वर्षसम्म जागिरे जीवन बिताएका र करिब ५० वटा देशहरूको भ्रमण गरेका थिए। उनले विदेशमा रहँदा त्यहाँको सामाजिक, सांस्कृतिक एवं शैक्षिक अवस्था र परिवर्तनको प्रत्यक्ष

---

[१२३] ऐजन।
[१२४] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
[१२५] रमा शर्मा, "श्रद्धासुमन", **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. १४३।
[१२६] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
[१२७] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।

अवलोकन गर्न पाएका थिए।[१२८] उनले सोही अनुभवको आधारमा नेपालको सामाजिक उन्नतिको लागि साम ूहिक सहभागिताको खाँचो रहेको बुझ े। उनी २०४७ सालमा सामाजिक सेवा समन्वय समितिको (योजना तथा म ूल्याङ्कन) सदस्य पदमा रहेर समाजसुधार सम्बन्धी कार्यक्रममा संलग्न भए।[१२९] त्यसैगरी अन्तर्राष्ट्रिय स्तरमा विभिन्न क्लबहरूले पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गरी रोटरी क्लब अफ पाटनमा २०४७ सालदेखि मृत्युपर्यन्त त्यस संस्थाको सदस्य भएर काम गरेका थिए।[१३०] पाटन रोटरी क्लबको विकासमा पाटन क्षेत्रका बौद्धिक व्यक्तित्वहरूलाई सहभागी गराउन र निःस्वार्थ भावले समाज सेवामा सरिक गराउन उनको ठ ूलो योगदान रहेको पाइन्छ।[१३१] उनले मानव सेवाका लागि सुख्खाग्रस्त राहत समितिको अध्यक्ष भएर २०४८ सालमा राष्ट्रिय स्तरमा नै सामाजिक सेवा प्रदान गरेका थिए। उनले देशमा उत्पन्न खाद्य अभावको उचित व्यवस्थापन गरी जिल्ला र स्थानीय तहका बीच समन्वय गरी भोकमरी प ीडित जनतालाई राहत सामग्री उपलब्ध गराई मानव समुदायको प्राण रक्षा गर्ने कार्य गरेका थिए।[१३२]

अर्क ोतर्फ विष्णुप्रसाद धिताल सा ंस्कृतिक एवं धार्मिक सुधारक पनि थिए।[१३३] उनले देवघाट क्षेत्र विकास समितिको अध्यक्ष भएर देवघाटको धार्मिक स्थलको उचित व्यवस्था मिलाएका थिए। हिन्दुहरूको

---

[१२८] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[१२९] जनार्दन ढकाल र अन्य, "व्यक्ति परिचय", **गोरखा परिचय**, प ूर्ववत्।
[१३०] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
[१३१] ऐजन।
[१३२] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[१३३] ऐजन।

पवित्र तीर्थस्थल मानिने देवघाटको संरक्षण तथा वृद्धवृद्धाको उचित रेखदेखको पनि व्यवस्था मिलाएका थिए।[१३४] त्यसैगरी उनले सर्वाङ्गीण विकास अध्ययन केन्द्र (आई.आई.डि.एस.) बानेश्वरको उपाध्यक्ष पदमा रही करिब १० वर्षसम्म देशको सामाजिक सुधार एवं मानव सेवा सम्बन्धी विभिन्न नीतिहरूको निर्माण गर्दै सधैँ मानव समुदायको हितमा वकालत गरेका थिए।[१३५] उनी समाज विकास तथा अनुसन्धान केन्द्र (सिकोडर) को प्रमुख संरक्षक भएर विभिन्न सामूहिक योजनाहरू बनाए। यसबाट लघुवित्त योजना, ग्रामीण बजार व्यवस्थापन, सामूहिक लघु उद्योग स्थापना तथा स्थानीय स्तरका जनताको आयआर्जन वृद्धि गर्ने काममा उनले ठूलो योगदान पुऱ्याएका छन्।[१३६] गोरखा, नुवाकोट, तनहुँ, चितवन र पाल्पामा सञ्चालित विभिन्न कार्यक्रमहरूमार्फत महिला जागरण र आयआर्जन विकासमा सहयोग पुऱ्याउन सिकोडर नेपाल सफल भएको छ। यी कार्यक्रम विष्णुप्रसाद धितालको अनुभव र सल्लाहमा सञ्चालित कार्यक्रम हुन्।[१३७]

विष्णुप्रसाद धिताल नेपाली भाषा-साहित्यलाई सदा माया गर्ने व्यक्ति हुन्।[१३८] नेपालको साहित्यिक इतिहासमा जगदम्बा प्रेस र मदन पुरस्कार गुठीको ठूलो महत्त्व छ। धितालले बाल्यावस्थादेखि नै नेपाली साहित्य लेखनतर्फ उन्मुख रहेर नेपाली भाषा-साहित्यको विकास र संरक्षणमा निकै

[१३४] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[१३५] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[१३६] गोविन्दप्रसाद धितालबाट प्राप्त जानकारी।
[१३७] ऐजन।
[१३८] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।

ठुलो सहयोग पुऱ्याएका छन्।[139] उनी २०४९ सालदेखि मदन पुरस्कार गुठीको सदस्य सचिव बने। उनले आफ्नो प्रौढावस्थामा पनि ठूलो उत्साह र जोसका साथ काम गर्दथे।[140] उनी शिक्षाप्रेमी थिए। उनले देशको शैक्षिक स्तर माथि उकास्न र ग्रामीण क्षेत्रमा शिक्षाको ज्योति पुऱ्याउन गोरखा जिल्लाको ज्ञानज्योति मा.वि.मा कक्षा ९ र १० बाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थ ीलाई 'ललितादेवी' पुरस्कारको व्यवस्था गरेका छन्।[141] त्यसैगरी 'अन्तर्राष्ट्रिय सम्बन्ध' विषयमा स्नातकोत्तर तहमा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीलाई 'ललिताकुमारी पदक'को व्यवस्था गरेका छन्।[142]

समग्रमा विष्णुप्रसाद धिताल प्रारम्भमा सरकारी जागिरतर्फ लागे पनि जीवनको केही वर्ष सामाजिक सेवकको रूपमा रहे। यिनै कामका आधारमा नेपाली साहित्यको सेवा तथा विभिन्न धार्मिक एवं सामाजिक सेवा सुधारमा अग्रणी भूमिका निर्वाह गर्ने एक सफल बुद्धिजीवीको रूपमा उनको म ूल्याङ्कन गरिनुपर्दछ।

### २.८.३ संस्थागत संलग्नता

विष्णुप्रसाद धितालले वि.सं. २०१० सालमा कृषि अनुसन्धान सहायक पदमा  कृषि विभागबाट आफ्नो जागिरे जीवनको सुरु गरेका थिए।[143] २०१५ सालमा अर्थ मन्त्रालयको आय विभागमा सहायक सचिवको रूपमा काम गर ्दा धिताल बचत संस्थान र नेपाल राष्ट्र बैङ्क, नेपाल राष्ट्रिय

---

[139] ऐजन।

[140] कमलमणि दिक्षितबाट प्राप्त जानकारी।

[141] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।

[142] ऐजन।

[143] जनार्दन ढकाल र अन्य, "व्यक्ति परिचय", **गोरखा परिचय**, पूर्ववत्।

वाणिज्य बैङ्कको निर्देशक समितिको सदस्यको रूपमा संलग्न थिए।[१४४] यसै समयमा धितालले नेपाल राष्ट्र बैङ्क ऐनको तर्जुमा तथा सरकारी ठेक्कापट्टा सम्बन्धी नयाँ नीति निर्माण गरी लागू गरेका थिए।[१४५]

विष्णुप्रसाद धिताल २०१६-२०१७ सालमा तथ्याङ्क विभागको निर्देशक पदमा रहेर काम गरेको बेला नेपालका तर्फबाट भारत व्यापार तथा वाणिज्य सन्धि समितिको सदस्य सचिव भएर नेपाल र भारत बीचको व्यापार व्यवसायको विकास र विस्तारमा टेवा पुऱ्याएका थिए।[१४६] त्यतिबेला उनी नेपालको वाणिज्यदूत भएर काम गरेका थिए।[१४७] विष्णुप्रसाद धितालले २०२३-२०२६ सालसम्म परराष्ट्र मन्त्रालयको वरिष्ठ सहसचिव पदमा रहेर काम गरेका थिए।[१४८] यस समयमा उनले युनेस्कोको निमित्त राष्ट्रिय आयोग, संयुक्त राष्ट्रसंस्था, नेपाल विश्व खाद्य सम्बन्ध परिषद् तथा नेपाल अन्तर्राष्ट्रिय परिषद् संस्थाको सदस्यको रूपमा रहेर अन्तर्राष्ट्रिय सम्बन्ध सुधार तथा विकासमा सहयोग पुऱ्याएका थिए।[१४९]

विष्णुप्रसाद धितालले २०२७-२०२८ सालसम्म उद्योग वाणिज्य मन्त्रालय र कृषि खाद्य मन्त्रालयको सचिव भएर काम गरेका थिए।[१५०] उद्योग वाणिज्य मन्त्रालयमा सचिव पदमा रहँदा उनले वीरगन्ज चिनी कारखाना, शाही नेपाल वायु सेवा निगमको निर्देशक, रघुपति जुटमिल,

---

१४४ भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
१४५ हिमालय शमशेर राणा, पूर्ववत्।
१४६ भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
१४७ ऐजन।
१४८ जनार्दन ढकाल र अन्य, "व्यक्ति परिचय", **गोरखा परिचय**, पूर्ववत्।
१४९ भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी ।
१५० जनार्दन ढकाल र अन्य, "व्यक्ति परिचय", **गोरखा परिचय**, पूर्ववत्।

जनकपुर चुरोट कारखाना, आदि उद्योगहरूको अध्यक्ष भई औद्योगिक विकास र स्थापनामा राम्रो व्यवस्था मिलाएका थिए।[१५१] त्यतिबेला नेपालको उद्योगबाट उत्पादित चिनी, चुरोट, चिया आदि विदेश पैठारी हुन्थ्यो। उनी कृषि खाद्य मन्त्रालयमा रहँदा कृषि विकास बैङ्क, कृषि सामग्री संस्थान र कृषिऔजार कारखानाको अध्यक्ष बनेका थिए।[१५२] कृषि उत्पादनलाई प्रभावकारी तुल्याउन उनी विभिन्न राष्ट्रिय योजनाहरूको निर्माणमा सहभागी बनेका थिए।[१५३]

विभिन्न स्वदेशी सङ्घसंस्थाको अतिरिक्त विष्णुप्रसाद धिताल विदेशी अन्तर्राष्ट्रिय स्तरका ख्यातिप्राप्त सङ्घ संस्थामा पनि संलग्न रहेको देखिन्छ।[१५४] २०१६ सालदेखि २०१७ सालसम्म उनी विश्व खाद्य कृषि कार्यक्रमको संख्या विज्ञान अधिकृत पदमा रहेर काम गरेका थिए।[१५५] त्यसैगरी २०१७ सालदेखि २०२० सालसम्म करिब तीन वर्ष विश्व खाद्य कार्यक्रममा प्रोग्रामिङ अफिसरको रूपमा काम गरेका थिए।[१५६] साथै २०२० सालदेखि २०२३ सालसम्म रोममा विश्व खाद्य कार्यक्रमको प्लानिङ अफिसरको रूपमा काम गरे।[१५७] यस समयमा उनले नेपाललाई FAO; ESCAP जस्ता सङ्घसंस्थामा नेपालको सक्रिय प्रतिनिधित्व गर्नाका साथै FAO को साधारण सभामा नेपाललाई त्यस संस्थाको कार्यकारिणी समितिमा

---

१५१ भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
१५२ ऐजन।
१५३ भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
१५४ ऐजन।
१५५ जनार्दन ढकाल र अन्य, "व्यक्ति परिचय", **गोरखा परिचय**, पूर्ववत्।
१५६ ऐजन।
१५७ जनार्दन ढकाल र अन्य, "व्यक्ति परिचय", **गोरखा परिचय**, पूर्ववत्।

छनाएका थिए।[१५८] २०२७ सालमा नेपालको सराकारी जागिरबाट अवकाश प्राप्त गरेपछि विष्णुप्रसाद धिताल २०२८ सालदेखि २०३१ सालसम्म फेरि विश्व खाद्य कृषि सङ्गठनमा व्यापार तथा मूल्याङ्कन प्रमुखको रूपमा काम गरेका थिए।[१५९] २०३२ सालदेखि २०४७ सालसम्म उनी इमर्जेन्सी युनिटको प्रमुख भएर विश्वका विभिन्न देशका प्राकृतिक प्रकोप तथा युद्धका कारण उत्पन्न खाद्य अभावको परिपूर्तिमा महत्त्वपूर्ण योगदान प्रदान गर्ने काम गरेका थिए।[१६०] २०४८ सालदेखि २०५० सालसम्म उनले एसिया प्यासिफिक विभागका प्रमुख तथा क्षेत्रीय कार्यक्रम विकास विभाग FAO को वरिष्ठ सल्लाहकारको रूपमा काम गरेका थिए।[१६१] उनले विभिन्न संस्थामा रहँदा राष्ट्रिय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्तरका तालिम केन्द्र वा सम्मेलन इत्यादिको व्यवस्था मिलाउने, सञ्चालन गर्ने, रिपोर्ट तयार पारी विभिन्न सरकारसँग छलफल गर्ने काममा लामो अनुभव बटुलेका थिए।[१६२]

संयुक्त राष्ट्र सङ्घको विश्व खाद्य कार्यक्रमबाट सेवा निवृत्त भएपछि उनले विभिन्न सामाजिक सङ्घसंस्थामा संलग्न भई सामाजिक सेवा गरेका थिए।[१६३] २०४७ सालमा सामाजिक सेवा समन्वय समितिको सदस्य भएर उनले सामाजिक कार्य सुरु गरेका थिए।[१६४] त्यसैगरी २०४७ सालदेखि २०४९ सालसम्म सुख्खाग्रस्त राहत समितिको अध्यक्ष भएर सामाजिक

---

१५८ ऐजन।
१५९ ऐजन।
१६० जनार्दन ढकाल र अन्य, "व्यक्ति परिचय", **गोरखा परिचय**, पूर्ववत्।
१६१ ऐजन।
१६२ गोविन्द धितालबाट प्राप्त जानकारी।
१६३ भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
१६४ ऐजन।

सुधारका काम गरेका थिए।[१६५] उनले २०४९-२०५० सालमा देवघाट क्षेत्र विकास समितिको अध्यक्ष भएर आध्यात्मिक एवं धार्मिक विकासमा सक्दो योगदान पुऱ्याएका थिए।[१६६] उनले २०५० सालदेखि २०६० सालसम्म मदन पुरस्कार गुठीको सदस्य सचिव भएर लामो समयसम्म साहित्यिक उन्नतिमा सहयोग पुऱ्याएका थिए।[१६७] कमलमणि दीक्षितसँगको सम्पर्कका कारण ८० वर्षको उमेरमा पनि सचिवजस्तो पदमा रहेर साहित्यको सिर्जना र संरक्षणमा सहयोग पुऱ्याएका थिए।[१६८] यसको अतिरिक्त रोटरी क्लब अफ पाटन, साल्ट ट्रेडिङ कर्पोरेसन तथा अन्य विभिन्न सामाजिक सङ्घसंस्थाको संरक्षक एवं सल्लाहकारको पदमा रहेर उनी आबद्ध संस्थाको उन्नति र विकासमा महत्त्वपूर्ण सल्लाह र सुझावहरू उपलब्ध गराएका थिए।[१६९]

समग्रमा विष्णुप्रसाद धिताल स्वदेश तथा विदेशमा एक प्रभावशाली बुद्धिजीवीको रूपमा परिचित थिए।[१७०] उनी जुन जुन सङ्घसंस्थामा संलग्न भए ती सम्पूर्ण संस्थाको विकास भएको पाइन्छ। यस दृष्टिबाट उनी सफल प्रशासक तथा कुशल कुटनीतिज्ञ थिए भन्न सकिन्छ।

## २.९ भ्रमण

---

१६५ ऐजन।
१६६ भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
१६७ कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
१६८ ऐजन।
१६९ भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
१७० भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।

विष्णुप्रसाद धितालले आफ्नो सरकारी जागिरे जीवनको समयमा कार्यालयको कामको सिलसिलामा नेपाल अधिराज्यका विभिन्न स्थानको भ्रमण गरेका थिए।[१७१] उनले राज्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कनको सिलसिलामा अन्तर्राष्ट्रिय तहका करिब ५० वटा मुलुकको भ्रमण गरेका थिए।[१७२]

विष्णुप्रसाद धितालले २००० सालमा छिमेकी राष्ट्र भारतमा संस्कृत साहित्यको शास्त्री तहको अध्ययनको सिलसिलामा बनारसको भ्रमण गरेका थिए।[१७३] त्यसैगरी उनले २००६ सालमा बी.ए. तहमा प्रेसिडेन्सी कलेज कलकत्ता विश्वविद्यालयमा अध्ययन गर्दा भारतको कलकत्ता र २०१० सालमा केरला विश्वविद्यालयमा अध्ययन गर्दा दक्षिण भारतको भ्रमण गर्ने मौका प्राप्त गरेका थिए।[१७४] वि.सं. २०१४ सालमा आय विभाग, अर्थमन्त्रालयमा सहायक सचिवमा कार्यरत हुँदा प्रथमपटक उनले लन्डन स्कुल अफ इकोनोमिक्स, लन्डन विश्वविद्यालयबाट छात्रवृत्ति प्राप्त गरी अर्थशास्त्र विषयमा एम.एस्सी. गरेका थिए।[१७५] यस समयमा उनले प्रथमपटक विश्वको अति विकसित राष्ट्र बेलायतको लन्डनको भ्रमण गरेका थिए।[१७६]

२०१६ सालमा नेपालको तर्फबाट संयुक्त राष्ट्र सङ्घको रोमस्थित विश्व खाद्य कृषि कार्यक्रममा संख्या विज्ञान अधिकृतको रूपमा प्रथमपटक

---

[१७१] ऐजन।
[१७२] ऐजन।
[१७३] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[१७४] ऐजन।
[१७५] अङ्गुरबाबा जोशी, "श्री विष्णुप्रसाद धितालजीको सम्झनामा", **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. ३१।
[१७६] ऐजन।

इटालीको भ्रमण गरेका थिए।[१७७] २०१७ सालदेखि २०२३ सालसम्म इटालीको रोममा अपरेसन अफिसर तथा प्लानिङ अफिसर पदमा विश्व खाद्य कार्यक्रममा रहँदा संयुक्त राष्ट्र सङ्घीय संस्थामा कार्यरत अधिकृतको हैसियतले श्रीलङ्का, माल्दिभ्स, भुटान, थाइल्यान्ड, पाकिस्तान, लाओस, कम्बोडिया, भियतनाम, जापान आदि देशको पटकपटक भ्रमण गर्ने अवसर पाएका थिए।[१७८] २०२८ सालदेखि २०४९ सालसम्म करिब २१ वर्ष विश्व खाद्य कार्यक्रमको एसिया प्यासिफिक विभागको प्रमुख र इमर्जेन्सी युनिटको प्रमुख पदमा रहेर काम गर्दा फिलिपिन्स, श्रीलङ्का, फ्रान्स, अमेरिका, अफगानिस्तान, जेनेभा, स्विजरल्यान्ड लगायत विश्वका अन्य विभिन्न देशहरूको भ्रमण गरेका थिए।[१७९] उनले संयुक्त राष्ट्र सङ्घको विश्व खाद्य कार्यक्रमअन्तर्गत सञ्चालन गरिएका वा विश्व खाद्य कृषि सङ्गठनका सम्पूर्ण राज्यहरूको प्रायः भ्रमण गरेका थिए।[१८०]

विष्णुप्रसाद धितालले गरेका यस प्रकारका भ्रमण कतिपय सहयोगात्मक, कतिपय अनुसन्धानात्मक उद्देश्यका लागि भएका छन् भने कतिपय सञ्चालित कार्यक्रमहरूको मूल्याङ्कन र अन्तर्क्रियात्मक उद्देश्यका लागि भएको पाइन्छ। कतिपय भ्रमण विशुद्ध यात्राका लागि पनि छन्।[१८१] यिनले गरेका स्वदेश तथा विदेशको भ्रमणको सिलसिलामा त्यहाँको प्राकृतिक सौन्दर्य, आधुनिक विकासका दृश्यावलोकन गर्ने, भाषा र

---

[१७७] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[१७८] कमलमणि दीक्षित, "श्री विष्णुप्रसाद धितालसँगको मेरो सम्बन्ध", **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. २६।
[१७९] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[१८०] ऐजन।
[१८१] ऐजन।

सांस्कृतिक पक्षको अध्ययन गर्ने र त्यसैका आधारमा विभिन्न योजना तथा मूल्याङ्कन गर्ने गरेको पाइन्छ।[१८२] समग्रमा उनले आफ्नो स्वदेश तथा विदेशको जागिरको समयमा विश्वका धेरै मुलुकको भ्रमण गरेको देखिन्छ।

## २.१० सम्मान एवं पुरस्कार

आफ्नो जीवनको अधिकांश समय प्रशासनिक कार्यक्रम, साहित्य साधना र सामाजिक सेवामा संलग्न रही राष्ट्र सेवामा समर्पित गर्ने विष्णुप्रसाद धिताललाई २००१ सालको एस.एल.सी.मा सर्वोत्कृष्ट विद्यार्थीको रूपमा स्वर्ण पदकद्वारा सम्मानित गरिएको थियो।[१८३] लामो समयसम्म सरकारी सेवामा कार्यरत धितालले केरला विश्वविद्यालयमा एम.एस्सी. अध्ययन गरिरहेको समयमा शिक्षा प्रचारिणी समिति दार्जिलिङद्वारा आयोजित निबन्ध प्रतियोगितामा उनले प्रथम स्थान हासिल गरेका थिए। सोही प्रतियोगितामा प्रथम भएबापत २०१० सालमा उनलाई नगद पुरस्कार तथा कदरपत्रद्वारा सम्मान गरिएको थियो।[१८४]

यसैगरी गोरखा जिल्लामा जन्मेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा, समाजसेवा, शिक्षा, स्वास्थ्य, पर्यटन, पर्वतारोहण आदि क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने कुशल व्यक्तित्वहरूलाई गोरखा समाज सेवा केन्द्र,

---

[१८२] ऐजन।
[१८३] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[१८४] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।

काठमाडौँले २०५९ सालमा उनलाई सामाजिक सेवकको रूपमा दोसल्ला तथा कदरपत्र प्रदान गरी सम्मान गरेको थियो।[१८५]

विष्णुप्रसाद धितालले स्वदेशका अतिरिक्त विदेशमा समेत महान् कार्यहरू गरेका थिए।[१८६] उनी विश्व खाद्य कृषि सङ्गठनका कुशल कार्य गर्ने व्यक्ति थिए। नेपालबाट अर्थशास्त्र विषयमा एम.एस्सी. गर्ने प्रथम नेपाली विष्णुप्रसाद धिताल हुन्।[१८७] त्यसैले उनलाई बेलायतको रोयल इकोनोमिकल सोसाइटीको आजीवन सदस्य पदद्वारा सम्मानित गरिएको थियो।[१८८] साथै बेलायतको रोयल स्टाटिस्टिकल सोसाइटीको सदस्य तथा हेगस्थित इन्टरनेसनल निर्वाचित सदस्यको रूपमा सम्मानित गरिएको थियो।[१८९]

विष्णुप्रसाद धितालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा दिएको योगदान र गरेको महत्त्वपूर्ण कार्यअनुरूप अझै उनको उच्च कदर एवं सम्मान हुन सकेको देखिँदैन।[१९०] तर पनि उनको वास्तविक सम्मान भन्नु नै उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको सामाजिक सुधारले समाजमा पारेको सकारात्मक परिवर्तन हो। साथै नेपाली जनताले उनीप्रति गर्ने श्रद्धाभाव नै उनको वास्तविक सम्मान हो।

## २.११ धारणा/मान्यता

---

[१८५] जनार्दन ढकालबाट प्राप्त जानकारी।
[१८६] भान्जा गौतम न्यौपानेबाट प्राप्त जानकारी।
[१८७] ऐजन।
[१८८] जनार्दन ढकाल र अन्य, "व्यक्ति परिचय", **गोरखा परिचय**, पूर्ववत्।
[१८९] ऐजन।
[१९०] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।

आफ्नो जीवनभरि मानवसेवा, समाजसेवा, साहित्य, शिक्षाजस्ता विविध क्षेत्रमा सक्रिय विष्णुप्रसाद धितालका सम्बद्ध हरेक क्षेत्रका बारेमा आफ्ना मौलिक धारणा एवं मान्यताहरू रहेका छन्।[१९१] उनी धर्ममा हिन्दु धर्मावलम्बी भए तापनि कट्टर धर्मवादी मानिस होइनन्। उनको धारणाअनुसार मानवसेवा नै जीवनको ठूलो धर्म हो। उनी धर्मलाई मानव जीवनको दर्शन र मार्गचित्र मान्दथे।[१९२] धर्म भनेको मानवीय व्यवहार हो। मानवले आफ्नो जीवनमा गर्ने व्यवहार नै वास्तविक धर्म हो भन्ने उनको मान्यता रहेको पाइन्छ।[१९३]

विष्णुप्रसाद धिताल एक संस्कृतिप्रेमी पनि हुन्। उनी संस्कृतिलाई राष्ट्रको प्राण ठान्दथे।[१९४] संस्कृतिको विकासको अभावमा विदेशी संस्कृतिको नकारात्मक प्रभाव पर्न जाने र त्यसले गर्दा देशको सामाजिक एवं सांस्कृतिक विकासको गतिमा अवरोध हुन्छ भन्ने उनको सामाजिक मान्यता थियो।[१९५] देशको आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासबाट आधुनिक युगको थालनी हुन्छ भन्ने उनको धारणा थियो।[१९६] समाजको विकासको लागि मिश्रित संस्कृति हुनुपर्छ। सामाजिक छेकथुनको वातावरण हुनु हुँदैन। प्रत्येक जातिको धर्म, समुदाय र भाषाको सम्मानबाट नै राष्ट्रिय एकता सम्भव हुने र सोही एकताले राज्यले विकासको

---

१९१ भान्जा गौतम न्यौपानेबाट प्राप्त जानकारी।
१९२ ऐजन।
१९३ भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
१९४ कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
१९५ ऐजन।
१९६ ऐजन।

गति लिन्छ भन्ने उनको मान्यता थियो।[१९७] धर्मबाट सबै कार्यसिद्धि हुँदैन तसर्थ व्यक्ति स्वावलम्बी बन्नुपर्छ भन्ने उनको मान्यता थियो।[१९८]

विष्णुप्रसाद धिताल साहित्यलाई समाजको सुधार गर्ने एक मुख्य साधन ठान्थे।[१९९] साहित्यका माध्यमबाट समाजका पुराना विचार तथा कुसंस्कारको विनाश गर्न सकिन्छ। साहित्य मानव जीवनको ज्योति हो। यो अन्तरज्योतिपुञ्ज हुन्छ।[२००] यसको सञ्चालन गर्ने व्यक्ति वा समाज राम्रो हुन्छ भन्ने उनको धारणा रहेको पाइन्छ।[२०१] साहित्यबाट समाजको सुधारको आह्वान गर्नु उनको साहित्यिक अवधारणा भए तापनि उनको साहित्य लेखनमा प्रगतिवादिता र राष्ट्रप्रेमको भावना झल्कन्छ।[२०२] विकसित राज्यहरूले समाज सुधारमा लागु गरेका विकासवादी नीतिहरूलाई हाम्रो देशको भौगोलिक स्वरूपको आधारमा अनुसरण गर्नुपर्दछ भन्ने उनको धारणा रहेको थियो।[२०३] साहित्यमा मानवता, राष्ट्रियता र सौन्दर्यचेतना हुनुपर्छ भन्ने उनको मान्यता थियो।[२०४] नियमितता, परिश्रम, आत्मविश्वास मानव जीवनका सबल पक्षहरू हुन्। मानवको वास्तविक विकासका लागि यी तीन तत्त्वहरू अनिवार्य हुनुपर्छ

---

१९७ ऐजन।
१९८ भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
१९९ कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
२०० ऐजन।
२०१ ऐजन।
२०२ भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
२०३ ऐजन।
२०४ ऐजन।

भन्ने उनको धारणा थियो।[२०५] जुनसुकै सहयोग पनि परिणाममुखी हुनुपर्छ भन्ने उनको धारणा थियो।[२०६]

जीवनका अनेक पक्षमा आफ्ना मूल्य, मान्यता र अवधारणा अघि सार्ने विष्णुप्रसाद धिताल जीवनलाई क्रियाशील, सङ्घर्षपूर्ण, परिवर्तनगामी र उद्देश्यमूलक गन्तव्यको रूपमा हेर्थे।[२०७] उनका अनुसार जीवन सधैँ क्रियाशील रहनुपर्छ, मानिसका हरेक प्रयत्नहरू उत्पादनशील र सार्थक परिणाममुखी हुनुपर्छ।[२०८] विष्णुप्रसाद धितालको जीवनसम्बन्धी अवधारणा सबै खाले मानवीय दृष्टिकोण अटाउन सक्ने उदार र व्यापक थिए। ती सकारात्मक थिए।[२०९] उनी हरेक मानिसलाई उसभित्र अन्तर्निहित मौलिक विशेषताका आधारमा भिन्न रूपमा चिन्नुपर्छ भन्ने मान्यता राख्दथे।[२१०]

## २.१२ शारीरिक अस्वस्थता

आफ्नो शारीरिक अवस्था र खानपान सम्बन्धी विशेष विचार राख्ने विष्णुप्रसाद धिताललाई सानैदेखि रुघा लाग्ने गर्दथ्यो।[२११] यसबाहेक उनी बाल्यकालदेखि नै स्वस्थ एवं शारीरिक रूपमा अति बलिया थिए।[२१२]

---

[२०५] भान्जा गौतम न्यौपानेबाट प्राप्त जानकारी।
[२०६] भान्जा गौतम न्यौपानेबाट प्राप्त जानकारी।
[२०७] गोविन्दप्रसाद धितालबाट प्राप्त जानकारी।
[२०८] ऐजन।
[२०९] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[२१०] ऐजन।
[२११] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[२१२] ऐजन।

पचास वर्षसम्म उनी शारीरिक रूपमा ज्यादै स्वस्थ थिए तर पछि २०३१ सालदेखि भने उच्च रक्तचापका रोगी भएका थिए।[२१३]

समयसमयमा उच्च रक्तचापका कारण बिरामी पर्ने विष्णुप्रसाद धिताल पचास वर्षको उमेरपछि मुटुको दीर्घरोगी बनेका थिए।[२१४] २०४५ सालमा लन्डन अस्पतालमा उनको मुटुको बाइपास सर्जरी गरिएको थियो।[२१५] त्यसपश्चात् उपचारको क्रममा भारतको अल इन्डिया मेडिकल इन्स्टिच्युट दिल्लीमा पटकपटक स्वास्थ्य परीक्षण गराएका थिए। मुटु र उच्च रक्तचापका दीर्घ रोगी बनेपछि उनले ललितपुरको श्रीदरबार टोलमा आफ्नी धर्मपत्नी विजयालक्ष्मीको प्रत्यक्ष रेखदेखमा जीवनका बाँकी दिनहरू बिताए।[२१६] उनी गर्मी मौसममा ललितपुर र चिसो मौसममा नवलपरासी जिल्लाको भेँडाबारीमा निर्मित आफ्नो चित्रकुट नामक घरमा बसोबास गर्ने गर्थे।[२१७] उनी २०५९ सालमा जाडो छल्ने क्रममा भेँडाबारी बस्न गएका बेला आफैले चलाएको गाडी विपरीत दिशाबाट आएको ट्रकमा ठोकिन पुगी ठुलो दुर्घटनामा परेका थिए।[२१८] यसको असरले उनको शरीरको देब्रे भाग अशक्त भएको थियो र बोल्न पनि नसक्ने भएका थिए। त्यसबेला उनी डा. उपेन्द्र देवकोटाको उपचारले निको पनि भए।[२१९] तर पनि उनी विभिन्न रोगबाट २०४५ सालपछि सङ्क्रमित भए।

२१३ भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
२१४ ऐजन।
२१५ ऐजन।
२१६ भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
२१७ ऐजन।
२१८ ऐजन।
२१९ ऐजन।

## २.१३ जीवनयात्राको अन्तिम वर्ष र मृत्यु

एकासी वर्षको प्रौढ उमेरमा पनि सधैँ सक्रिय बन्न चाहने विष्णुप्रसाद धितालालाई ५० वर्षको उमेरदेखि नै उच्च रक्तचापको समस्या थियो। आफ्ना सम्पूर्ण छोराछोरीहरूको विदेशको बसाइले गर्दा ललितपुरको श्रीदरबार टोलमा आफ्नी धर्मपत्नी विजयालक्ष्मीको प्रत्यक्ष रेखदेखमा आफ्नो जीवनको अन्तिम वर्ष बिताइरहेका धितालालाई अचानक २०६० साल मङ्सिर १२ गते मस्तिष्काघात भयो।[२२०] उनलाई मस्तिष्क घात हुनेबित्तिकै थापाथली स्थित नर्भिक अस्पतालमा भर्ना गरियो।[२२१] अचानक बेहोस हुन पुगेपछि उनका विदेशमा बसेका सम्पूर्ण परिवारलाई खबर गरियो।[२२२] सबै परिवार नेपाल आउनुअगावै नर्भिक अस्पतालका विशिष्ट चिकित्सक डा. उपेन्द्र देवकोटाले उनका छोराहरूसँग सल्लाह गरी मङ्सिर १४ गते उनको मस्तिष्कको शल्यक्रिया गरे।[२२३] उनलाई बचाउन अनेक उपचारका कार्यहरू भए।[२२४] आफ्ना पिता बिरामी भएको खबर पाएका धितालका सम्पूर्ण परिवार नेपाल आए र पिताको उपचारको लागि आवश्यक तारतम्य मिलाए।[२२५] अचानक बेहोस भएका धितालको मस्तिष्कको शल्यक्रियापश्चात् सुधारका सकारात्मक लक्षणहरू देखा पर्न थाले।[२२६] तर उनी बोल्न भने सक्दैनथे । पाइपबाट

---

[२२०] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[२२१] ऐजन।
[२२२] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
[२२३] ऐजन।
[२२४] ऐजन।
[२२५] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[२२६] रामबाबु अधिकारी, "मामाले बिर्सँदा ... मैले सम्झेको", **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. २५९।

विभिन्न तरल खाद्य पदार्थ खुवाइयो। परिवारमा बिस्तारै नयाँ आशा पलाउन थाल्यो र सबै परिवार खुसी हुन थाले।[२२७] थापाथली स्थित नर्भिक अस्पतालमा लामो समयसम्म अस्पतालको शय्यामा राखेर उपचार गराइयो।[२२८]

विष्णुप्रसाद धितालालाई मस्तिष्काघातको उपचारकै क्रममा अचानक २०६० साल चैत्र १० गते दिउँसो हृदयाघात भयो।[२२९] मस्तिष्कको शल्यक्रियापश्चात् बिस्तारै सन्चो बनेका धिताल र उनको स्वास्थ्य सुधारले आशावादी बनेका धितालका परिवारलाई फेरि निराशातर्फ उन्मुख बनायो।[२३०] एक्कासी हृदयाघात हुन पुगेका विष्णुप्रसाद धितालको २०६० साल चैत्र १२ गते अवसान भयो। उनको मृत्युले उनका सम्पूर्ण परिवार, इष्टमित्र एवं शुभचिन्तक साथीहरू दुःखित भए।[२३१]

विष्णुप्रसाद धितालको मृत्युले शोकविह्वल भएका अनेकौँ राष्ट्रिय तथा स्थानीय सङ्घसंस्था तथा धार्मिक संस्थाहरूले श्रद्धाञ्जली सभाको आयोजना गरे।[२३२] उनको मृत्युको खबर नेपालका सरकारी तथा निजी सञ्चार माध्यमहरूले प्रसार गर्दै देश र समाजका लागि धितालले पुऱ्याएको योगदानको स्मरण गरियो।[२३३] उनको यस प्रकारको निधनले राष्ट्रले एक

---

२२७ ऐजन।
२२८ ऐजन।
२२९ रामबाबु अधिकारी, "मामाले बिर्सेको ... मैले सम्झेको", पूर्ववत्, पृ. २५९।
२३० ऐजन।
२३१ भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
२३२ भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।
२३३ भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।

कुशल प्रशासक, एक प्रकाण्ड विद्वान्, एक समाजसेवी तथा योग्य साहित्य सर्जकको अवसान भयो।[२३४]

# २.१४ लेखन

## २.१४.१ लेखनका लागि प्रेरणा र प्रभाव

तत्कालीन नेपालको प्रारम्भिक शिक्षा नै संस्कृत रहेको र त्यसमा पनि विष्णुप्रसाद धिताल ब्राह्मण कुलमा जन्मेकाले यिनको अध्ययनको सुरुवात संस्कृत शिक्षाबाट भयो।[२३५] उनले सानै उमेरदेखि चण्डी, कौमुदी, वेद, शतक र अमरकोशको अध्ययन गरेका थिए भने कौमुदी र वेदका श्लोकहरू कण्ठस्थ सुनाउन सक्थे।[२३६] संस्कृतमै शिक्षा आरम्भ र संस्कृतका विभिन्न साहित्यिक पौराणिक कृतिहरूको अध्ययनको प्रेरणा र प्रभावले उनको संस्कृत साहित्यतर्फ बिस्तारै आकर्षण बढ्यो।[२३७] उनले संस्कृतमा छोटाछोटा श्लोकका कविता लेख्न थाले। यद्यपि यिनको संस्कृत भाषामा लिखित कुनै पनि रचना प्रकाशमा आएको पाइँदैन।[२३८] साहित्यमा परेको वेदान्त दर्शनको प्रभाव र स्नातक तहसम्म अध्ययन गरेको संस्कृत शिक्षाकै प्रेरणा स्वरूप उनी साहित्य लेखनतर्फ उन्मुख भएको पाइन्छ।[२३९]

---

[२३४] ऐजन।
[२३५] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[२३६] ऐजन।
[२३७] ऐजन।
[२३८] ऐजन।
[२३९] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।

विष्णुप्रसाद धितालको सार्वजनिक लेखनको आरम्भ 'एक विद्यार्थी दरबार हाइस्कुलको' नामबाट भएको पाइन्छ।[२४०] उनी माध्यमिक तहको अध्ययनको सिलसिलामा काठमाडौँ आएर दरबार हाइस्कुलमा अङ्ग्रेजी र संस्कृत दुवै विषयको अध्ययन गरेका थिए।[२४१] दरबार हाइस्कुलमा अध्ययन गर्दा त्यस स्कुलले आयोजना गर्ने विभिन्न साहित्यिक कार्यक्रममा तथा विशेष गरी स्वयम्भू स्थित सरस्वती मन्दिरमा सरस्वती पूजाको दिन गरिने विभिन्न साहित्यिक कार्यक्रमको प्रभाव उनलाई परेको थियो।[२४२] उनी त्रिचन्द्र कलेज र दरबार हाइस्कुलमा पढ्दा एक मेधावी विद्यार्थीका रूपमा परिचित थिए। उनलाई मोतीराम भट्टको 'मेघदूत'को विशेष प्रभाव परेको थियो।[२४३] नेपाली साहित्य लेखनमा यिनै कारणहरूले गर्दा उनी प्रवृत्त भएको पाइन्छ।

विष्णुप्रसाद धितालको निबन्ध लेखनमा आर्थिक विपन्नता, सामाजिक अन्याय, कुरीति, अन्धविश्वास विरुद्धको परिवर्तनकारी प्रगतिवादी चेतना प्रतिबिम्बित भएको पाइन्छ। यो विश्व समुदायमा देखा परेको नागरिक स्वतन्त्रता, प्रजातन्त्रको स्थापनासम्बन्धी मान्यता आदिको प्रभाव हो।[२४४] उनको साहित्यमा देखिने तत्कालीन ग्रामीण जनजीवनमा विद्यमान सामाजिक शोषण, गरिबी, अन्याय, अत्याचार, जातिगत भेदभाव, कुप्रथा र छुवाछुतसम्बन्धी गलत चिन्तन आदि विरुद्धको सचेत आग्रह तत्कालीन

---

२४० विष्णुप्रसाद धिताल, "चारपास", **कान्तिपुर** (९/२५६, २०५८), पूर्ववत्।
२४१ ऐजन।
२४२ ऐजन।
२४३ भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
२४४ कमलमणि दीक्षितबाट प्राप्त जानकारी।

नेपाली जनजीवनबाट प्राप्त गरेको प्रेरणा र प्रभाव हो।[२४५] उनको निबन्धमा देखिने विश्वबोध, कुरीति विरुद्धको आक्रोश, चिन्तनमननमा पनि नेपाली ग्रामीण सामन्ती शोषणको प्रवृत्ति तथा मानवीय विपत्ति र वेदान्त दर्शनकै प्रभाव हो।[२४६] उनका प्राप्त कविताहरूमा ग्रामीण समाजको वास्तविक अवस्था, प्राकृतिक सुन्दरता, जातीय उत्थान एवं मिश्रित सांस्कृतिक परम्पराको प्रभाव परेको देखिन्छ।[२४७]

विष्णुप्रसाद धिताल नेपाली संस्कृति र साहित्यका अध्ययनकर्ता हुन्। महाकवि लक्ष्मीप्रसाद देवकोटाको शिष्यका रूपमा त्रिचन्द्र कलेजमा अध्ययन गर्दा उनमा लक्ष्मीप्रसाद देवकोटाको विशेष प्रभाव परेको थियो।[२४८] त्यसैगरी उनलाई कविशिरोमणि लेखनाथ पौड्याल र नेपाली नाट्यसम्राट् बालकृष्ण सम, माधवप्रसाद घिमिरे, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित र विदेशी साहित्यकारहरूमा डुमा, भिक्टर ह्युगो, सेक्सपियर, भि.एस. नेप्पल र कार्ल मार्क्सको विशेष प्रभाव परेको थियो।[२४९] अर्कातर्फ आफ्नो जागिरे जीवनमा विश्वसमुदायमा आफूले देखेभोगेका सामजिक सुधार, विकासवादी मान्यता, विश्वव्यापी सोच आदिको उनमा प्रभाव परेको थियो।[२५०]

समग्रमा विष्णुप्रसाद धितालको साहित्य लेखनमा आफ्नै सामाजिक जीवन र तत्कालीन नेपालको सामन्ती परिवेश तथा पूर्वीय आध्यात्म

---

[२४५] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[२४६] ऐजन।
[२४७] कलानिधि दाहाल, "'नी' कवितासङ्ग्रहभित्र घोत्लिँदा", **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. ९५।
[२४८] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
[२४९] ऐजन।
[२५०] गौतम न्यौपाने, "एक व्यक्ति बहु व्यक्तित्व", **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. २२१।

दर्शनको प्रभाव परेको देखिन्छ।[२५१] उनको साहित्य लेखनको उद्देश्य जनचेतना जगाउने, विभिन्न कुप्रथा, जातिभेद र लिङ्गभेदसम्बन्धी प्रथाको अन्त्य गर्ने र सभ्य एवं विकसित राज्य निर्माणमा बल पुऱ्याउँदै स्वनिर्भर समाजको निर्माण गर्ने रहेको पाइन्छ।[२५२] उनले सबै जात, जाति, धर्म, संस्कृतिको संरक्षण गर्नु र आत्मिक सन्तुष्टिको लागि साहित्य लेखन गर्ने गरेका थिए।

## २.१४.२ साहित्य लेखनको आरम्भ र प्रकाशनको थालनी

विष्णुप्रसाद धितालले संस्कृत शिक्षा आरम्भ र त्यसका विभिन्न ग्रन्थहरूको अध्ययनसँगै औपचारिक साहित्य लेखनको आरम्भ गरेका थिए।[२५३] उनले दरबार हाइस्कुलमा छ-सात कक्षामा पढ्दादेखि नै कविता लेख्ने गरेको पाइन्छ।[२५४] तर यिनका कविता प्रकाशित नहुनु र सुरक्षित रूपमा राख्न नसक्नाले उनका प्रारम्भिक चरणका कविताहरू प्राप्त छैनन्।[२५५] साथै अरूको नामबाट कविता लेख्ने प्रवृत्तिले गर्दा पनि उनका प्रारम्भिक कालीन रचनाहरू प्राप्त छैनन्।[२५६]

विष्णुप्रसाद धितालले वि.सं. १९९५ सालदेखि नेपालीमा थुप्रै फुटकर कविताहरू लेखेका थिए।[२५७] ती चाहिँ उनले बिस्तारै आफ्नो नामबाट लेख्न र सङ्कलन गरी सुरक्षित राख्न थालेको पाइन्छ। तिनै

---

[२५१] गौतम न्यौपानेबाट प्राप्त जानकारी।
[२५२] कलानिधि दाहाल, पूर्ववत्।
[२५३] भाइ दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[२५४] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।
[२५५] ऐजन।
[२५६] भान्जा दिनेशप्रसाद धितालबाट प्राप्त जानकारी।
[२५७] ऐजन।

लेखरचनाहरूमध्ये १९९५ साल चैत्र ११ गते शुक्रबार नेपालबाट प्रकाशित हुने राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा 'कलिकाल' नामक कविता प्रकाशित भएको थियो।[२५८] यस कविताबाट नै उनको साहित्यिक यात्राको सुरुवात तथा सार्वजनिक लेखनको आरम्भ र प्रकाशनको थालनी हुन्छ। उनको दोस्रो कविता 'प्रेयसी' १९९८ सालमा 'शारदा'मा प्रकाशित भएको थियो।[२५९] उनले २००७ सालमा भारतबाट प्रकाशित हुने 'शिक्षा' पत्रिकामा 'त्रिरत्न' शीर्षक समालोचना लेखेर नेपाली साहित्यको गद्य लेखन सुरु गरेका थिए। यसमा उनले नेपाली साहित्यका लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल र बालकृष्ण सम त्रिरत्न हुन् भनी समालोचना गरेका थिए।[२६०] उनले भारतको केरला विश्वविद्यालय त्रिभाण्ड्रममा एम.एस्सी. अध्ययन गर्दा शिक्षाप्रचारिणी समिति दार्जिलिङद्वारा आयोजित निबन्ध प्रतियोगिताका लागि 'के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुनु असल होला?' शीर्षकको निबन्ध लेखेर नेपालीमा निबन्ध लेखन सुरु गरेका थिए। यस निबन्धले प्रथम स्थान प्राप्त गरेको थियो र यो २००९ सालमा 'भारत' पत्रिकामा प्रकाशित पनि भएको थियो।[२६१] त्यसैगरी विष्णुप्रसाद धितालको 'सान्नानी' कथा २००६ सालमा भारती पत्रिकामा प्रकाशित भएको पाइन्छ।[२६२] यो सान्नानी कथा साझा कथासङ्ग्रह प्रथम संस्करणमा सङ्गृहीत छ।

[२५८] **गोरखापत्र साप्ताहिक** (३८/८, १९९५ चैत्र ११ गते), पृ. ३।
[२५९] विष्णुप्रसाद धिताल, "प्रेयसी" **शारदा** (७/६, १९९८ असोज), पृ. ७।
[२६०] विष्णुप्रसाद धिताल, "त्रिरत्न" **शिक्षा भारती** (१/३, २००७), पृ. ८।
[२६१] विष्णुप्रसाद धिताल, "के नेपाली ... हुनु असल होला?" **भारत** (४/१, २००७), पृ. ११।
[२६२] विष्णुप्रसाद धिताल, "सान्नानी" **भारती** (१/१८, २००६), पृ. २९।

### २.१४.३ पुस्तकाकार कृतिहरू

विष्णुप्रसाद धितालले नेपाली साहित्य लेखन कार्य १९९५ सालतिर बाट गरेको पाइन्छ। उनले नेपाली भाषामा केही पुस्तकाकार तथा फुटकर लेख रचनाहरू लेखेका छन्। यिनले २००१/२००२ सालतिर बालकृष्ण समको 'भक्त भानुभक्त' नामक नाटकको समालोचनाग्रन्थ नेपाली भाषा प्रकाशिनी समितिले पुरस्कारसमेत अग्रिम प्रदान गरी छाप्न लगेको थियो।[२६३] त्यसपछि त्यो ग्रन्थ आन्तरिक के कारणले हो छापिएन र उक्त ग्रन्थ विष्णुप्रसाद धिताललाई फिर्ता पनि दिइएको थिएन।[२६४] त्यसपछि २००९ सालमा कलकत्ताबाट विष्णुप्रसाद धिताल र कमलमणि दीक्षितको संयुक्त लेखनमा 'कुञ्ज' कविता सङ्ग्रह प्रकाशित हुने तरखरमा रहेको तर प्रकाशित हुन नसकेको वा नभएको भन्ने कुरा कमलमणि दीक्षितले **नी** कविता सङ्ग्रहको भूमिका लेखनमा उल्लेख गरेका छन्।[२६५] यी कृतिहरू कहाँ कस्तो अवस्थामा छन् सोको खोजी अझै हुन सकेको छैन वा हाल प्राप्त छैनन् तर यिनका फुटकर लेखरचनाहरूको सङ्कलन गर्दा एउटा छुट्टै पुस्तकाकार कृतिको रूप लिन सक्छ।[२६६]

विष्णुप्रसाद धितालको प्रथम पुस्तकाकार कृति **नी** कवितासङ्ग्रह (२०५१) हो। उनको दोस्रो प्रकाशित कृति **अर्को नी** (२०६०) हो। उनको मृत्युपछि विभिन्न विद्वान् एवं आफ्ना इष्टमित्रहरूको विचारसहित उनको

---

[२६३] विष्णुप्रसाद धिताल, **नी** कवितासङ्ग्रह , "भूमिका", कमलमणि दीक्षित, (ललितपुर, जगदम्बा प्रेस, २०५१), पृ. ८।

[२६४] विष्णुप्रसाद धिताल, **अर्को नी** कवितासङ्ग्रह, "भूमिका", कमलमणि दीक्षित, (ललितपुर, आँखा प्रकाशन, २०६०), पृ. क।

[२६५] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।

[२६६] भान्जा रामबाबु अधिकारीबाट प्राप्त जानकारी।

सम्झनामा प्रकाशित कृति **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ** (२०६१) हो। उनका अन्य निबन्ध, कथा, कविता, समालोचना तथा विभिन्न लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन्। विभिन्न क्षेत्रमा व्यस्त रहेका कारण विष्णुप्रसाद धितालले आफ्नो क्षमताभन्दा ज्यादै थोरै कृतिहरू मात्र लेखेका छन्।

बहुआयामिक व्यक्तित्वका धनी विष्णुप्रसाद धितालले जीवनका अनेकौँ क्षेत्रसँग सम्बद्धता जनाएकाले लेखन कार्यमै पूर्णतः केन्द्रित हुन सकेनन्। उनलाई आफ्ना साथीहरूले, इष्टमित्रहरूले र परिवारजनले बेलाबेलामा पुस्तकाकार कृति लेख्न अनुरोध गर्दा पनि उनले त्यसतर्फ त्यति ध्यान दिन सकेनन्। तर उनले जति लेखेका छन् ती कृतिहरू त्यति नै गहन र महत्त्वपूर्ण छन्।

विष्णुप्रसाद धितालका प्रकाशित कृतिहरूको सूची यसप्रकार दिइएको छः

| **किताबको नाम** | **प्रकाशन स्रोत** | **प्रकाशन वर्ष** |
|---|---|---|
| **नी** कवितासङ्ग्रह | जगबदम्बा अफसेट प्रेस | २०५१<br>ललितपुर |
| **अर्को नी**<br>कवितासङ्ग्रह | आँखा स्वयंसेवी प्रकाशन<br>सङ्घ | २०६०<br>ललितपुर |

उनले आफ्नो जीवनमा त्यति धेरै पुस्तकाकार कृतिहरू लेखेको पाइँदैन तथापि उनका छरिएर रहेका लेख रचनारहरू सङ्कलन गरेर

छुट्टाछुट्टै रूपमा सानै भए पनि पुस्तकाकार कृति प्रकाशित गर्ने योजना रहेको बुझिन्छ।

## २.१४.४ प्रकाशित फुटकर लेखरचनाहरूको सूची

विष्णुप्रसाद धितालका १९९२/१९९३ सालदेखिका फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन्। ती लेखरचनाहरूको कालक्रमिक सूची तल दिइएको छ।

| शीर्षक | विधा | प्रकाशनस्रोत |
|---|---|---|
| 'सान्नानी' | कथा | **भारती** साहित्यिक पत्रिका, २००६, पृ. २९ |
| 'लाहुरे दाइ' | कथा | **भारती** साहित्यिक पत्रिका, २००६, पृ. २६ |
| 'त्रिरत्न' | समालोचना | **शिक्षा** पत्रिका भारत, २००७, पृ. ८ |
| 'नेपाली साहित्य' | समालोचना | **भारती** साहित्यिक पत्रिका, २००७, पृ. ४५२ |
| 'गोरखाली कि नेपाली' | समालोचना | **भारती** साहित्यिक पत्रिका, २००९, पृ. ६६ |
| 'के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुनु असल होला?' | निबन्ध | **भारती** साहित्यिक पत्रिका, २०१०, पृ. ११ |
| 'बैकुण्ठमा खाली ठाउँ छ' | कथा | **समुदाय** मासिक, २०५४, पृ. ४३ |

| | | |
|---|---|---|
| 'चारपास' | निबन्ध | **कान्तिपुर** दैनिक, २०५८, पृ. ३ |
| 'चारपास' (पर्यवसान) | निबन्ध | **कान्तिपुर** दैनिक, २०५८, पृ. ५ |
| 'छिरलिएका धुजा' | कथा | **हिमालय** छात्रसङ्घ मुखपत्र |

# तेस्रो परिच्छेद
# विष्णुप्रसाद धितालको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तित्व शब्दले व्यक्ति विशेषमा हुने वैयक्तिक क्षमता, विशेषता, गुण वा निजीपनलाई बुझाउँछ। कुनै पनि व्यक्तिको व्यक्तित्व उसले आफ्नो जीवन अवधिभरमा विभिन्न सकारात्मक एवं नकारात्मक कार्यहरू तथा जीवनका आरोह-अवरोह र जीवन भोगाइका आधारमा निरूपण गर्ने

गरिन्छ। कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा त्यस व्यक्तिको पारिवारिक, आर्थिक, सांस्कृतिक, सामाजिक एवं राजनैतिक पृष्ठभूमिले प्रमुख भूमिका निर्वाह गरेको हुन्छ। यिनका अतिरिक्त शिक्षादीक्षा, पेसा, रुचि, अनुभव, साथसङ्गत र जीवन जगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ। व्यक्तिको आन्तरिक र बाह्य गरी दुई किसिमको व्यक्तित्व हुन्छ। बाह्य व्यक्तित्व उसको रूपरङ, बनौट वा समग्र शारीरिक व्यक्तित्वसँग सम्बद्ध हुन्छ भने आन्तरिक व्यक्तित्व उसमा अन्तर्निहित स्वभाव, गुण, दोष र उसले आफ्नो जीवनमा गरेका महत्त्वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छ।

विष्णुप्रसाद धितालले १९७९-२०६० सालका बीचमा जम्मा एकासी वर्षको जीवनकालमा धेरै महत्त्वपूर्ण कार्यहरू गरे। नेपाली भाषा साहित्यको समुन्नतिको लागि केही हदसम्म योगदान गरे। त्यसै गरी प्रशासनिक एवं सामाजिक क्षेत्रमा अथक मेहनत गरे। उनले नेपाली राष्ट्र र राष्ट्रियताका लागि विभिन्न क्षेत्रहरूमा विशिष्ट कार्य गरेका छन्। उनको शारीरिक बनोट र उनले गरेका विविध कार्यहरूको आधारमा उनको बहुआयामिक व्यक्तित्व रहेको देखिन्छ। बहुआयामिक व्यक्तित्वका आधारमा उनको योगदानको पहिचान गर्न सकिन्छ। यहाँ उनका तिनै बहुआयामिक व्यक्तित्वका विभिन्न पक्ष र पाटाहरूको चर्चा गरिएको छ।

## ३.२ शारीरिक व्यक्तित्व

विष्णुप्रसाद धितालको शारीरिक व्यक्तित्व गोरो वर्ण, अलि हिसी परेको उज्यालो अनुहार, फराकिलो निधार, न मोटो न दुब्लो शरीर,

तिलचामले कपाल, विशिष्ट पहिरन र सानो मधुर, मिठो बोली बोल्ने, सालाखालामा खाइलाग्दो चिटिक्क परेको हेर्दा भद्र देखिने निकै प्रभावशाली र आकर्षक थियो।[२६७] उनी सानै उमेरदेखि दुब्लापातला थिए। अध्ययनको समाप्तिसँगै आफ्नो सरकारी जागिरे कार्यक्षेत्रमा प्रवेश गरेपछि उनको शारीरिक व्यक्तित्व अरू सरदर मान्छेको रूपमा विकसित भयो।[२६८] पछिल्लो समयमा उनको उचाइ ५.३ फिट र तौल ७० किलो जति थियो।[२६९] यसबाट उनको शारीरिक व्यक्तित्व एकदमै सुहाउँदो र ठिक्कको भएको थाहा पाउन सकिन्छ। उनको कपालका रौँ फुलेका थिए र फुलेको कपालमा तेल प्रयोग गर्थे।[२७०] उनी आफ्नो शारीरिक अवस्थाप्रति सधैँ सचेत रहन्थे। उनलाई पचास वर्षको अवधिसम्म कुनै रोगबाट सङ्क्रमित हुनु परेन। त्यसैले उनलाई कुनै कार्य गर्न असजिलो भएको वा शारीरिक असर परेको थिएन।[२७१] सरल, विनम्र, मृदुभाषी, शालीन, भद्र र अत्यधिक मिलनसार स्वभावका धिताल अत्यन्त गम्भीर र उच्च मनोबलयुक्त देखिन्छन्। विष्णुप्रसाद धिताल जस्तोसुकै काम गर्दा पनि अत्यन्त धैर्यका साथ आफ्नो काममा लगनशील रहन्थे।[२७२] उनी पचास वर्षको उमेरपछि उच्च रक्तचाप र ६५ वर्षको उमेरदेखि मुटुरोगबाट सङ्क्रमित हुनु परे तापनि मानसिक रूपमा स्वस्थ सन्तुलित, संयमित र उत्साहित देखिन्छन्।


---

२६७ भाइ दिनेशबाट प्राप्त जानकारी।
२६८ ऐजन।
२६९ श्रीमती विजयालक्ष्मीबाट प्राप्त जानकारी।
२७० ऐजन।
२७१ भान्जा रामबाबुबाट प्राप्त जानकारी।
२७२ भाइ दिनेशबाट प्राप्त जानकारी।

## ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू

विष्णुप्रसाद धितालको आफ्नो जीवन अवधिभरि आफ्नो कार्यप्रति अत्यन्त सक्रिय र साधनारत रहे। उनले यस क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विविध क्षेत्रमा निर्वाह गरेको भूमिका र योगदानका कारण उनको व्यक्तित्व बहुआयामिक हुन पुगेको छ। उनको बहुआयामिक व्यक्तित्वलाई निम्नअनुसार विभिन्न पाटाहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ:

विष्णुप्रसाद धितालको व्यक्तित्वका विभिन्न पाटाहरू:




### ३.३.१ साहित्यिक व्यक्तित्व

विष्णुप्रसाद धिताल माध्यमिक तहको शिक्षा आर्जनको लागि १३ वर्षको उमेरमा काठमाडौँ आएका थिए। दरबार हाइस्कुल र त्रिचन्द्र कलेजमा अध्ययन गर्न थालेपछि नै उनले साहित्यिक लेखनको प्रारम्भ गरेका हुन्। यिनको साहित्यिक व्यक्तित्व कुनै एक विधा विशेषमा केन्द्रित

नरही साहित्यका विभिन्न विधाहरूमा फैलिएको छ। यिनको बहुआयामिक साहित्यिक व्यक्तित्वलाई निम्नलिखित प्रकारहरूमा विभाजन गरी अध्ययन गरिन्छ।

### ३.३.१.१ स्रष्टा व्यक्तित्व

विष्णुप्रसाद धितालको सार्वजनिक लेखनयात्रा सर्वप्रथम कविताबाट प्रारम्भ भएको हो। त्यसपछि यिनले कथा र निबन्धहरू लेखेका छन्। यिनले अधिकांश साहित्यिक सिर्जना काठमाडौँ र भारतका विश्वविद्यालयहरूमा अध्ययन गर्दा विद्यार्थी जीवनमा गरेको देखिन्छ भने कतिपय कविता कृति सरकारी सेवाबाट अवकाश लिएपछि लेखेको पाइन्छ। धितालको स्रष्टा व्यक्तित्वलाई निम्नलिखित तीन प्रकारमा विभाजन गरी अध्ययन गरिन्छ:

### (१) **कवि व्यक्तित्व**

विष्णुप्रसाद धितालले साहित्यिक लेखनको अभ्यास १९९२/१९९३ सालतिर कविता विधाबाट गरेको जानकारी पाइन्छ तर यिनका त्यतिखेरका कविता प्रकाशित नभएको र ती सुरक्षित पनि नभएक ाले प्राप्त हुने सम्भावना कमै देखिन्छ। यिनका प्रकाशित जम्मा ४० वटा र अप्रकाशित एउटा गरी जम्मा ४१ वटा कविता हाल प्राप्त छन्। यी सम्पूर्ण कविता 'अर्को नी' कवितासङ्ग्रहमा सङ्गृहीत छन्। यिनका प्रकाशित ४१ वटा कविताहरू निम्नलिखित छन्:

१. कलिकाल २. प्रेयसी ३. तटिनी

४. जुद्ध-कीर्तन ५. समस्यापूर्ति ६. जन्मोत्सव

७. शारदा स्तुति ८. साहित्य स्रोत ९. बालक

१०. वन्दे जननी ११. घँसिनी १२. कविको गीत

१३. श्रद्धाञ्जलि १४. सम्झना १५. भट्टिनी

१६. गीत १७. कन्याकुमारी १८. अभिसरण

१९. जननी २०. नलिनी २१. नी राज

२२. दसैँ २३. मनको रिन २४. न्याउली

२५. गीत २६. युवकको सपना २७. झर्ना

२८. के भयो रे २९. भानुप्रति ३०. पीर

३१. बिसौनी ३२. प्रगति ३३. श्री ज. मदन मदन शमशेर जबराको पुन्य स्मृतिमा

३४. सर्किनी ३५. गोधुलि ३६. मेरो शैशव

३७. सुरसुधा ३८. देउराली ३९. विकास

४०. उमेर पाक्दा ४१. मनमन्दिर

कवि विष्णुप्रसाद धितालका उपर्युक्त कविताहरूमा प्रकृतिप्रेम, संस्कृतिप्रेम, यौवन अवस्थाका विभिन्न चाहना, जातिप्रेम, सामाजिक विभेद, विकासवादी सोच, ग्रामीण भेगको जीवनशैली, समानता, स्वतन्त्रता, स्तुति आदि विभिन्न सामाजिक परिवेशका कुराहरूलाई झ्याउरे लयमा मौलिक रूपमा प्रस्तुत गरिएको छ। कविले विश्व विकासको चरम शिखरमा पुगेको बेलामा देशले अनावश्यक बाटो अँगालेको कुरा कवितामा व्यक्त गरेका छन्। उनले युगबोध र मानवीय मूल्य-मान्यताहरूलाई आत्मसात गर्नुपर्ने कुरा पनि व्यक्त गरेका छन्। उनका कवितामा बाल्यावस्थाका

बालसुलभ व्यवहारदेखि यौवन अवस्थामा मानिसको उमेरमा आउने परिवर्तन र त्यससँग देखापर्ने चाहना तथा प्ररौढावस्थामा ईश्वरप्रतिको अनुरागलाई पनि अति सजीव रूपमा चित्रण गरिएको पाइन्छ। राष्ट्रप्रेम, विद्या र व्यक्तिगत उन्नतिको कुरा पनि यिनका कविताका मुख्य विषयवस्तु हुन्। कतिपय कविता प्रश्नोत्तर शैलीमा रचिएको छ र तिनमा उत्तरका रूपमा सामाजिक सन्देश दिन खोजिएको छ।

समग्रमा उपर्युक्त कविताहरू प्रकृतिप्रेम, शिक्षाप्रेम, जातिप्रेम, सामाजिक सुधार र प्रगतिवादी विचारधाराकै अभिव्यक्तिका रूपमा आएका छन्। त्यसैले उनी प्रकृतिप्रेमी, शिक्षाप्रेमी, समाजवादी एवं प्रगतिवादी कविका रूपमा देखापरेका छन्।

## (२) कथाकार व्यक्तित्व

विष्णुप्रसाद धितालले सर्वप्रथम भारती (२००७) साहित्यिक पत्रिकामा प्रकाशित तथा साझा कथासङ्ग्रह (प्रथम संस्करण) मा सङ्गृहीत 'सान्नानी', भारतीमा (२००७) प्रकाशित 'लाहुरे दाइ' र समुदाय पत्रिकामा प्रकाशित 'बैकुण्ठमा खाली ठाउँ छ' (२०५४) शीर्षकका तीनवटा कथामार्फत आफ्नो कथा लेखन प्रारम्भ गरेका हुन्। यिनको सार्वजनिक गद्य लेखनयात्रा पनि यिनै कथाका माध्यमबाट प्रारम्भ भएको हो। प्राप्त जानकारीअनुसार विष्णुप्रसाद धितालको प्रकाशित अन्य कथा 'छिरलिएका धुजा' हो। यो हिमालय छात्र सङ्घको मुखपत्र 'हिमालय'मा छापिएको भनिएको छ तर हाल प्राप्त छैन।

उपर्युक्त कथाहरूमा तत्कालीन नेपाली ग्रामीण समाजमा विद्यमान सामाजिक अवस्था, सामन्ती संस्कार, शोषण, अन्याय, कुरीति, अत्याचार, ग्रामीण भेगमा आफ्ना अभिभावक र श्रीमतीलाई एक्लै छोडी लाहुर जाने लाहुरेको कथाव्यथा र उसले गर्ने विभिन्न कार्यहरू, उसको मानसिकता तथा आफूले बाल्यकालमा शिक्षा आर्जन गर्दा खप्नुपरेको दुःख, कलकत्तामा पढ्दा अनुभव गरेका, देखेका विभिन्न पक्षहरू साथै मानवले पृथ्वीमा बस्दा गरेका काम, उसले राख्ने चाहना र पृथ्वीमा उत्पन्न विभिन्न सामाजिक विसङ्गतिलाई सूक्ष्म रूपमा अवलोकन गरी तिनमा सुधार र सामाजिक परिवर्तनको अपेक्षा राखिएको छ। आर्थिक विषमता र सामाजिक असमानताले समाजमा उत्पन्न विभिन्न समस्या वा अन्यायका विरुद्ध लड्न र आत्मिक रूपमा सक्षम हुन स्वयं व्यक्ति नै अग्रसर हुनुपर्दछ भन्ने आग्रह गर्ने विष्णुप्रसाद धितालका कथाहरू प्रगतिवादी चेतनाले ओतप्रोत भएका छन्। यिनी आफ्ना कथाको माध्यमबाट विसङ्गतिपूर्ण समाजको अन्त्य, पारिवारिक सुख, प्राप्त स्रोत र साधनको समुचित प्रयोग गरी उन्नतितर्फ लाग्दै विश्वबन्धुत्वको भावना आजको आवश्यकता हो भन्दै सामाजिक यथार्थको चित्रण गरेर त्यसका कुकृत्यको विरोध गर्ने समाजवादी यथार्थवादी कथाकारको रूपमा देखापरेका छन् भने कतै पौराणिक कथाकारको रूपमा देखा परेका छन्।

### (३) **निबन्धकार व्यक्तित्व**

विष्णुप्रसाद धितालले निबन्ध विधामा पनि कलम चलाएका छन्। उनले शिक्षा प्रचारिणी समिति दार्जिलिङद्वारा आयोजित निबन्ध

प्रतियोगिताका लागि 'के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुनु असल होला?' (२०१०) शीर्षक निबन्ध रचना गरेर यस विधामा लेख्न थालेका हुन्। उनका निबन्धात्मक लेखरचनाहरू निम्नलिखित छन्:

(१) 'के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुनु असल होला?'

(२) 'चारपास'

(३) 'चारपास' (पर्यावसान)

उपर्युक्त निबन्धहरूमा समसामयिक जनजीवनका अनेक सन्दर्भ र प्रसङ्गहरू विषयवस्तुको रूपमा आएका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा देखापरेका परिवर्तन, आफ्नै जीवनमा समयले ल्याएका परिवर्तन तथा सरकारी अड्डा अदालतमा हुने गरेका विभिन्न गैरकानुनी क्रियाकलाप, जातिभेद, लिङ्गभेद र धर्मको नाममा हुने गरेका कुरीति, अन्धविश्वास र कुसंस्कार यिनको निबन्धको परिवेश र मूल प्रतिपाद्य विषय हो। उनका निबन्धमा परिवेशअनुसारको विषयगत वर्णन कौशल विशिष्ट खालको छ। समसामयिक जीवनका दुर्बल पक्षहरूको चित्रणका माध्यमबाट सकारात्मकता र सुधारको अपेक्षा गरिएका यिनका निबन्धमा संस्कृतिप्रतिको मोह, आपसी एकता, मानवता, विश्वबन्धुत्व र परम्परागत जीवनशैलीबाट माथि उठ्नुपर्ने प्रगतिशील दृष्टिकोणप्रतिको समर्थन पाइन्छ।

परम्परागत बन्धन र अन्धविश्वासले समाजको उन्नति र विकासमा बाधा उत्पन्न गर्नु हुन्न भन्ने उनका निबन्धको मुख्य आशय हो। उनले आफ्नो जीवनका विभिन्न अनुभवहरूलाई स्मरण गरी निबन्ध लेखेका छन्।

मानसिक शुद्धिबिना शारीरिक शुद्धि हुँदैन, जहाँ अन्तर्जातीय विवाह हुन्छ त्यहाँ समाज गतिलो हुन्छ भन्ने उनका निबन्धको आशय रहेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा विद्यमान ह्रासोन्मुख मानवीयता र त्यसको सुधारको अपेक्षा राख्नु र वर्ग विभेदरहित समतामूलक समाजको निर्माणमा थप बल प्रदान गर्दै परम्परागत कुसंस्कार र अन्धविश्वासको पर्खाल भत्काउनु यिनका निबन्धको खास उद्देश्य रहेको हो।

### ३.३.२ द्रष्टा व्यक्तित्व

विष्णुप्रसाद धितालले नेपाली साहित्यको समालोचना विधामा पनि कलम चलाएका छन्। उनको द्रष्टा व्यक्तित्व कलकत्ताबाट प्रारम्भ भएको थियो। विभिन्न साहित्यकारहरूका साहित्यिक सङ्ग्रहको अध्ययन गर्ने र तिनका सबल एवं दुर्बल पक्षहरू केलाउने उनको बानी थियो। उनी साहित्यलाई समाजको दर्पण मान्थे। साहित्यशास्त्रको अध्ययन र लेखनको क्रममा उनको द्रष्टा व्यक्तित्व विकसित भएको देखिन्छ। उनी साहित्य सर्जक मात्र होइनन् अध्येता पनि हुन्।

विष्णुप्रसाद धितालले फाटफुट रूपमा समालोचना विधामा समेत कलम चलाएका छन्। भारतको कलकत्तामा विद्यार्थी जीवनमा रहँदा उनले 'त्रिरत्न' (२००७) शीर्षक लेखबाट समालोचना लेखनको सुरुवात गरेका हुन्। उनले आफ्नो जीवनमा जम्मा ३ वटा समालोचना लेखेका छन्। ती यसप्रकार छन्:

(१) त्रिरत्न (२००७)

(२) नेपाली साहित्य (२००७)

(३) गोरखाली कि नेपाली? (२००९)

उनले आधुनिक समालोचनाका समाजपरक, जीवनीपरक, प्रभाववादी, भाषाशास्त्रीय आदि विभिन्न पद्धतिको अनुसरण गरी समालोचना लेखेका छन्। उनी मूलतः प्रभाववादी समालोचक हुन्। उनले 'त्रिरत्न'मा आदिकवि भानुभक्तले नेपाली साहित्य लेखनको जग बसालेका हुन् र त्यही जगमा टेकेर आधुनिक नेपाली साहित्यकार बालकृष्ण समले पाश्चात्य नाट्यसम्राट शेक्सपियरबाट, महाकवि लक्ष्मीप्रसाद देवकोटाले बङ्गाली कवि रवीन्द्रनाथ ठाकुरबाट र कविशिरोमणि लेखनाथ पौड्यालले संस्कृत कवि कालिदासबाट विशेष प्रभाव ग्रहण गरी नेपाली साहित्यको सिर्जना गरेका हुन्। यसैले भानुभक्त युगप्रवर्तक र बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ पौड्याल नेपाली साहित्यका त्रिरत्न हुन् भनी स्पष्ट उल्लेख गरेका छन्।

त्यसैगरी विष्णुप्रसाद धितालले 'नेपाली साहित्य'मा नेपाली साहित्यको पूर्ण वृत्तान्त दिएका छन्। त्यसमा उनले नेपाली साहित्यको परम्पराको थालनी र संस्कृत साहित्यको परम्पराको अन्त्य आदिकवि भानुभक्त आचार्यबाट भएको हो भनेका छन्। संस्कृत भाषामा पठनपाठन हुने र नेपाली भाषा बोलचालको भाषा भएकाले ज्यादै कम व्यक्तिहरूको मात्र साहित्यमा पहुँच थियो। त्यस परम्परालाई अन्त्य गरी भानुभक्तले नेपाली भाषामा साहित्य लेख्ने परम्पराको थालनी गरेका हुन्। भानुभक्तका कवितामा नवीनता, सरलता र धार्मिक नैतिकता भएको हुँदा उनका कविता विशेष रुचिकर बनेका छन्। दुर्लभ तत्त्वलाई भानुभक्तले सुलभ बनाइदिए। यसैमा हामीले गौरव गर्नुपर्छ र मान्छौँ भन्ने धारणा धितालको रहेको छ।

उनको अर्को समालोचनात्मक लेख 'गोरखाली कि नेपाली?'मा धितालले गोरखाली र नेपाली एकअर्काका पर्यायवाची शब्दहरू हुन्। यदि यसलाई कसैले छुट्याउन खोज्यो भने एकदुईवटा इतिहासका पानाहरू च्यात्नुपर्छ। इतिहासको एकता भङ्ग हुन्छ। त्यसैले गोरखाली र नेपाली शब्दलाई फरक रूपमा बुझ्न र लिन हुँदैन भन्ने उनको मान्यता छ। संसारभरि नेपालीलाई गोरखाली भनेर चिन्ने गर्दछन्। भारत सरकारले 'गोर्खा रेजिमेन्ट' नामको नेपाली भर्ती केन्द्र स्थापना गरेको छ। नेपालको राष्ट्रिय दैनिक पत्रिकाको नाम 'गोरखापत्र' राखिएको छ। यस देशको एकीकरण गोरखाबाट भए पनि राजधानी र देशको नाम नेपाल छ। विश्वयुद्धमा गोरखाली सेनाले देखाएको वीरताको उच्च सम्मान बेलायतले गरेको छ। साथै नेपालीको पर्यायवाची शब्दको रूपमा व्यवहारमा गोरखाली शब्दको प्रयोग आजसम्म पनि प्रचलित छ। त्यसैले गोरखाली र नेपालीको सार रूप एउटै हो। यी दुवै शब्द एकअर्काका परिपूरक हुन्। यिनलाई भिन्न र छुट्टै रूपमा बुझ्नु हुँदैन भन्ने समालोचकको धारणा रहेको छ। यस दृष्टिबाट समालोचक धिताल राष्ट्रिय एकतावादी समालोचक भएको पुष्टि हुन्छ।

समग्रमा समालोचक धितालको विस्तृत अध्ययन, तीव्र सौन्दर्यचेतना, सूक्ष्म विश्लेषण क्षमता उनका समालोचनामा मुखरित भएको पाइन्छ। उनी प्रभाववादी द्रष्टा व्यक्ति हुन्।

### ३.३.३ साहित्येतर व्यक्तित्व

जीवनका अनेक क्षेत्रमा सम्बद्ध र क्रियाशील विष्णुप्रसाद धितालको लेखन क्षेत्र बाहेकको अन्य व्यक्तित्व उनको पेसा, रुचि, विभिन्न क्षेत्रहरूमा सहभागिता, व्यक्तिगत क्षमता, ओहदा आदिले निर्माण भएको छ। उनी जीवनका अन्तिम अवस्थासम्म पनि विभिन्न कार्यक्षेत्रमा र सङ्घसंस्थामा सक्रिय रूपमा संलग्न रहे। उनको व्यक्तित्व कार्यप्रतिको लगनशीलता, कर्तव्यको कुशल निर्वाह, उच्च विद्वत्ता, कूटनीतिक चातुर्य आदिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित छ। विष्णुप्रसाद धितालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वलाई निम्नअनुसार विभाजन गरी अध्ययन गरिन्छः

### ३.३.३.१ प्रशासनिक व्यक्तित्व

विष्णुप्रसाद धितालले आफ्नो जीवनको सबभन्दा धेरै समय प्रशासनिक सेवामा स्वदेश तथा विदेशमा गरी बिताएका छन्। उनले जागिरको सिलसिलामा श्री ५ को सरकारका प्रमुख मन्त्रालयको प्रायः सबै प्रमुख जिम्मेवारी सम्हालेका छन्। उनले विश्व खाद्य तथा कृषि सङ्गठनको प्रमुख कार्यकारी पदमा रही प्रशासनिक काम गरेका थिए। उनी दक्ष एवं कुशल प्रशासकको रूपमा परिचित छन्।

उनले कृषि विभागअन्तर्गत कृषि सहायक पदमा २००७ सालमा सरकारी सेवामा प्रवेश गरेका थिए। उनी प्रशासनिक जिम्मेवारी सम्हाल्ने क्रममा अर्थ मन्त्रालयमा गजेटेड अफिसर (२०१०-२०१२), अर्थ मन्त्रालयमा नै सहायक सचिव (२०१२-२०१५), श्री ५ को सरकार तथ्याङ्क विभागमा निर्देशक (२०१५-२०१६), नेपाल राष्ट्र बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क, बचत संस्थान र खाद्य संस्थान निर्देशन समितिको सदस्य, श्री ५ को सरकार

परराष्ट्र मन्त्रालयमा वरिष्ठ सहायक सचिव (२०२३-२०२६), युनेस्कोको निमित्त राष्ट्रिय आयोग, संयुक्त राष्ट्र संस्था, नेपाल विश्व सम्बन्ध परिषद्, नेपाल अन्तर्राष्ट्रिय आर्थिक विकास केन्द्रको सदस्य, श्री ५ को सरकार उद्योग वाणिज्य मन्त्रालयमा सचिव (२०३६), वीरगन्ज चिनी कारखाना, कृषिऔजार कारखाना, कृषि सामग्री संस्थान, रघुपति जुटमिल्स, जनकपुर चुरोट कारखानाको अध्यक्ष, श्री ५ को सरकार कृषि खाद्य मन्त्रालयको सचिव (२०२७), कृषि विकास बैङ्कको अध्यक्ष तथा शाही नेपाल वायुसेवा निगमको निर्देशक समितिको सदस्यमा रह ी महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। उनले श्री ५ को सरकारक ा उपर्युक्त निकाय तथा संस्थाहरूमा विभिन्न तहमा सफलतापूर्वक काम गर े र उनको कुशल प्रशासनिक व्यक्तित्वले संस्थाको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्यायो।

विष्णुप्रसाद धितालले विदेशका विभिन्न सङ्घसंस्था र स्वदेशका थुप्रै सामाजिक सङ्घसंस्थाको जिम्मेवारी पनि वहन गरेका थिए। यसै क्रममा संयुक्त राष्ट्रसङ्घको रोम स्थित विश्व खाद्य कृषि कार्यक्रमको संख्या विज्ञान अधिकृत (२०१६) (पी-२), प्रोग्रामिङ एन्ड अपरेसन अफिसर (२०१७-२०२०) (पी-३), प्लानिङ अफिसर (२०२०-२०२३) (पी-४), इमर्जेन्सी युनिट प्रमुख (२०३३-२०४०) (पी-५), एसिया प्यासिफिक विभाग प्रमुख (२०४०-२०४१) र क्षेत्र ीय कार्यक्रम विकास विभाग FAO को वरिष्ठ सल्लाहकार (२०४१-२०४६) भई काम गरे ।

समग्रमा विभिन्न स्वदेशी तथा विदेशी सरकारी निकायमा आबद्ध रहेर काम गर्न सक्षम भएका धितालको कुशल प्रशासनिक व्यक्तित्वले संस्थाको विकासमा महत्त्वपूर्ण योगदान पुगेको देखिन्छ।

### ३.३.३.२ समाजसेवी व्यक्तित्व

विष्णुप्रसाद धिताल संयुक्त पारिवारिक वातावरणमा जन्मेहुर्केका थिए। हुनेखाने परिवारमा जन्मे पनि अरूको हित हुने काम गर्नुपर्छ, मानवसेवा नै धर्म हो, जनहित नै आधुनिक युगको पुण्य प्राप्ति हो भन्ने उनको मान्यता रहेको पाइन्छ।[273] उनले धार्मिक एवं सांस्कृतिक विकासक ा लागि आफ्नो क्षमताले भ्याएसम्म योगदान गरेका छन्।

विष्णुप्रसाद धितालले विश्व खाद्य कृषि कार्यक्रमको सेवाबाट निवृत्त भएपछि समाजसेवाको क्षेत्रमा हात हालेका थिए। विश्वसमुदायमा विभिन्न सामजिक सङ्घसंस्थाले पुऱ्याएको सहयोग र योगदानको प्रत्यक्ष अवलोकन गरेका धितालालाई स्वदेशमा गई समाजसेवा गर्ने तीव्र इच्छा जागेको देखिन्छ। त्यसैको फलस्वरूप उनी सामाजिक सेवा समन्वय समिति र रोटरी क्लब अफ पाटन (२०४७) को सदस्य बनी समाजसेवा गर्न थाले। यस संस्थामा आबद्ध भएर धितालले मानवसेवा र साम ाजिक चेतना अभिवृद्धि गरे। जबसम्म मान्छे चेतनशील हुँदैन तबसम्म सामाजिक विकास गर्न सकिँदैन तसर्थ सबभन्दा पहिले मानिसको हृदयमा सामाजिक स्नेह जागृत गराउनुपर्दछ। कुनै पनि कार्य एक्लै गर्न नसकिने हुँदा सामूहिक प्रयास जरुरी हुन्छ। त्यसको लागि सामाजिक भावना जगाउनुपर्दछ भन्ने उनको धारणा थियो। उनले सुख्खाग्रस्त राहत समिति (२०४७-२०४८) को अध्यक्ष भई देशमा उत्पन्न विभिन्न प्राकृतिक प्रकोप र त्यसबाट प ीडित समुदायको हितको निम्ति विभिन्न कार्यहरू गरेको देखिन्छ। त्यसैगरी

[273] भाइ दिनेश र भान्जा रामबाबुबाट प्राप्त जानकारी।

उनले देवघाट क्षेत्र विकास समिति (२०४९) को अध्यक्ष भएर हिन्दु धर्मसंस्कृति, धार्मिक एवं सांस्कृतिक स्थल, मठमन्दिरको संरक्षण गर्ने काम गरेक ा छन्। धर्म मानव समुदायको आस्था र विश्वासको केन्द्र भएको हुँदा धर्मको जगेर्ना गर्नु आफ्नो कर्तव्य हो भन्ने सम्झी उनले सामाजिक सेवा गरेका थिए।

विष्णुप्रसाद धिताल सानैदेखि साहित्य तथा शिक्षाप्रेमी व्यक्ति हुन। शिक्षालाई मानव समाजको दर्पण भन्ने धिताल साहित्यको सेवामा रमाउ ँथे। उनले मदन पुरस्कार गुठी (२०५०-२०६०) को सदस्य सचिव भएर नेपाली साहित्यको वृद्धि र विकासमा तथा स्रष्टाहरूको संरक्षणमा ठूलो सहयोग पुऱ्याए। त्यसैगरी नेपाली शिक्षा परिषद्को सदस्य र सर्वाङ्गीण विकास अध्ययन केन्द्र (आइ.आइ.डी.एस.) को उपाध्यक्ष पदमा रहेर सामाजिक सेवा गरे। उनी आत्मिक शुद्धता भएका व्यक्ति हुन्। मानव जातिको हितमा यिन ी समर्प ित रहेको पाइन्छ। उनी नेपालका एक महान् समाजसेवीको रूपमा परिचित छन्। उनी नेपालका विशिष्ट शिक्षाविद्का रूपमा पनि प्रतिष्ठित छन्। गुणात्मक शिक्षा सबैका लागि हुनुपर्छ, शिक्षा समाजको मेरुदण्ड हो, शिक्षाबिना सामाजिक परिवर्तन सम्भव हुन सक्दैन भन्ने उनको धारणा थियो। उनले त्रिभुवन विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा अध्ययन गरी उत्कृष्ट नतिजा ल्याउने व्यक्तिलाई ललितादेवीकुमारी पदकको स्थापना गरेका छन्। त्यसैगरी गोरखा जिल्लाको ज्ञानज्योति मा.वि.बाट कक्षा ९ र १० मा उत्कृष्ट हुने हरेक वर्षका विद्यार्थीहरूलाई विशेष छात्रवृत्तिको व्यवस्था गरेका छन्। यसबाट उनमा शिक्षाको प्रेम तथा सामाजिक सेवाको भावना उच्च रहेको स्पष्ट हुन्छ। यसरी

विष्णुप्रसाद धितालको समाजसेवी व्यक्तित्वबाट जनहितमा ठूलो योगदान पुगेको छ।

### ३.३.३.३ कूटनीतिक व्यक्तित्व

विष्णुप्रसाद धिताल बहुआयामिक व्यक्तित्व भएका व्यक्ति थिए। उनले नेपाल र इटालीमा बस्दा कूटनीतिक व्यक्तिका रूपमा काम गरे। उनले उद्योग वाणिज्य मन्त्रालयमा सचिवको रूपमा काम गर्दा नेपाल-भारत व्यापार वाणिज्य दूत भई दुई देशबीचको व्यापार विस्तारसम्बन्धी काम गरे। उनी इटालीको रोममा विश्व खाद्य तथा कृषि सङ्गठनमा कार्यरत रहँदा नेपालको पहिलो कृषि गणना अर्थात् 'राष्ट्रिय जनगणना २०१८' को लागि आवश्यक बजेट एवं एक वर्ष लामो तालिमको व्यवस्थाका लागि आवश्यक पूर्वतयारीमा उनको ठूलो भूमिका रहेको कुरा त्यस बखत उक्त कार्यक्रमका लागि FAO बाट आएका सल्लाहकार थवानीको प्रतिवेदनमा उल्लेख भएको पाइन्छ।[274] त्यसैगरी धितालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका तालिम केन्द्र, सम्मेलन इत्यादिको व्यवस्था मिलाउने, सञ्चालन गर्ने, रिपोर्ट तयार गर्ने, विभिन्न देशका सरकारहरूसँग छलफल गर्ने काम गरेको पाइन्छ। यसबाट धितालको कुशल कूटनीतिक व्यक्तित्व प्रभावकारी रहेको देखिन्छ।

### ३.३.३.४ कुशल वक्ता व्यक्तित्व

[274] तुङ्ग बास्तोला, "श्री विष्णुप्रसाद धिताल: संस्मरणात्मक टिपोट" **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. ५९।

विष्णुप्रसाद धिताल कुशल प्रशासक, सफल कूटनीतिज्ञ, शिक्षाविद् साथै कुशल वक्ता पनि हुन्। कुशल वक्ता भएकै कारण उनी आफ्नो प्रशासनिक, सामाजिक एवं अन्तर्राष्ट्रिय प्रशासनिक सेवामा सफल भएका थिए।[275] उनी सबैसँग मिठो बोल्ने र हाँसोठट्टा गर्न मन पराउने स्वभावका, अत्यन्त सरल र सरस थिए। उनी अरूको भनाइ गम्भीरताका साथ सुन्थे। आफ्नो भाषणमा उनी विशेषण र पदलालित्यको प्रयोग गर्थे। उनी प्रायजसो व्यङ्ग्यात्मक अभिव्यक्ति दिन्थे र जुनसुकै कुरामा पनि स्पष्ट वक्ताको रूपमा देखिन्थे।[276] उनी जुनसुकै विषयमा श्रोतालाई झर्को नलाग्ने गरी आफूतिर आकर्षण गर्ने किसिमले बोल्ने गर्दथे। उनी विशेषगरी कार्यक्रम सञ्चालकको रूपमा बोल्थे। उनी वक्ताको अभिव्यक्तिलाई सारमा व्यक्त गर्न खप्पिस थिए। विष्णुप्रसाद धिताल अतिथिको रूपमा उपस्थित हुँदा आफ्ना विचारलाई केवल अतिथिको औपचारिकतामा सीमित नराखी स्पष्ट रूपमा व्यक्त गर्थे। सकारात्मक धारणाका धितालको बोली सर्वग्राह्य हुन्थ्यो।[277] तसर्थ उनी उपस्थित भएको सभामा उनको वक्तव्य सबैका लागि चाखको विषय हुने गर्थ्यो।

### ३.३.४ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तरसम्बन्ध

विष्णुप्रसाद धितालले वि.सं.१९७९-२०६० का बीचमा जम्मा ८१ वर्षको जीवन कालमा विभिन्न विषय र क्षेत्रमा संलग्न भई महत्त्वपूर्ण कार्यहरू गरे।

---

[275] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।

[276] विनोदप्रसाद धिताल, "विष्णुप्रसाद धितालसँगको सहवासको संस्मरण", **विष्णुप्रसाद धिताल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. १९३।

[277] कमलमणि दीक्षितबाट प्राप्त जानकारी।

तिनै महत्त्वपूर्ण कार्यहरूले उनी एक सामान्य व्यक्तिभन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित हुन पुगे। उनको जीवनका विभिन्न घटनावली, ती घटनावली र कार्यहरूबाट निर्मित उनको राष्ट्रिय व्यक्तित्व र उनीद्वारा लिखित साहित्यिक कृतिहरूबीच परस्पर निकटता र सम्बन्ध भेटिन्छ।

विष्णुप्रसाद धिताल सामन्ती सामाजिक संस्कारको पृष्ठभूमिमा हुर्केका भए तापनि उदार प्रवृत्तिको उनको पारिवारिक जीवनशैली, बौद्धिक व्यक्तित्वहरूसँगको साहचर्य, प्रजातन्त्रप्रतिको मोह, परिवर्तनकारी विचारको अध्ययन र तत्कालीन ग्रामीण सामाजिक परिवेश, किशोरावस्थाका घटनाहरू उनको प्रशासनिक व्यक्तित्व निर्माणका सन्दर्भहरू हुन्। उपर्युक्त कारणहरूले उनी प्रशासनिक जीवनसँग सम्बद्ध भए। विद्यार्थी जीवनमा भोगेका र आफ्नो पारिवारिक जीवनमा अनुभव गरेका विभिन्न अनुभवहरू नै यिनको व्यक्तित्व निर्माणका पाटाहरू बन्न पुगे भने त्यही प्रभाव यिनको साहित्य लेखनमा पनि पर्न गयो। प्रारम्भकालीन कविताहरूमा उनको जन्मस्थलको प्राकृतिक सौन्दर्य, त्यहाँको सामाजिक प्रवृत्ति र रूढिप्रथाको विरोध, तत्कालीन सामाजको युगबोध र समाजसुधारको आग्रह उनको समाजसेवी व्यक्तित्वको प्रभाव हो। उनका साहित्यिक रचनामा पाइने समसामयिक युगबोध उनको सामाजिक व्यक्तित्वसँगको निकटता हो।

धितालको साहित्य लेखनमा उनको शिक्षाले पनि प्रभाव पारेको देखिन्छ। उनले संस्कृतबाट शिक्षा आरम्भ गरी अर्थशास्त्र र संस्कृत साहित्यमा आचार्य तह पूरा गरे। उनका साहित्यिक रचनाहरूमा पाइने

पूर्वीय वेदान्त दर्शन संस्कृत शिक्षाकै परिणाम हो। साहित्यिक उद्देश्यले प्रेरित विभिन्न लेख तथा समाजसुधार र विकाससँग सम्बन्धित उनका अधिकांश लेखहरू प्रशासनिक कार्यपत्र, साहित्यिक गोष्ठीपत्रहरूमा उनले प्राप्त गरेको उच्चशिक्षाको प्रभाव छ। उनी पूर्वीय तथा पाश्चात्य साहित्यका अध्येता थिए। यसबाट उनका रचनामा समाजवादी तथा विकासवादी चिन्तनको प्रभाव अधिक मात्रामा परेको पाइन्छ। प्रशासनिक सेवाको सिलसिलामा गरेको देशविदेशको भ्रमण र त्यहाँको आर्थिक, सांस्कृतिक एवं सामाजिक परिवर्तनको अध्ययनबाट प्रेरणा र प्रभाव लिई उनले साहित्यमा कलम चलाएका छन्।

मुख्य कार्यक्षेत्रको रूपमा प्रशासनिक क्षेत्र अँगाले पनि उनले साहित्य लेखनलाई कहिल्यै पनि छाडेनन्। उनी विद्यार्थी जीवनमै साहित्य लेखनतर्फ आकृष्ट भए र उनको सहज लेखन माध्यमिक तहको अध्ययनपछि सुरु भयो। यसै कारणबाट उनको साहित्यिक लेखन कवितातर्फ उन्मुख भएको पाइन्छ। उनको शिक्षाप्रतिको रुचि र विश्वमा देखापरेको नवपरिवर्तनलाई उनले नजिकबाट गरेको अवलोकन र अध्ययनको प्रभाव उनको नेपाली साहित्यको सिर्जनामा परेको छ। उनको जीवनको अधिकांश समय प्रशासनिक सेवा र समाज सेवामा व्यतीत भएकाले उनको मूल व्यक्तित्व निर्माणको कारक त्यही हो। त्यसकै प्रेरणा र प्रभावस्वरूप उनले नेपाली साहित्य र समाज सेवाको क्षेत्रमा उल्लेखनीय कार्यहरू गरेका हुँदा उनको व्यक्तित्व निर्माण र कृतित्व लेखनमा यी क्षेत्रको महत्त्वपूर्ण स्थान छ।

विष्णुप्रसाद धितालको शारीरिक तथा मानसिक व्यक्तित्वले पनि उनको लेखनसँग सम्बन्ध कायम गरेको देखिन्छ। शारीरिक रूपमा उनी

जीवनमा प्राय: स्वस्थ थिए। अनेक क्षेत्रसँग सम्बद्ध भएकाले उनी जीवनभर अत्यधिक व्यस्त रहे। शारीरिक रूपले स्वस्थ र विद्वत्ताले पूर्ण भए तापनि अत्यन्त व्यस्तताका कारण उनले आफ्नो क्षमता र शैक्षिक-प्राज्ञिक आवश्यकता अनुरूप धेरै कृतिहरूको सिर्जना गर्न भने सकेनन्। तर पनि उनले जे-जति कृतिहरूको सिर्जना गरेका छन् ती अत्यन्त गहन, आफैँमा पूर्ण र गुणात्मक दृष्टिले उच्च कोटिका देखिन्छन्। उनको मानसिक अवस्थाको प्रभाव पनि उनको साहित्यिक लेखनमा धेरथोर परेको पाइन्छ। भावनात्मक विपुलता र कल्पना शक्तिको प्रचुरताको परिणामस्वरूप उनले साहित्य सिर्जना गरेको देखिन्छ। उनको साहित्य लेखनमा कल्पना र भावनाको प्रबलता पाइन्छ। यति हुँदाहुँदै पनि जागिरको कारणले साहित्यमा निरन्तरता दिन सकेनन्। उनी भावनाको विपुलताभन्दा पनि विद्वत्ता र साधनाले खारिएका थिए। उनले जीवनमा त्यही विद्वत्ताकै परिणामस्वरूप नेपाली साहित्यको कविता विधाजस्तो गहन र व्यापक विषयलाई कृतिलेखनको मुख्य क्षेत्र छानेका हुन्।

विष्णुप्रसाद धितालले विभिन्न कार्यहरू, अध्ययन र भ्रमणका सिलसिलामा देशका विभिन्न भागहरू र देशबाहिर पनि अनेक ठाउँमा पुगेका थिए। उनले विदेशमा करिब २४ वर्ष बिताएका थिए। उनले जागिर, अध्ययन र भ्रमणका क्रममा विभिन्न ठाउँको भाषिक अध्ययन, जातीय तथा सांस्कृतिक अध्ययन र दृश्यावलोकन गरे। उनका लेखरचनाहरूमा तत्समम्बन्धी प्रभाव पनि यथेष्ट रूपमा परेको देखिन्छ।

यसरी सरसर्ती हेर्दा विष्णुप्रसाद धितालको समग्र जीवनीका मूलभूत घटनाहरू, महत्त्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको राष्ट्रिय

व्यक्तित्वको प्रभाव उनको लेखनमा परेको पाइन्छ। त्यसमा पनि उनको पारिवारिक अवस्था, तत्कालीन सामाजिक परिवेश, शैक्षिक क्षेत्र, प्रशासनिक जीवन र आफ्नो स्वभाव, पेसा आदि उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई अन्तरसम्बन्धित तुल्याउने मुख्य मुख्य पाटाहरू हुन्।

समग्रमा स्वतन्त्र पारिवारिक अवस्थाबाट जीवनमा विविध उद्देश्यहरूको प्राप्तिका लागि सक्रिय भएका धितालले साहित्यिक कृतिहरूमा तत्कालीन सामाजिक विकृति र अन्धविश्वासको विरोध गरेका छन्। ती कृतिहरूमार्फत सुधारका सकारात्मक पक्ष अभिव्यक्त हुन पुगेको छ। त्यसैले उनको समाजसुधार सम्बन्धी सामाजिक चिन्तनले उनको साहित्य सिर्जनाका लागि आधार सामग्री प्रदान गरेको देखिन्छ। यसरी हेर्दा अत्यन्त व्यस्त, गहन अध्येता, परिश्रमी विष्णुप्रसाद धितालको जीवनी, व्यक्तित्व र कृतित्वका बीच परस्पर प्रभाव र प्रेरणा प्राप्त भई अन्योन्याश्रित सम्बन्ध स्थापित भएको पाइन्छ।

# चौथो परिच्छेद

# विष्णुप्रसाद धितालको लेखनयात्रा

## ४.१ लेखनयात्रा

विष्णुप्रसाद धितालका सम्पूर्ण पुस्तकाकार कृतिहरू तथा उनका फुटकर लेखरचनाहरू नेपाली साहित्यका विभिन्न विधा र क्षेत्रहरूसँग सम्बन्धित रहेका छन्। उनले नेपाली भाषा-साहित्यको विकासमा उल्लेखनीय योगदान दिएका छन्। उनले साहित्य सिर्जना गरी आफ्नो स्रष्टा व्यक्तित्वलाई अग्रगति दिएका छन् भने नेपाली समालोचनामा पनि फाटफुट कलम चलाएका छन्। यहाँ उनको नेपाली साहित्य यात्राको निरूपण गरिएको छ, उनको लेखनयात्रामा देखापरेका भिन्नताका आधारमा चरण विभाजन गरिएको छ र सम्बन्धित चरणमा प्रकाशित कृतिहरूका आधारमा उनको लेखकीय प्रवृत्तिहरू केलाइएको छ।

विष्णुप्रसाद धितालको सार्वजनिक लेखनयात्राको थालनी काठमाडौँबाट प्रकाशित हुने गोरखापत्रमा प्रकाशित 'कलिकाल' (१९९५) कविताबाट भएको हो। त्यसपछि उनले शारदा, नेपाली पद्यसङ्ग्रह, साहित्यस्रोत, बनारसबाट प्रकाशित शिक्षा, कलकत्ताबाट प्रकाशित भारती आदि पत्रिकाहरूमा कथा, कविता तथा निबन्धहरू प्रकाशित गर्दै गए। उनको समालोचनात्मक रचना भने २००७ सालमा शिक्षा पत्रिकामा प्रकाशित 'त्रिरत्न', 'भक्त भानुभक्त' (अप्रकाशित) र भारती पत्रिका प्रकाशित ‘नेपाली साहित्यको पूर्ववृत्तान्त’ हुन्। उनका कथाहरूमा भारती पत्रिकामा प्रकाशित 'सान्नानी' र 'लाहुरे दाइ', समुदाय पत्रिकामा प्रकाशित 'बैकुण्ठमा

ठाउँ खाली छ' (२०५४) हुन्। उनले 'नी' (२०५१) कवितासङ्ग्रहबाट नेपाली साहित्यको क्षेत्रमा पुस्तकाकार कृति पनि दिए।

विष्णुप्रसाद धितालको साहित्य लेखन विशेषगरी औपचारिक अध्ययनको जीवनसम्म सबभन्दा बढी क्रियाशील देखिन्छ। सरकारी सेवामा प्रवेश गरिसकेपछि उनको मूल विषय प्रशासनिक कार्य हुन पुग्यो। यस समयमा उनको लेखन प्रायः ठप्प नै रहेको छ। विदेशको प्रशासनिक सेवाका कारण नेपाली साहित्य लेखनमा धितालको दृष्टि परेको छैन। विदेशको जागिरे जीवन समाप्त भएर स्वदेश फिर्ता आएपछि आफ्ना प ुराना लेखरचनाहरू (कविता मात्र) सङ्कलन गरी २०५१ सालमा **नी** प्रकाशित भयो। त्यसपछि पनि उनले केही कविताहरू लेख ेका छन्। समग्रमा विष्णुप्रसाद धितालको लेखनयात्रा वि. सं. १९९५ सालमा सुरु भएर उनको जीवनको केही अवधिसम्म मात्र सक्रिय बन्न खोजेको देखिन्छ। त्यस क्रममा उन ी कथा, कविता, निबन्ध र समालोचना लेखनमा प्रवृत्त भएको पाइन्छ।

## ४.२ विष्णुप्रसाद धितालको लेखनयात्राको चरण विभाजन

विष्णुप्रसाद धितालको लेखनयात्रा वि. सं. १९९५ सालदेखि जीवनको अन्तिम प्रहर (वि. सं. २०६०) सम्म आइपुग्दा साढे छ दशकको लामो देखिन्छ। नेपाली साहित्य सिर्जनाबाट नेपाली भाषाको वृद्धि र विकासमा धितालको प्रतिभा, विद्वत्ता र अध्ययनशीलताले सहयोग पुग्यो। तर अनेक क्षेत्रसँगको सम्बद्धताले उनी अत्यन्तै व्यस्त भएकाले उनको साहित्यिक प्रतिभा र विद्वत्ताको पूर्ण उपयोग लेखनमा हुन पाएन। त्यसैले उनले त्यति

लामो लेखनयात्रामा ज्यादै थोरै कृतिहरू लेखे। तिनमा पनि केही हराए र केही मात्र प्रकाशित भए। प्रकाशित रचनामध्ये पनि कतिपय सङ्कलन र सङ्ग्रहको अभावमा विभिन्न पत्रपत्रिकाहरूमा यत्रतत्र छरिएर रहेका छन्। लेखन नियमित र निरन्तर हुन नसक्दा उनको नेपाली साहित्ययात्रामा क्रमिकता वा शृङ्खला पाइँदैन। उनको समग्र लेखनयात्रालाई निम्नलिखित दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ।

१) पहिलो चरण (१९९५-२०४०): साहित्य सिर्जनाको अवधि

२) दोस्रो चरण (२०४१-२०६०): सङ्कलन र प्रकाशनको अवधि

### ४.२.१ पहिलो चरण (१९९५-२०४०)

विष्णुप्रसाद धितालको साहित्य लेखनयात्राको पहिलो चरण १९९५ देखि २०४० सालसम्मलाई मानिएको छ। पहिलो चरण मूलरूपमा उनको अध्ययन र साहित्य सिर्जनाको अवधि हो। उनले आफ्नो जीवनमा जे जति साहित्य सिर्जना गरे प्रायजसो यसै अवधिमा गरेका हुन्। यस चरणमा धितालका पुस्तकाकार कृतिहरू प्रकाशित भएको छैनन्। उनले यस चरणमा साहित्यको गद्य र पद्य दुवै विधामा कलम चलाएका छन्। यस अवधिमा उनका विभिन्न रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन्। विष्णुप्रसाद धितालको पूर्वार्द्धकालीन लेखनयात्रामा प्राप्त प्रकाशित कृतिहरूलाई क्रमिक रूपमा तल प्रस्तुत गरिएको छ।

| क्र.सं. | शीर्षक | पत्रपत्रिका/पुस्तक | प्रकाशित मिति | विधा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | कलिकाल | गोरखापत्र | १९९५ | कविता |
| २. | प्रेयसी | शारदा | १९९८ | कविता |
| ३. | तटिनी | नेपाली पद्यसङ्ग्रह | १९९९ | कविता |
| ४. | जुद्ध-कीर्तन | गोरखापत्र | १९९९ | कविता |
| ५. | समस्यापूर्ति | शारदा | १९९९ | कविता |
| ६. | जन्मोत्सव | गोरखापत्र | २००० | कविता |
| ७. | शारदा स्तुति | सरस्वती पूजासङ्ग्रह | २००० | कविता |
| ८. | साहित्यस्रोत | साहित्यस्रोत | २००४ | कविता |
| ९. | बन्दे जननी | उदय | २००६ | कविता |
| १०. | सान्नानी | भारती | २००६ | कथा |
| ११. | लाहुरे दाइ | भारती | २००६ | कथा |
| १२. | बालक | शिक्षा | २००७ | कविता |
| १३. | घँसिनी | शारदा | २००७ | कविता |
| १४. | त्रिरत्न | भारती | २००७ | समालोचना |
| १५. | नेपाली साहित्य | भारती | २००७ | समालोचना |
| १६. | कविको गीत | शारदा | २००८ | कविता |
| १७. | श्रद्धाञ्जली | भारती | २००८ | कविता |

| | | | | |
|---|---|---|---|---|
| १८. | सम्झना | भारती | २००८ | कविता |
| १९. | भट्टिनी | भारती | २००८ | कविता |
| २०. | कन्याकुमारी | भारती | २००८ | कविता |
| २१. | अभिसरण | भारती | २००९ | कविता |
| २२. | जननी | भारती | २००९ | कविता |
| २३. | नलिनी | युगवाणी | २००९ | कविता |
| २४. | नी-राज | भारती | २००९ | कविता |
| २५. | दर्शौं | भारती | २००९ | कविता |
| २६. | मनको रिन | भारती | २००९ | कविता |
| २७. | के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुनु असल होला? | भारती | २००९ | निबन्ध |
| २८. | गोरखाली कि नेपाली? | भारती | २००९ | समालोचना |
| २९. | न्याउली | भारती | २०१० | कविता |
| ३०. | गीत | भारती | २०१० | कविता |
| ३१. | युवकको सपना | शारदा | २०११ | कविता |
| ३२. | झर्ना | हिमालचुली | २०१२ | कविता |
| ३३. | गीत | हिमालचुली | २०१२ | कविता |
| ३४. | भानुप्रति | नेपाली शिक्षा | २०१२ | कविता |

| | | | | |
|---|---|---|---|---|
| | | परिषद् | | |

विष्णुप्रसाद धितालले काठमाडौँको दरबार हाइस्कुलमा अध्ययन थालेपछि त्यहाँको साहित्यिक वातावरणमा उनको साहित्यिक प्रतिभाको प्रस्फुटित भयो। उनका अधिकांश साहित्यिक रचनाहरू काठमाडौँ र भारतका विभिन्न विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनको क्रममा लेखिएका तथा प्रकाशित भएका छन्। यस चरणमा उनी कविता, कथा, निबन्ध तथा समालोचनाजस्ता विविध साहित्यिक विधामा कलम चलाएर आफ्नो बहुमुखी प्रतिभाको परिचय दिन सफल भएका छन्। पहिलो चरण नै उनको समग्र लेखनको आभ्यासिक चरण पनि हो। आफ्नो आभ्यासिक चरण हुँदाहुँदै पनि पूर्वार्द्धकालका उनका लेखरचनाहरू वेदान्त दर्शन, समसामयिक युगबोध र सामाजिक परिवर्तनजस्ता विषयले बौद्धिक र गहन बन्न पुगेका छन्। तिनमा जति सामाजिक सन्देश र वैचारिकता प्रचुर छ त्यत्तिकै मात्रामा सौन्दर्य शक्ति पनि छ। तसर्थ उनका रचनाहरूमा भावको विपुलतम प्रचुरताले भरिएका छन्। उनका साहित्यिक रचनाहरूमा विचार र सौन्दर्य शक्तिको उत्कृष्ट सम्मिश्रण छ। यो उनको साहित्य लेखनको उर्वर चरण हो। यस चरणमा उनले साहित्यका विविध विधामा कलम चलाए पनि तिनमा विधागत सचेतताको कमी, शिल्पशैली र साङ्गठनिक कमजोरी, बौद्धिक परिपक्वताको अभावजस्ता कमी देखिन्छ। यसो भए पनि उनको सम्पूर्ण साहित्य सिर्जना यही पूर्वार्द्धकालमा भएकाले यो आफैमा महत्त्वपूर्ण रहेको छ।

### ४.२.२ दोस्रो चरण (२०४१-२०६०)

विष्णुप्रसाद घितालको लेखनयात्राको दोस्रो चरण २०४१ देखि २०६० सालसम्म मानिएको छ। दोस्रो चरण उनका विभिन्न पत्रपत्रिकामा छरिएर रहेका लेखरचनाहरूको सङ्कलन र पुस्तकाकार कृति प्रकाशनको अवधि हो। यस अवधिमा उनले फाटफुट रूपमा साहित्यिक सिर्जना गरेका छन्। उनको दोस्रो चरण छुट्याउने मुख्य आधार २०४५ सालदेखि विश्व खाद्य कृषि कार्यक्रमबाट सेवानिवृत्त हुनु र पुनः विभिन्न साहित्यिक लेखरचनाहरूको सिर्जना र प्रकाशन थाल्नु हो। विश्व खाद्य कृषि कार्यक्रमबाट सेवानिवृत्त भएपश्चात् उनी स्वदेश फिर्ता भए। यस चरणमा आफूले सके जति साहित्य लेखन पनि गरे। विशेष गरेर उनको यस दोस्रो चरणको प्रथम प्रकाशित पुस्तकाकार कृति 'नी' कवितासङ्ग्रह (२०५१) हो। यो उनको आफ्नो जीवनभर लेखिएका कवितासङ्ग्रहको पूर्ण रूप पनि हो। त्यसपछि उनले केही कविता र कथा लेखे। उनको उत्तरार्द्धकालीन लेखनयात्रामा प्राप्त प्रकाशित कृतिहरूलाई कालक्रमिक ढङ्गमा तल प्रस्तुत गरिएको छ।

| क्र.सं. | शीर्षक | पत्रिका/पुस्तक | प्रकाशन मिति | विधा |
|---|---|---|---|---|
| १. | पीर | जिज्ञासा | २०४१ | कविता |
| २. | बिसौनी | गरिमा | २०४६ | कवि |

| | | | | |
|---|---|---|---|---|
| | | | | ता |
| ३. | प्रगति | 'नी' कवितासङ्ग्रह | २०५१ | कविता |
| ४. | श्री ज. मदनशमशेर जबराको पुण्य स्मृतिमा | 'नी' कवितासङ्ग्रह | २०५१ | कविता |
| ५. | सर्किनी | दायित्व | २०५१ | कविता |
| ६. | बैकुण्ठमा ठाउँ खाली छ | समुदाय | २०५४ | कथा |
| ७. | चारपास | कान्तिपुर | २०५८ | निबन्ध |
| ८. | चारपास (पर्यावसान) | कान्तिपुर | २०५८ | निबन्ध |
| ९. | गोधुलि | गरिमा | २०५९ | कविता |
| १०. | मेरो शैशव | गरिमा | २०५९ | कविता |
| ११. | सुरसुधा | गरिमा | २०६० | कविता |
| १२. | देउराली | गोरखा | २०६० | कवि |

| | | | | |
|---|---|---|---|---|
| | | वाङ्मय | | ता |
| १३. | विकास | मधुपर्क | २०६० | कविता |
| १४. | उमेर पाक्दा | अर्को नी | २०६० | कविता |
| १५. | मन-मन्दिर | अर्को नी | २०६० | कविता |

विष्णुप्रसाद धितालले दोस्रो चरणमा जम्मा १३ वटा कविता, एउटा कथा र दुईवटा निबन्ध रचना गरेका छन्। यस चरणमा मदन शमशेर जबराको पुण्य स्मृतिमा जस्तो लामो कविताको रचना गरेका छन्। यस चरणमा उनको लेखन जति खारिएको छ त्यति नै भाव र बौद्धिकताले पनि भरिपूर्ण बन्न पुगेको छ। उनी यस चरणमा साहित्य सिर्जनातर्फ त्यति लागेका छैनन्। यो चरण विशेष गरेर उनका पुस्तकाकार कृतिको प्रकाशन र समाजसेवामा बितेको हुँदा नयाँ रचना त्यति भएको पाइँदैन। यस चरणमा उनमा विधागत सचेचता, बौद्धिक-वैचारिक परिपक्कता र साङ्गठनिक सन्तुलन पूर्णतः कायम भएको पाइन्छ। यस चरणमा उनको साहित्यिक व्यक्तित्व अझ सुगठित भएको छ। उनका उत्तरार्द्धका लेखहरू अत्यन्त गहन, बौद्धिक र गम्भीर प्रकृतिका छन्। यस चरणको लेखनमा उनले आफ्नो अध्ययन र विद्वत्ता अभिव्यक्त गरेका छन्। उनका यस चरणका लेखरचनाहरू थोरै भएर पनि नेपाली साहित्यको क्षेत्रमा महत्त्वपूर्ण स्थान राख्न सफल भएका छन्।

# पाँचौँ परिच्छेद

# विष्णुप्रसाद धितालका कृतिहरूको विश्लेषण

विष्णुप्रसाद धितालले नेपाली साहित्य लेखनको सुरुवात कविता विधाबाट गरेका हुन्। उनले नेपाली साहित्यको कविता, कथा, समालोचना र निबन्ध विधामा कलम चलाए। उनले आफ्नो जीवनभर जम्मा ४१ वटा कविता, ३ वटा कथा, ३ वटा समालोचना र ३ वटा निबन्धात्मक लेखहरूको रचना गरेका छन्। यहाँ यिनै रचनाहरूको क्रमशः विश्लेषण गरिएको छ।

## ५.१ विष्णुप्रसाद धितालका कविताको विश्लेषण

### ५.१.१ परिचय

विष्णुप्रसाद धितालको साहित्य लेखनको आरम्भ कविता विधाबाट भएको हो। उनका वि. सं. १९९५ सालदेखि भारती, शिक्षा, शारदा, गोरखापत्र, साहित्यस्रोत, गरिमा, गोरखा वाङ्मय र मधुपर्क जस्ता पत्रिकाहरूमा प्रकाशित भएका कविताहरू छरिएर रहेक ा थिए। ती कविताहरूमध्ये जम्मा २८ वटा कविताहरू **नी** कवितासङ्ग्रह (२०५१) मा सङ्गृहीत छन्। उनका अरू कविताहरू र **नी** कवितासङ्ग्रहमा सङ्गृहीतसमेत गरी जम्मा ४१ वटा कविताहरू **अर्को नी** (२०६०) मा सङ्गृहीत छन्। यस सङ्ग्रहमा कविका वि. सं. १९९५ सालदेखि वि. सं. २०६० सालसम्मका विभिन्न पत्रपत्रिकामा प्रकाशित ४१ वटा कविताहरू ९३ पृष्ठमा सङ्गृहीत छन्। यहाँ ती कविताहरूको विश्लेषण डा. खगेन्द्रप्रसाद लुइटेलको विद्यावारिधि शोधप्रबन्ध **कविताको संरचनात्मक विश्लेषण**मा प्रस्तुत गरिएको संरचनात्मक प्रारूपका आधारमा गरिएको छ।[278]

## ५.१.२ विभाजन

संरचना वा कृतिका बृहत् एकाइको लघु एकाइहरूमा गरिने वितरणलाई विभाजन भनिन्छ। यसअन्तर्गत एउटा सिङ्गो संरचना विभिन्न एकाइहरूमा बाँडफाँड वा वर्गीकरण गरेर कृतिका बाह्य पक्षहरू केलाउने काम गरिन्छ। कुनै पनि कृतिलाई भाग (सर्ग, परिच्छेद, उच्छ्वास आदि), अङ्क, दृश्य (स्थान), प्रसङ्ग पङ्क्तिपुञ्ज (श्लोक), पङ्क्ति (पाउ, चरण,

[278] डा. खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. २०१।

हरफ) आदि विभिन्न एकाइहरूमा विभाजन गरिएको हुन्छ। यी सबै एकाइहरूमध्ये कुनै कृतिमा सम्पूर्णको र कुनै कृतिमा केहीको मात्र अवस्थिति रहन्छ। कतिपय रचनामा यस्ता एकाइहरूको विभाजन लेखक स्वयंले गरेको हुन्छ भने कतिपयलाई अविभक्त अवस्थामा छाडिएको हुन्छ। लेखकद्वारा विभाजन गरिएको भए चिह्नित हुन्छ र ती सहजै देखिन्छन् भने लेखकद्वारा विभाजन नगरिएको भए अनिश्चित हुन्छ र ती सहजै देखिँदैनन्।[279]

प्रगीतात्मक कृतिलाई सामान्यतः दृश्य प्रसङ्गमा पङ्क्तिपुञ्ज आदिमा विभाजन गरिएको हुन्छ। यस्ता सबै कृतिहरूको विश्लेषण गर्दा सर्वप्रथम कृतिमा चिह्नित वा अचिह्नित रूपमा रहेका एकाइहरूलाई केलाएर कृतिको विभाजन स्पष्ट पारिदिन्छ।[280] कवि विष्णुप्रसाद धितालको **अर्को नी** कवितासङ्ग्रहका ४१ वटा कवितालाई एकै रूपमा विभाजन नगरेर विभिन्न तरिकाले विभाजन गरिएको छ। यी कविताहरूमा सबभन्दा छोटो कविता 'बालक' र 'जन्मोत्सव' शीर्षकका ४ पङ्क्तिमा आबद्ध भएको छ। यसैगरी सबैभन्दा लामो कविता 'श्री ज मदन शमशेर जबराको पुण्यस्मृतिमा' शीर्षकको कविता ८७ पङ्क्तिपुञ्ज र ३४८ पङ्क्तिमा आबद्ध भएको छ। यी सबै कविताको आयाम निम्नानुसार रहेको छ।

| **क्र.सं.** | **कविता** | **पङ्क्तिपुञ्ज** | **पङ्क्ति** |
|---|---|---|---|
| १. | कलिकाल | ११ | ४४ |

[279] ऐजन।
[280] ऐजन।

| | | | |
|---|---|---|---|
| २. | प्रेयसी | ६ | २४ |
| ३. | तटिनी | ९ | ३६ |
| ४. | जुद्धकीर्तन | × | १० |
| ५. | समस्यापूर्ति | ४ | १६ |
| ६. | जन्मोत्सव | १ | ४ |
| ७. | शारदा स्तुति | ६ | २४ |
| ८. | साहित्य स्रोत | २ | ८ |
| ९. | बालक | १ | ४ |
| १०. | बन्दे जननी | ३ | १२ |
| ११. | घँसिनी | ८ | ३२ |
| १२. | कविको गीत | × | १४ |
| १३. | श्रद्धाञ्जलि | ५ | २० |
| १४. | सम्झना | ५ | २० |
| १५. | भट्टिनी | २८ | ११२ |
| १६. | गीत | ४ | २० |
| १७. | कन्याकुमारी | ९ | ४५ |
| १८. | अभिसरण | ६ | २४ |
| १९. | जननी | २१ | ८४ |
| २०. | नलिनी | ८ | ३२ |
| २१. | नी-राज | १७ | ६८ |
| २२. | दशैँ | २ | ८ |

| | | | |
|---|---|---|---|
| २३. | मनको रिन | ९ | ४५ |
| २४. | न्याउली | ५ | २५ |
| २५. | गीत | × | १४ |
| २६. | युवकको सपना | × | १०० |
| २७. | झर्ना | ४ | १६ |
| २८. | के भयो रे? | १४ | ७० |
| २९. | भानुप्रति | ५ | २० |
| ३०. | पीर | ६ | २४ |
| ३१. | बिसौनी | ९ | ३६ |
| ३२. | प्रगति | ९ | ३६ |
| ३३. | श्री ज मदन शमशेर जबराको पुण्यस्मृतिमा | ८७ | ३४८ |
| ३४. | सर्किनी | १५ | ६० |
| ३५. | गोधुलि | १३ | ५२ |
| ३६. | मेरो शैशव | ३२ | १२८ |
| ३७. | सुरसुधा | ७ | २८ |
| ३८. | देउराली | ७ | २८ |
| ३९. | विकास | १५ | ६० |
| ४०. | उमेर पाक्दा | ६ | २४ |
| ४१. | मन मन्दिर | × | १४ |

यसरी कवि विष्णुप्रसाद धितालका **अर्को नी** सङ्ग्रहका कविताहरू कतिपय धेरै लामा र कतिपय ज्यादै छोटा छन् भने कतिपय मझौला आकारका छन्। उनका सबै कविता पद्यात्मक ढाँचामा प्रस्तुत भएका छन्। उनका मन मन्दिर, विकास, सुरसुधा, गोधुलि, युवकको सपना, गीत, कविको गीत, जुद्धकीर्तन, बालक र जन्मोत्सव कवितामा सङ्ख्याङ्कन गरिएको छैन भने अरू बाँकीमा सङ्ख्याङ्कन गरिएको छ। कन्याकुमारी, गीत, मनको रिन, न्याउली कवितामा पाँच पाँच पङ्क्तिको एक पङ्क्तिपुञ्ज र अरू बाँकी सबै चार/चार पङ्क्तिको एक पङ्क्तिपुञ्जमा विभाजन भएको छ। जुद्धकीर्तन, कविको गीत, गीत, युवकको सपना र मन मन्दिरमा पङ्क्तिपुञ्जको विभाजन पनि गरिएको छैन भने भट्टिनी कवितालाई 'क' र 'ख' गरी दुई भागमा विभाजन गरिएको छ। यस सङ्ग्रहका कविताहरूलाई पङ्क्तिपुञ्जमा विभाजन गर्दा चिह्नहरूको प्रयोग गरी साथै एकै पङ्क्तिमा बढाइएको पाइन्छ। उदाहरणका लागि जुद्धकीर्तन शीर्षक कवितालाई हेर्दा-

सबै मिलिजुलि गरौँ सरस जुद्धको कीर्तन,
बढोस् अटल पाउमा सकल छात्रको पूजन,
पढेर सबले गरून् सफल कर्म यो देशमा,
कतै पनि कुकर्मको जय नहोस् सबै लोकमा
कता कुन दिशामहाँ जुलुम के छ भो के कहाँ
भनी दिन दिनै प्रजा- विषय पीर्लिने जुद्धमा
गरून् ति जगदीशले परम आयु लामोकन
गिरीशहरूले हरून् सकल पापको बन्धन,

दिऊन् विजय चण्डिका विजय गुह्यकाली उही
कुदोस् सब दिशामहाँ अतुल कीर्ति धारा बही।

यसरी कविले आफ्ना कवितामा विभिन्न प्रकारका चिह्न पङ्क्तिपुञ्ज, पङ्क्ति र सङ्ख्याङ्कन गर्ने र नगर्ने गरेको पाइन्छ। उनका कविता छोटा र लामा आकारमा रहेको पाइन्छ। उनका कविताहरूलाई विभिन्न पङ्क्तिपुञ्ज र पङ्क्तिमा विभाजन गरेर रचना गरिएको पाइन्छ।

## ५.१.३ सङ्गठन

संरचनालाई पूर्णता प्रदान गर्ने दृष्टिबाट परस्पर सम्बद्ध तथा स्वतन्त्र प्रकार्य हुने अवयव वा अङ्गहरूको व्यवस्थापनलाई सङ्गठन भनिन्छ। यसअन्तर्गत कुनै कृतिका अवयव वा अङ्गलाई निश्चित क्रममा व्यस्थापन गरिन्छ। प्रगीतात्मक संरचना भएका कविताहरू क्रमिक वा व्यतिक्रमिक ढङ्गले आदि मध्य र अन्त्यकै क्रममा सङ्गठित भएका हुन्छन्।[281]

कुनै पनि कवितामा विषयवस्तुको सङ्गठनको व्यवस्था आदि, मध्य र अन्त्य क्रमिक रूपमा मिलेर भएको हुन्छ। कविताको आदि भागमा सर्वप्रथम कविताको चिनारी प्रस्तुत गरिएको हुन्छ। यसमा स्थान, सहभागी, घटना आदिमध्ये कुनैको परिचय गराउनका साथै सम्भाव्य समस्या र परिस्थितितर्फ सङ्केत गरिएको हुन्छ।[282]

---

281 ऐजन।
282 ऐजन।

कवि विष्णुप्रसाद धितालका कविताहरूमा पनि सर्वप्रथम कविताको चिनारी प्रस्तुत गरिएको छ। उनका कवितामा स्थान, सहभागी, घटना आदिमध्ये कुनैको परिचय दिइएको छ। उदाहरणको लागि 'उमेर पाक्दा' शीर्षकको कवितालाई हेर्दा:

बिते वर्षा धेरै अब कति छ बाँच्ने र रहर!
कतै  वासन्तीको स्मृति पटलमा छैन प्रहर,
विपन्नावस्थाका दिन गहनका संस्मरणमा
भयो जे भयो त्यै हो अब परमधामी पहलमा।

कविताको आदि भागपछि मध्य भागमा सम्भाव्य समस्या र परिस्थितितर्फ सङ्केत गरिएको छ। यही कवितालाई हेर्दा:

कसैको नोक्सानी नभइ गरियो जे जति यहाँ
कतै केही सानो जस नमिलि गो, जीवन यहाँ
'नहोला सोझाको शुभ गति' सतीका वचनको
परेँ फेला; जो हो विधिसित हुने त्यै भइ गयो।

(पृ. ९१)

यसरी मध्य भागमा कविताको समस्यालाई देखाइएको छ। कविताको अन्त्य भागमा घटना श्रृङ्खलाको निष्कर्ष प्रस्तुत गरिएको छ। यही कवितालाई उदाहरणको रूपमा हेर्दा:

कसैले गर्ला क्यै भनिकन न आशा त अब छ,
गरूँ, बेला गैगो, न त जप सिवा क्यै रहल छ-
भवानीको यद्वा शिवहरिहरूको भजन छ;
बस्यो, खायो, बाँकी दिन जति कुर्‍यो यै चलन छ।

(पृ. ९२)

यसरी कवि विष्णुप्रसाद धितालले आदि, मध्य र अन्त्यको सुन्दर प्रयोग र संयोजन गरेर आफ्ना कविताको रचना गरेका छन्। उनले कवितामा चिनारी, समस्या र निष्कर्ष क्रमशः प्रस्तुत गरेका छन्।

## ५.१.४ वस्तुविन्यास

वस्तुले कृतिको सारभ ूत अंश वा सारतत्वलाई जनाउँछ। वस्तु सबैखाले क ृतिमा हुन्छ र वस्तुबिना कुनै पनि कृतिको संरचना हुँदैन। वस्तु मूलतः भाव वा विचारका रूपमा अभिव्यक्त हुन्छ। प्रगीतात्मक संरचना भएका कृतिमा भाव वा विचारका रूपमा सारतत्त्व आउँछ।[283] विष्णुप्रसाद धितालका कवितामा भावको विकास र व्यवस्थापनलाई निम्नअनुसार प्रस्तुत गरिएको छ।

| क्र.सं. | शीर्षक | मूलभाव |
|---|---|---|
| १. | कलिकाल | आधुनिकताको नाममा मान्छे अल्छी बनेको, बाल्यकालमा नपढ्नाले विभिन्न दुःख भोग्नुपरेको, टोलका आवाराको सङ्गतले भविष्य अन्धकार हुने हुँदा अध्ययनशील बन्नुपर्ने चेतनाको प्रस्तुति |
| २. | प्रेयसी | दुई दिनको जीवन सुखसाथ बिताउनुपर्ने, जब प्रेमी र प्रेम िकाको दिल एकाकार हुन्छ तब त्यो संसार उज्यालो बन्ने, संसार सारमय नभएकाले आफ्नो |

[283] ऐजन।

| | | |
|---|---|---|
| | | जीवनलाई सार्थक र सफल बनाउनुपर्ने भाव वा आशयको प्रस्तुति |
| ३. | तटिनी | आकाश छानो, पहाड घर, सागर पँधेरो भई प्रकृति जगत्‌मा विचरण गर्ने तटबालाको जीवन वा प्रकृतिपुत्रीको स्वच्छन्द जीवनशैली सबैका लागि आकर्षण योग्य भएको रमणीय प्रस्तुति |
| ४. | समस्यापूर्ति | एक्लै एकान्तमा हिँडिरहेको बटुवालाई सोद्देश्यमूलक के कामको लागि र कतातिर गर्जनयुक्त अन्धकार प्रकृतिको रौद्र रूपमा तिमी हिँडिरहेका छौ भन्दै बटुवालाई गरिएको प्रश्नसँग मानवजीवनको शाश्वत पक्षलाई अन्तर्भूत गराई जीवन यात्राको अन्तिम मोडतिर आइपुग्दा सम्पूर्ण मानवगतिको जुन रूप हुन्छ त्यसको मुख्य रूपको प्रस्तुति |
| ५. | जुद्धकीर्तन | जुद्धशमशेरको स्तुति साथै देश विकासमा सबै युवा विद्यार्थी संलग्न हुने प्रतिबद्धताको प्रस्तुति |
| ६. | शारदास्तुति | सरस्वतीको पूजा अर्चनामा समर्पित, प्रकृतिको साहारा लिइएको मानव मनभित्र अन्धकार युगमा पनि उज्यालो चेतनाको सञ्चरण गराइदिने र सधैँ जीवनमा सफल गराइदिने कामनासहितको सरस्वती स्तुतिको प्रस्तुति |

| | | |
|---|---|---|
| ७. | जन्मोत्सव | राणा प्रधानमन्त्री जुद्धशमशेरको जन्मोत्सव आएको चाल पाएर प्रकृति लगायत सम्पूर्ण मानवमन खुसीले गदगद भएको प्रमुख आशयको प्रस्तुति |
| ८. | साहित्यस्रोत | नेपालीहरूमा शिक्षारूपी साहित्यिक समृद्धि होस्, कवि, लेखक सबै साहित्यिक मनोरञ्जनमा रम्न सकून्, हिमाल, पहाडरूपी पाषाण शिक्षाको ज्योतिले उज्यालियोस् भन्ने प्रस्तुति |
| ९. | बालक | बालक स्वभावका रहरलाग्दा सन्दर्भहरूलाई अभिधा अर्थमा नै चित्रित गरिएको सुन्दर प्रस्तुति |
| १०. | बन्दे जननी | हामी यस देशका गरीब, धनी, कवि, लेखक, ग्रहउपग्रहको अध्ययन गर्ने वैज्ञानिकहरू भए तापनि हामी यस देशका सेवक हौँ अनि यो देश हामीलाई जन्म दिने माता हो, जननी हो भन्ने भावसहितको प्रस्तुति |
| ११. | घँसिनी | प्रकृतिको रमणीय स्थल र कलकलको बीचमा रातो चेहरामा म पात्रको सामु उभिएर किशोरीको आकर्षक लावण्यको सुन्दर प्रस्तुति अथवा सौन्दर्य चाहे प्राकृतिक होस् चाहे मानवीय सबैले मानव मनलाई आनन्दविभोर अवस्थामा पुर्‍याउँछ भन्ने चेतनाको उत्कृष्ट प्रस्तुति |

| | | |
|---|---|---|
| १२. | कविको गीत | आफूले हिँडेका, तय गरेका बाटाहरूको यात्रा कस्तो ठाउँमा, कस्तो ठाउँबाट गइरहेको छ जस्ता विभिन्न शङ्का उपशङ्काको सकारात्मक उत्तर दिँदै र उत्कृष्ट बाटो समाउँदै सफलताको शिखरतर्फ उन्मुख हुँदै सामाजिक अस्तित्वको खोजी गरिएको प्रस्तुति |
| १३. | श्रद्धाञ्जली | राजा त्रिभुवनलाई जनप्रेमी राजा, प्रजातन्त्रप्रेमी राजा भएक◌ाले प्रजातन्त्र प्राप्तिको लागि त्रिभुवनले देखाएको त्याग र समर्पणको चर्चा गर्दै कवि मनमा उत्पन्न हर्ष भावलाई व्यक्त गरी त्रिभुवनप्रति श्रद्धा व्यक्त गरिएको प्रस्तुति |
| १४. | सम्झना | कुनै असल स्वभावयुक्त आफन्तलाई कविताको विषय बनाई निकट व्यक्तिको बिछोडबाट लेखकको मनमा उत्पन्न विरह भावको प्रस्तुति |
| १५. | भट्टिनी | सामाजिक, प्राकृतिक अतिरिक्त मनोबिम्ब समेत टिप्दै सुरासेवनमा संलग्न भट्टी वरपरको वातावरणलाई विषयवस्तु बनाई ज◌ीविकोपार्जनक◌ा लागि भट्टिनी विवश भएर सुरा बेचेर बस्नु परेको बाध्यात्मक परिवेशको प्रस्तुति |
| १६. | गीत | एक विरही व्यक्तिले आफूले असाध्यै प्यारो ठानेको वस्तु वा प्रेमीलाई उडाई लाने बौँडाई चर◌ीप्रतिको |

| | | |
|---|---|---|
| | | खेदपूर्ण भावलाई मुख्य विषयवस्तु बनाई गरिएको प्रस्तुति |
| १७. | कन्याकुमारी | खोला, नाला, वनपाखा, डाँडाकाँडा, लताकुञ्ज लगायत नागबेली परेका खोलाका कलकल नादले अत्यन्त अह्लादित स्वर्गजस्तै नेपालमा जता गए पनि, जसरी भए पनि आनन्दकै वर्षा हुने चर्चा भएर पनि कन्याकुमारीको तपस्या पूरा नभएझैँ कविको उद्देश्य पनि पूरा नहुने हो कि? भन्ने शङ्काको प्रस्तुति |
| १८. | अभिसरण | सांसारिक दु:ख र अभिशापको अवस्था नै मुख्य विषय बनाई मानवले जीवन भोग गर्ने क्रममा आइपर्ने दु:खहरू समाप्त भई उज्याला पक्षहरूको आगमनको कामना, चाहनासहितको मानवजीवनको उज्यालो पक्षको प्रस्तुति |
| १९. | जननी | विदेशमा बस्न विवश व्यक्तिको स्वदेशप्रतिका स्वर लहरीहरू सामाजिक एवं प्राकृतिक दृश्यहरूको बिम्बविधान रहेको कवितामा आमा र मातृभूमिको प्रगाढ स्नेह भाव र स्वर्ग जस्तो देश छाडेर आफू नीरस विदेशी भूमिमा बस्नु परेकोमा दु:खको प्रस्तुति |
| २०. | नलिनी | बिहानीको सूर्योदयसँगै पोखरीको कमल जसरी फक्रन्छ त्यसरी नै राणाशासनको अन्याय, अत्याचारको चरम शोषणले चिर निद्रामा परेका |

| | | |
|---|---|---|
| | | नेपालीहरू आफ्नो हक अधिकार लिन बिउँझिनुपर्ने आग्रहको प्रस्तुति |
| २१. | नी-राज | एकातिर राणाशासनको अन्त्य भयो, पुराना मूल्य मान्यताहरू ढलेर नयाँ जोश र उमङ्ग आए पनि नयाँ मूल्य र मान्यताहरू स्थापित गर्नतर्फ नलागेर नवचेतनाका प्रवर्तकहरू आ-आफ्नै स्वार्थका डम्फुहरू बजाउन लागेको तत्कालीन वस्तुगत यथार्थको सफल प्रस्तुति |
| २२. | दशैँ | कामको सिलसिलामा बिछोड हुन पुगेका मानिसहरू एकआपसमा जम्मा भई मिठामिठा कुराहरू गरेको, वर्षाक ा दु:खद क्षणहरूको समाप्ति र शिशिरको तुषारो पनि नआइसकेक ाले यो चाड र यस चाडको समय अत्यन्त रमणीय रहेको प्रस्तुति |
| २३. | मनको रिन | पैसा कमाउन विदेश गएको पति अरू छरछिमेकीका पति फर्केर आउँदा पनि नआएको, चरीलाई खबर पठाउँदा पनि नआउँदा पतिलाई पर्खेर बसेकी विरहिणीको धन दौलतभन्दा चोखो माया र सँगसँगै बसेर जीवन बिताउने चाहना र बिछोडको भावको प्रस्तुति |
| २४. | न्याउली | मानव मनभित्र चोखा विरही भावलाई देखाउँदै हुने |

| | | |
|---|---|---|
| | | कुरा भएर छाड्ने र चिन्ताले कुनै पनि समस्या समाधान नगर्ने हुँदा आफ्ना अगाडि आउने घातप्रतिघातसँग पनि हाँसी हाँसी सङ्घर्ष गर्नुपर्ने आशयको प्रस्तुति |
| २५. | युवकको सपना | देशमा प्रजातन्त्रको प्राप्ति नै यस कविताको मुख्य कामना रहेको र प्रियको ओठ, हाँसो र उन्नत ललाटको खुसीमा प्रजातन्त्र फलेको फुलेको तथ्यको प्रस्तुति |
| २६. | गीत | धेरै लामो समयदेखि परदेश बसेको पति लामो समयको पर्खाइमा पनि आफ्नो घर नफर्कँदा एक्ली श्रीमतीका मनमा पति बिछोडका कारण उत्पन्न विरही भावको अति सुन्दर रूपमा प्रस्तुति |
| २७. | झर्ना | पहाडी कुनाकन्दराबाट झरेको झरनामा जब प्रभातकालीन किरण झल्कन्छन् आफूलाई त्यतिबेला स्वर्णमय बनाएको र प्राकृतिक सौन्दर्यलाई सागरको गहिराइमा लुकाउन झरना दौडेको आशयको प्रस्तुति |
| २८. | के भयो रे? | प्रश्नवाचक शैलीमा प्रेमी र प्रेमिका दुई आत्मा एकाकार भएको, एकअर्काका बीचमा सम्बन्ध प्रगाढ बन्दै गएको र यस्तो सम्बन्ध नै मानव जीवनको उत्तम क्षण भएको प्रस्तुतिसहित मानवीय जीवनको |

| | | |
|---|---|---|
| | | सुन्दरता र सफलताको प्रस्तुति |
| २९. | भानुप्रति | आदिकवि भानुभक्तले नेपाली साहित्यको विकास र संरक्षणमा दिएको योगदान, नेपाली भाषाको उत्थान र विकासले नयाँ बिहानको सुरुवात गरेको, यो साहित्य र मानव मनको औषधी बन्न सकेको चर्चा गर्दै भानुभक्तको नेपाली भाषा-साहित्यप्रतिको योगदानको प्रस्तुति |
| ३०. | पीर | कवि मनले कैयौँ वसन्तहरू पूरा गरिसक्दा पनि, आफू बुढो भइसक्दा पनि संसार र समाज परिवर्तन हुन नसक्दा आफूलाई दु:ख र पीर लागेको, हजारौँ वसन्त व्यतीत हुँदा पनि शून्य झन फैलिँदै गएको, शून्य अझ बढेको, भय र त्रासको वातावरण रहिरहँदा आफूलाई मानवको ठूलो क्षति हुन्छ कि भन्ने पीर लागेको भावको प्रस्तुति |
| ३१. | बिसौनी | मानव जीवनका सुरुसुरुमा मानवका उर्वर मनोकाङ्क्षाले महत्तम शिखर आरोहणको उद्देश्य लिन्छ तर जीवनमा जे सोचिन्छ त्यो पूरा हुँदैन, जे सोचिँदैन त्यो पूरा हुन्छ। गर्न पर्ने कुरा नगरी हुँदैन। मानिसका इच्छा आकाङ्क्षाहरू बिस्तारै कमजोर हुँदै जान्छन् अनि देश सप्रेको सुखद चाहना गर्नुबाहेक उसको कुनै विकल्प हुँदैन भन्ने प्रस्तुति |

| | | |
|---|---|---|
| ३२. | प्रगति | विश्व वैज्ञानिक प्रगतिको शिखरमा पुगिसकेको छ। आफ्नो देशभित्र चाहिँ नचाहिने कुराको बढ्ता अन्धानुकरणको विकास हुन थालेको छ। चाहिने कुराको विकास नहुनुमा नेपाल नै अग्रपङ्क्तिमा भएको तीव्र व्यङ्ग्य र यथार्थ दुःखको प्रस्तुति |
| ३३. | श्री मदन शमशेर ज.ब.रा.को पुण्य स्मृतिमा | श्री ३ मदन शमशेर प्रजाभक्त, देशभक्त र राजभक्त राष्ट्रसेवक थिए। उनको समयमा राज्य र राजसत्ता ज्यादै राम्रो र रमाइलो थियो। जब उनको देहावसान भयो तब राज्य र राजसत्तामा शोकाकुल वातावरण छायो। तर पनि यो संसारका प्राणीको एक न एक दिन अन्त्य निश्चित छ। उनी हाम्रा आस्थाका केन्द्र भएकाले उनी मरेर पनि हाम्रा बीच बाँचिरहेका छन्। उनको सम्झना हाम्रो स्मृतिपटलमा अमर भएको छ भन्ने आशयसहित मदन शमशेरको स्तुतिपरक प्रस्तुति |
| ३४. | सर्किनी | मानिस जातले सानो ठूलो हुँदैन। सर्किनी हीनताबोध गराउने शब्द भए तापनि रूपले, गुणले, सीपले, शिक्षादीक्षाले भरिपूर्ण र सुन्दर छ। उच र नीच समाजले कोर्ने रेखा हो। मानिस जन्मँदा समान भएर जन्मन्छ त्यसैले मानिस कर्मले महान् बन्छ न कि जातले भन्ने आशय भएको प्रस्तुति |

| | | |
|---|---|---|
| ३५. | गोधुलि | जब गोधुलिले छोप्छ तब मेलापातका किसान, उद्योगका उद्योगीहरू आफ्नो घरतर्फ फर्कने र कति उत्पादन भयो भनी जोड्ने गर्दछन्। प्रेमी-प्रेमिका पनि आफ्नो भेटको उपयुक्त समय गोधुलिलाई ठान्दछन्। बिस्तारै दिन रातमा परिणत भएझैँ हाम्रो जीवन पनि गोधुलिको पर्खाइमा रहेको छ भन्ने सन्ध्याकालीन सुन्दर वातावरणको प्रस्तुति |
| ३६. | मेरो शैशव | हिमालको सुन्दर काखमा रहेको मेरो जन्मस्थल स्वर्गको एउटा टुक्रा हो। तपस्वीको योग्य तपस्या गर्ने ठाउँ हो। तर आज म जीवनको गतिसँगै धेरै टाढा पुगेको छु। मलाई मेरो बाल्यावस्थाको सम्झनाले घच्घच्याइरहेको छ। यदि पुनः जन्म हुने भए मैले मेरो शैशव काल बिताएको ठाउँमा पुनः जन्मन पाऊँ भन्दै जन्मस्थानको गहिरो सम्झनाको प्रस्तुति |
| ३७. | सुरसुधा | साहित्य त्यस्तो रसपान हो जसले सम्पूर्ण मानवीय हृदयलाई हर्षित तुल्याउँछ। यसले स्वर्ग र पृथ्वी दुवैको दूरी अन्त्य गर्दछ। यो आत्मा लोकमा स्वच्छन्द रूपमा घुम्दै मानवीय सुख र आनन्दको अनुभूति दिन्छ र आनन्दी बन्न सहयोग गर्दछ भन्ने भावको प्रस्तुति |
| ३८. | देउराली | मानव बस्तीको उकालो हुँदै हिमालको काखमुनि |

| | | |
|---|---|---|
| | | रहेको समथर ठाउँ जुन प्राकृतिक सुन्दरताको उत्तम स्थान हो। यहाँको हावापानी स्वच्छ र सफा हुन्छ। धेरै अग्लाअग्ला चुचुर◌ाको भ्रमण यही देउरालीबाट हुने हुँदा मानिस सबैको गन्तव्य स्थान देउराली बनेको छ जुन प्राकृतिक सुन्दरताको अनुपम स्थल पनि हो भन्ने प्रस्तुति |
| ३९. | विकास | हाम्रो देशसँगै विकासको बाट◌ामा लागेका देशहरू धेरै माथि पुगिसके, हामी चाहिँ विकासको बामे सर्न पनि सकेका छैनौ◌ँ। त्यसैले हे ईश्वर हामीलाई सबभन्दा उत्तम वर चाहियो भन्ने कामना साथै इमानमा नै विकासको मूल उपाय भएको प्रमुख आशयको प्रस्तुति |
| ४०. | उमेर पाक्दा | जीवनका धेरै वर्षहरू बितिसके, धेरै असल काम गरियो तर सतीले सरापेको देश भएक◌ाले केही जस पनि पाउन सकिएन। अब जीवनका अन्तिम क्षणहरू पर्खेर बस्नबाहेक अर◌ू केही नभएको आशयको प्रस्तुति |
| ४१. | मनमन्दिर | यो देश मेरो मनको मन्दिर हो। यहाँको नदी र पहाड मेरो मुटुका धमनी र शरीरका मांसपेशी हुन◌्। यो सगरमाथाको देशलाई मैले नेपाल आमा भनी प◌ुजीरहूँ र यो देश निर्माणको धाम बन्न सकोस्, |

| | | |
|---|---|---|
| | | शान्तिको उद्गम स्थल बनोस्, यहाँ पशुपतिको राज होस् भन्ने आशयको प्रस्तुति |

यसरी कवि विष्णुप्रसाद धितालका **अर्को नी** सङ्ग्रहभित्रका कविताहरूमा मूलभावका रूपमा जीवनको मूल्यहीनता, जन्मभूमिको माया, नारीका व्यथा, समाजको अभाव, गरिबी, अशिक्षा, स्वतन्त्रता र समानता, समाजको पछौटेपन, राजा महाराजाको स्तुतिगान, प्रकृतिप्रेमजस्ता सामाजिक, आर्थिक, प्राकृतिक विषयवस्तुलाई समेटेर मूलभाव व्यक्त गरिएको छ।

### ५.१.५ सहभागी र सहभागिता

विष्णुप्रसाद धितालको **अर्को नी** कवितासङ्ग्रहभित्रका कविताहरूमा व्यक्ति पात्र वा चरित्र सहभागीका रूपमा आएका छन्। हरेक कृतिमा सहभागीको सङ्ख्या घटिबढी भए पनि तिनको उपस्थिति चाहिँ अनिवार्य रहन्छ। कृतिमा सहभागीहरूको भूमिका वक्ता-श्रोता, प्रेषक-प्रापक, सम्बोधक-सम्बोधित आदिका रूपमा रहन्छ। सहभागीहरूको सहभागितामा समयसमयमा परिवर्तन भइरहन्छ, जस्तै- एउटा वक्ता प्रेषक वा सम्बोधक भएर आफ्नो निर्धारित भूमिका सकिएपछि श्रोता, प्रापक वा सम्बोधित बन्न सक्छ।[284]

[284] ऐजन।

कवि विष्णुप्रसाद धितालका कवितासङ्ग्रहभित्रका कविताहरूमा विभिन्न किसिमका व्यक्ति पात्रहरू सहभागीका रूपमा आएका छन्। ती पात्रहरूलाई सम्बन्धित कवितासमेत निम्नबमोजिम प्रस्तुत गरिएको छ।

| **क्र.सं.** | **कविता** | **सहभागिता** |
|---|---|---|
| १. | कलिकाल | आमा, म, मास्टर, सरदार, कृष्ण, पिता |
| २. | प्रेयसी | प्रेमी, ईश्वर |
| ३. | तटिनी | बाबु, तटिनी |
| ४. | जुद्धकीर्तन | जुद्धशमशेर |
| ५. | समस्यापूर्ति | बटुवा |
| ६. | जन्मोत्सव | जुद्धशमशेर |
| ७. | शारदा स्तुति | सरस्वती, हामी, हाँस |
| ८. | साहित्य स्रोत | कवि, लेखक, बाल-युवा |
| ९. | बालक | म, बालक |
| १०. | बन्दे जननी | हामी, तिमी, लेखक |
| ११. | घँसिनी | म, घँसिनी |
| १२. | कविको गीत | चरी, तिमी, मानिस |
| १३. | श्रद्धाञ्जलि | प्रजा, राजा, त्रिभुवन |
| १४. | सम्झना | पिता, म, हामी |
| १५. | भट्टिनी | गन्धर्व, देवी, मानिस, पूजा, महेन्द्र, म, दाजु, |

| | | |
|---|---|---|
| | | बाबु |
| १६. | गीत | म, साथी |
| १७. | कन्याकुमारी | म, भागीरथी, कन्याकुमारी, कृष्ण |
| १८. | अभिसरण | म, चाँदनी |
| १९. | जननी | म, घँसिनी, भाइ, बालक, आमा, बाबु |
| २०. | नलिनी | रवि, तिमी, रजनी |
| २१. | नी-राज | युवा, प्रजा, महाधिराज |
| २२. | दर्शौं | काली, शिशिर |
| २३. | मनको रिन | म, छोरी, देवता |
| २४. | न्याउली | मानिस, बाघ, भालु, चरी |
| २५. | गीत | प्रेमिका, म, रजनी |
| २६. | युवकको सपना | तिमी, म, कोइली, युवक, बालक, किसान |
| २७. | झर्ना | साथी, म, गुरु, कुबेर |
| २८. | के भयो रे? | चरी, तिमी, गुरु |
| २९. | भानुप्रति | नारद, म, हामी, कान्छो, भानु |
| ३०. | पीर | म |
| ३१. | बिसौनी | म, देउता, पशुपति |
| ३२. | प्रगति | ईश्वर |
| ३३. | श्री ज. मदनशमशेर ज.ब.रा.को पुण्यस्मृतिमा | राजकुमार, सिपाही, राजपुत्र, राजा, तिमि, म, नारायण |

| | | |
|---|---|---|
| ३४. | सर्किनी | सर्किनी, म, विष्णु, ब्रह्मा, अप्सरा |
| ३५. | गोधुलि | प्रेमी, किसान, उद्योगी, खेताला |
| ३६. | मेरो शैशव | हामी, कुबेर, म, आमा, च्यवन ऋषि, ईश्वर |
| ३७. | सुरसुधा | श्रीकृष्ण, गन्धर्व, सुधा |
| ३८. | देउराली | म, मान्छे |
| ३९. | विकास | म, शङ्कर, महेश |
| ४०. | उमेर पाक्दा | म, शिव, हरि |
| ४१. | मन मन्दिर | पशुपति, म |

कवि विष्णुप्रसाद धितालले धेरैजसो आफूले देखेभोगेका विषयवस्तुमा आफू सहभागी भएर कविताको रचना गरेका छन्। उनका कवितामा सहभागीका रूपमा महाभारत, रामायणका पात्रहरूलाई पनि उपस्थित गराएर संयोजन गरेका छन् भने कतिपय कविताको शीर्षक नै मूल सहभागी पात्रको रूपमा पनि उपस्थित गराएका छन्।

### ५.१.६ परिवेश

कृतिमा वर्णित स्थान, समय र वातावरण नै परिवेश हो। कृतिभित्र प्रस्तुत घटना घटित हुने परिवेशसूचक स्थान, समय र वातावरणमध्ये सबै वा कुनैको अभिव्यक्ति विभिन्न ढङ्गले गरिन्छ। यिनमा कुनैको अभिव्यक्ति वर्णनात्मक, कुनैको विवरणात्मक र कुनैको सङ्केतात्मक हुन्छ। वातावरण सबै कृतिमा स्पष्ट रूपमा आए पनि स्थान र समयको चाहिँ स्पष्ट उल्लेख नहुन पनि सक्छ। यसरी स्पष्ट उल्लेख नगरिएको भए

त्यसले सार्वभौमिकता र सार्वकालिकता तथा स्थान र समयको महत्त्वहीनतालाई जनाउँछ।[285]

**अर्को नी** कवितासङ्ग्रहका कविताहरूमा परिवेशलाई निम्नअनुसार उल्लेख गरिएको छ।

| क्र. सं. | कविता | स्थान | समय | वातावरण |
|---|---|---|---|---|
| १. | कलिकाल | गर्भ, स्कुल, संसार | दश मास, पाँच बजे | मानिस अशिक्षित बन्नुपरेको र अशिक्षाको कारणले दु:खद जीवन बिताउनुको परिस्थितिको चित्रण |
| २. | प्रेयसी | संसार, त्यो पर, वर, बीच | ऋतुबहार, एक दिन, मौका | प्रेमी-प्रेमिकाको सुखद मिलन र सफल जीवनको अभिव्यक्ति गरिएको परिस्थितिको चित्रण |
| ३. | तटिनी | पहाड, घर, हिमाल, टाढा | पछि, कहिल्यै | प्रकृतिपुत्रीको स्वच्छन्द जीवनशैली सबैको लागि आकर्षण योग्य भएको रमणीय परिस्थितिको चित्रण |
| ४. | समस्यापू | खेत, भूमि, | अन्धकार, | एक्लै अन्धकारमा के उद्देश्य |

[285] ऐजन।

| | | | | |
|---|---|---|---|---|
| | र्ति | कता | युग | लिएर हिँड्दै छौ भन्दै प्रकृतिको रौद्र रूपमा जीवनको अनिश्चित यात्रा परिवेशको चित्रण |
| ५. | जुद्धकीर्तन | देश, कतै, दिन, दिशा | उही | सफल जीवनको स्तुति र सुखद जीवनको परिवेशको चित्रण |
| ६. | जन्मोत्सव | बगैँचा | वसन्तऋतु, आज | जन्मोत्सवको खुसियाली र रमणीय प्राकृतिक दृश्यको सुन्दर परिवेशको चित्रण |
| ७. | शारदा स्तुति | कता, आकाश, देश, त्यो, जहाँ | वसन्तऋतु, सधैँ | सरस्वतीको स्तुति, पूजा अर्चना गरी जीवनमा सफल बनाइदिने स्तुतिमय वातावरणको प्रस्तुति |
| ८. | साहित्य स्रोत | हिमाल, देश, त्यहाँ | प्राचीन | नेपालीहरूमा साहित्यिक समृद्धि होस् साहित्यले हिमाल, पहाड सारा उज्यालिएको परिवेशको चित्रण |
| ९. | बालक | पृथ्वी, ब्रह्माण्ड | छिनमा | बालक स्वभावका ज्यादै रहरलाग्दा सन्दर्भ र सुन्दर |

| | | | | |
|---|---|---|---|---|
| | | संसार | | प्रकृतिले यो सुन्दर भएको परिवेशको चित्रण |
| १०. | बन्दे जननी | देश, त्यो, ग्रह, उपग्रह | युग | हामी यस देशक ा कवि, लेखक वैज्ञानिक जे भए पनि हामी यस देशक ा सच्चा सेवक भएको सुखद परिवेशको चित्रण |
| ११. | घँसिनी | आकाश, कतै, त्यहाँ, छहारी | बेर | प्रकृतिको रमणीयता र जलको कलकलबीच म पात्रको बीचमा किशोरीको आकर्षक लावण्यको सुन्दर परिवेशको चित्रण |
| १२. | कविको गीत | त्यहाँ, माथि, तल, यहाँ, उहाँ | समय, आज | आफू हिँडेको बाटो, आफूले गरेको यात्राको विभिन्न शङ्का-उपशङ्काको सकारात्मक उत्तर दिँदै सफल जीवनको कामना र सुन्दर परिवेशको चित्रण |
| १३. | श्रद्धाञ्जल ि | हिमाल, संसार, मैदान, देश | हाल, प्रत्यक्ष | राजा त्रिभुवनले प्रजातन्त्र स्थापनामा गरेको त्याग र समर्पणको चर्चा र हर्षित |

| | | | | |
|---|---|---|---|---|
| | | | | कवि मनको विभिन्न अवस्थाको चित्रण |
| १४. | सम्झना | देश, आकाश, प्रकृति | जीवन, वसन्त, छोटो समय | कुनै असल मित्रको बिछोडमा व्याकुल बनेको परिस्थितिको चित्रण |
| १५. | भट्टिनी | छाप्रो, कतै, बेसी, बाटो, जहाँ, यहाँ, माथि | सधैँ | सुरा सेवनमा संलग्न भट्टीवरिपरिको वातावरण र सुरा बेचेर बाँच्न विवश भट्टिनीको बाध्यात्मक परिस्थितिको चित्रण |
| १६. | गीत | स्वर्ग, गङ्गा, विश्व | आज, जुनी | एक विरही व्यक्तिले प्रियतम ठानेको वस्तुलाई हरण गरेर लगेको दुःखद क्षणको चित्रण |
| १७. | कन्याकुमारी | हिमाल, समुद्र, फाँट, ताल, स्वर्ग, विश्व | जुनी, महिना, वर्ष, जुग | खोलानाला, वनपाखा, प्राकृतिक सुन्दरता र उल्लास भएर पनि देशविकास नभएझैँ कन्याकुमारीको तपस्या पूरा नभएझैँ कविको उद्देश्य पनि पूरा नहुने हो कि भन्ने |

| | | | | |
|---|---|---|---|---|
| | | | | शङ्कास्पद परिस्थितिको चित्रण |
| १८. | अभिसरण | भित्र, पश्चिम, टापु, भवन | हाल, बुढौली, वय | मानवीय जीवन भोग गर्ने क्रममा दुःखका दिनहरू समाप्त भई उज्याला दिनहरूको आगमन हुने सुखद परिवेशको चित्रण |
| १९. | जननी | देश, घर, वन, डाँडा, कतै, कैलाश | वैशाख, वर्ष, वसन्त, शिशिर, ग्रीष्म | आफ्नो देश छोडेर विदेशको नीरस भूमिमा बाँच्न परेको दुःखद चित्रण |
| २०. | नलिनी | यताउति, प्रकृति | अबेर, अब, शिशिर, ग्रीष्म | सामाजिक न्याय र व्यक्तिगत स्वतन्त्रताको लागि चनाखो हुनुपर्ने सुन्दर परिवेशको चित्रण |
| २१. | नी-राज | हिमाल, स्वदेश, पहाड, बेसी | समय, पुरानो, नयाँ | जहाँनिया राणाशासन अन्त्य भएर नागरिक स्वतन्त्रता आएकाले देश विकासमा भन्दा नेताहरू आ-आफ्नै पेट भर्न र डम्फु बजाउन |

| | | | | |
|---|---|---|---|---|
| | | | | लागेको तितो यथार्थ परिवेशको चित्रण |
| २२. | दशैँ | टाढा, स्वर्ग | वर्षा ऋतु, शिशिर ऋतु | पारिवारिक भेट, मित्रताको विकास सहित दशैँ चाडको उल्लासमय वातावरण र सुखद परिवेशको चित्रण |
| २३. | मनको रिन | स्वर्ग, खेत, डाँडा | वर्ष | पैसा कमाउने उद्देश्य लिएर विदेश गएको पति धेरै वर्षसम्म घर फर्केर नआउँदा पत्नीको मनमा उत्पन्न विरही भावपूर्ण दुःखद परस्थितिको चित्रण |
| २४. | न्याउली | भित्र, घाट, मैदान डाँडा | वसन्त ऋतुअघि | हुने कुरा भएर छाड्छ, रोएर चिन्ता लिएर कुनै समस्या समाधान हुँदैन भन्ने परिस्थितिको चित्रण |
| २५. | युवकको सपना | आकाश, स्वर्ग, पर्वत, पहाड, संसार | जब, सधैँ समय | प्रिय हाँसो र उन्नत ललाटमा खुसीको प्रजातन्त्र फलेको फुलेको उल्लासमय परिस्थितिको चित्रण |
| २६. | गीत | चुली, वन, | आज, | आफ्नो पतिको अभावमा |

| | | | | |
|---|---|---|---|---|
| | | गगन | दिन, युग | एक्लो नीरसपूर्ण जीवन बिताउन परेको पत्नीको दु:खद परिस्थितिको चित्रण |
| २७. | झर्ना | झरना, डाँडा, पहाड, बेसी, सागर | दिन, रात | पहाडी कुनाकन्दराबाट झरेको झरनामा प्रभाती किरण झल्कँदा स्वर्णमय बनाएको प्राकृतिक सौन्दर्यपूर्ण परिवेशको चित्रण |
| २८. | के भयो रे? | रूख, गुँड, आकाश, सुरलोक, वर, भुवन | रात, सुनसान, सपना, विपना | प्रश्नात्मक शैलीमा प्रेमी र प्रेमिकाको एकाकार आत्मा र सुन्दर मानवीय जीवनको सुखद परिस्थितिको चित्रण |
| २९. | भानुप्रति | सत्यलोक, पर्वत, देश, बाटो | दिन, आज | आदिकवि भानुभक्तले नेपाली साहित्यको विकास र संरक्षणमा पुऱ्याएको योगदानको महिमामय परिवेशको चित्रण |
| ३०. | पीर | दक्षिण, वरपर, पृथ्वी | वसन्त ऋतु, | समयले नेटो काटिसक्दा पनि संसारको परिवर्तन हुँदा |

| | | | | |
|---|---|---|---|---|
| | | | असार | पनि आफ्नो देश परिवर्तन हुन नसकेको दु:खद परिस्थितिको चित्रण |
| ३१. | बिसौनी | समुद्र, बाटिका, चुचुरा, देश, पिँढी | दिन, जुनी, वर्ष | जीवनमा सुरुका क्षण उर्वर थिए। जीवनमा जे सोचिन्छ त्यो पूरा हुँदैन गर्न पर्ने कुरा नगरी हुँदैन। जीवनमा केही गर्न सकिएन। अब देश सप्रेको चाहना राख्न बाध्य भएको परिवेशको चित्रण |
| ३२. | प्रगति | भुवन, पृथ्वी, त्यहाँ | जब, अझै | विश्व वैज्ञानिक प्रगतिको शिखरमा पुगिसक्दा पनि यो देश चाहिँ नचाहिने कुरातर्फ लागेकोमा दु:ख व्यक्त गर्दै व्यङ्ग्यात्मक रूपमा यस्तो परिस्थितिको चित्रण |
| ३३. | श्री ज. मदनशमशेर ज.ब.रा. | पथ, कहाँ, देश, विदेश, नदी, मैदान, दरबार, | साल, जन्म, महिना, काल, | मदनशमशेरको अल्पायुमै भएको मृत्युले दरबारमा छाएको शोकले राज्य नै दु:खित भएको र उनी |

| | | | | |
|---|---|---|---|---|
| | को प‌ुण्यस्मृतिमा | काशी | शैशव, दिन | प्रजाप्रेमी भएकाले मरेर पनि जनताबीच बाँचिरहेको परिवेशको चित्रण |
| ३४. | सर्किनी | यहाँ, पृथ्वी, विश्व | जन्म, दिन | मानिस ठूलो जातले नभई कर्मले महान्‌ बन्ने परिस्थितिको चित्रण |
| ३५. | गोधूलि | आकाश, डाँडा, तल, पृथ्वी | गोध‌ूलि, रात, क्षण, अँध्यारो | उद्योगी, व्यापारी, किसान, प्रेमी-प्रेमिकाको भेटको सुन्दर अवसर र आफ्नो कार्यको मूल्याङ्कनको उपयुक्त समय गोधूलि भएको परिस्थितिको चित्रण |
| ३६. | मेरो शैशव | हिमाल, भन्ज्याङ, दुधपोखरी, संसार, स्वर्ग | बेला, कहिल्यै, गोधूलि, दिन, मौसम, तिहार, दशैँ, सधैँ | हिमालको सुन्दर दृश्य र आफ्नो बाल्यावस्था बितेको स्थान र त्यहाँको गहिरो सम्झना सधैँ आइरहेको परिस्थितिको चित्रण |
| ३७. | सुरसुधा | स्वर्ग, जहाँ, हिमालचुली, | बेला, बिहानी, | मानव मनलाई सधैँ रसिलो र आनन्दी तुल्याउने साहित्य |

| | | | | |
|---|---|---|---|---|
| | | कतै, बाटो | युग | त्यो अमृत हो यसको प्रयोगले मानिस सधैँ ज्ञानी र आनन्दी बन्छ भन्ने परिवेशको चित्रण |
| ३८. | देउराली | देउराली, यहाँ, बाटो, भन्ज्याङ | आज, युग, दिन, अहिल्यै | हिमालको काखमा रहेको देउराली स्वर्गको एउटा टुक्रा हो, प्रकृतिको सुन्दर स्थल हो। यही हरेक मानिसको गन्तव्यको स्थान भएको परिस्थितिको चित्रण |
| ३९. | विकास | कतै, देश, यहाँ | अझै, सहस्राब्दी, क्षण, सधैँ | हाम्रो देशसँगै विकासको बाटोमा हिँडेका देश धेरै माथि पुगिसके तर हाम्रो देशमा स्रोत र साधन हुँदाहुँदै पनि विकसित हुन सकेन भन्दै मिहिनेत र परिश्रम नगरी देश विकास हुन नसक्ने परिस्थितिको चित्रण |
| ४०. | उमेर पाक्दा | परमधाम, यहाँ, धर्ती | वर्ष, अब, बेला, | जीवनका धेरै वर्ष बितिसकेका, जीवनमा धेरै |

| | | | | |
|---|---|---|---|---|
| | | | वसन्त ऋतु, दिन | राम्रो काम गरे पनि इनाम पाउन नसकेको र अब जीवनका बाँकी दिनहरू पर्खेर बस्न परेको दुःखद वातावरणको चित्रण |
| ४१. | मनमन्दिर | कोशी, कर्णाली, गण्डकी, गौरीशङ्कर, बेसी, तराई, नदी, टापु, देश, सगरमाथा, मन्दिर, संसार विश्व | बुढेसकाल, सदा, पछि | यो देश मनको मन्दिर भएको, यहाँका नदीनाला र हिमपर्वत मांसपेशी र धमनी बनेका, यहाँ सधैँ शान्ति छाओस् जुनी जुनीसम्म यो देश पवित्र बनोस् भन्ने परिस्थितिको चित्रण |

यसरी कवि विष्णुप्रसाद धितालले सुखद र दुःखद वातावरणको सिर्जना गरेर स्थान र समयको साथमा कहीँ हर्ष र कहीँ दुःख तथा वेदनालाई सुन्दर ढङ्गमा सजाएर आफ्ना कवितामा प्रस्तुत गरेका छन्। उनका कवितालाई समग्रमा हेर्दा सुखद भन्दा दुःखद परिवेश र कतिपय कवितामा स्तुतिमय परिवेशको बढी चित्रण गरिएको छ। त्यसमा पनि

नारीका दु:ख, पीडा र नेपालीको गरिबीका पीडा मुख्य रूपमा प्रस्तुत गरेर दु:खद परिवेश प्रस्तुत गरिएको छ।

**५.१.७ उद्देश्य**

कृतिमा अभिव्यक्त गर्न खोजिएको प्रयोजन नै यसको उद्देश्य हो। हरेक कृतिको रचना प्रयोजनमूलक ढङ्गले गरिएको हुन्छ। मनोरञ्जन, आनन्द, शिक्षा, लोककल्याण, यथार्थको प्रकटीकरण आदिलाई कृति लेखनको प्रमुख उद्देश्य मानिन्छ।[286]

कवि विष्णुप्रसाद धितालका धेरैजसो कवितामा यथार्थको प्रकटीकरण गरिएको छ। समाजमा रहेका विकृतिको विरोधमा आवाज उठाइएको छ। समाजमा विद्यमान सामाजिक, आर्थिक र राजनैतिक धरातलमा देखिएका असन्तुलित व्यवहारप्रति असन्तोष व्यक्त गरिएको छ। अशिक्षा, गरिबी, समाजको पछौटेपन हटाउनुपर्ने भावनालाई आफ्ना कविताको उद्देश्य बानएर व्यक्त गरिएको छ। समाजमा नारीका पीडा, समस्या, व्यथा र नारीलाई पुरुषले दिने यातना प्रस्तुत गर्दै नारी स्वतन्त्रताका पक्षमा आफ्ना विचार व्यक्त गरिएको छ भने कतैकतै राजा वा महाराजाको स्तुतिगान गाउने उद्देश्य पनि रहेको पाइन्छ। नेपाली नेपालको हरेक कुरामा सचेत हुनुपर्छ। यहाँ अशान्ति हुनु हुँदैन। प्रजातन्त्रको राम्रो सदुपयोग हुनुपर्छ भन्ने कुरामा उनी सचेत भएर आफ्ना कविताको माध्यमबाट अगाडि बढेका छन्। यह ी नै उनको कविताको मूल उद्देश्य रहेको छ।

[286] ऐजन।

### ५.१.८ दृष्टिबिन्दु

दृष्टिबिन्दु भनेको कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने पद्धति हो। कृतिका परिवेश, चरित्र, कार्यव्यापार आदिलाई पाठकसमक्ष पुऱ्याउने तरिकाका रूपमा समेत लिइने दृष्टिबिन्दुमा लेखकीय विचारधाराको पनि अभिव्यक्ति हुन्छ। समाख्यान र समाख्य ाताको निर्धारणपछि ज्ञात हुने दृष्टिबिन्दु प्रथम पुरुष र तृतीय पुरुष गरी मुख्यतया दुई प्रकारका हुन्छन्। कृति यीमध्ये कुन दृष्टिबिन्दुमा रचिएको छ र त्यस कृतिका माध्यमबाट लेखकले के-कस्तो विचारधारा अघि सार्न खोजेको छ भन्ने कुराको विश्लेषण गरिन्छ।[287]

कवि विष्णुप्रसाद धितालका कविताहरूको अध्ययन गर्दा उनका धेरैजसो कविता तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएका छन्। उनक ा थोरै प्रथम पुरुष दृष्टिबिन्दुमा रचिएका कविता निम्नलिखित छन्:

| | | |
|---|---|---|
| १. कलिकाल | २. समस्यापूर्ति | ३. बालक |
| ४. बन्दे जननी | ५. गीत | ६. कन्याकुमारी |
| ७. जननी | ८. मनको रिन | ९. गीत |
| १०. पीर | ११. मेरो शैशव | १२. उमेर पाक्दा |
| १३. मनमन्दिर | | |

यी माथिका बाहेक अन्य सबै कविताहरू तृतीय पुरुष दृष्टिबिन्दुमा रचिएका छन्।

[287] ऐजन।

## ५.१.९ भाषाशैलीय विन्यास

बनोट निर्माण गर्ने साना-साना घटकहरूको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ। यस्ता साना घटकहरू इन्द्रिय ग्राह्य एवं मूर्त हुन्छन्। कृतिको बाह्यतलमा रहेका बुनोटहरूको योगबाट बनोटको निर्माण हुन्छ। बुनोटभित्र खासगरी भाषा (सङ्केतक र सङ्केतित) र शैलीसँग सम्बद्ध घटक वा एकाइहरू बिम्ब, प्रतीक, द्वन्द्‍व, लय, अलङ्कार, अग्रभूमीकरण (समानान्तरता, विचलन), प्रयुक्ति विविधता आदि पर्दछन्। भाषाशैलीय विन्यासले कवितालगायत सम्पूर्ण साहित्यिक कृतिहरूलाई विशिष्टता प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ।[288]

कवि विष्णुप्रसाद धितालका कविताहरूको अध्ययन गर्दा उनका कविताहरू सरल, सहज र बुझ्न सजिलो हुने खालका छन्। उनका सम्पूर्ण कविताहरूमा झर्रा नेपाली शब्दहरू, जस्तै- किरन, नाघी, काया, सिँदुर आदिको प्रचुर प्रयोग गरिएको छ र कविता श्रुतिमधुर छन्।

कवि धितालले आफ्ना कविताहरूमा बिम्ब र प्रतीकहरूको पनि राम्रो प्रयोग गरेका छन्। उनले खासगरी महाभारत, रामायण र पाश्चात्य साहित्यका बिम्बहरूको प्रयोग गरेका छन्। उदाहरणका लागि महाभारतका बिम्बहरू, जस्तै- कृष्ण, भीष्म, दुर्योधन आदि। त्यस्तै रामायणका विभिन्न बिम्बहरूमा विष्णु, राक्षस, दानव, वाल्मीकि आदि। त्यस्तै पाश्चात्य साहित्यका बिम्बहरूमा हिटलर, यहुदी, ईशु आदि। यसरी विभिन्न खालका प्रशस्त बिम्ब र प्रतीकहरूका माध्यमबाट कविताहरू व्यङ्ग्यात्मक बन्न पुगेका छन्।

---

[288] ऐजन।

कवि धितालका कविताहरूमा पूर्णविराम, विस्मयादिबोधक, प्रश्ननवाचक, अल्पविराम जस्ता लेख्य चिह्नहरूको प्रयोग भएको छ। उदाहरणका लागि पूर्णविराम चिह्नको प्रयोग भएको कवितालाई हेर्दा-

प्रेमी बनेर उसको दिलमा बसेर
पाएर अन्त्य आखिर छुट्टिएर।
आँसु बहाई उसलाई बसाउँदा के
लाग्दैन प्रेम? भन प्रेमी! तिमी दिलैले।

('प्रेयसी', पृ. ३)

प्रश्नवाचक चिह्नको प्रयोग भएको 'न्याउली' कवितालाई हेर्दा-

बुटाबुटै झुत्ती खेली आफल काफल पाक्यो,
वसन्तले काँठ-काँठै 'कोहो'? 'कोहो'? डाक्यो,
पातलको झाडीभित्र बोली कस्ले सुन्ला?
लहराले जेलीमेली उम्कने को होला?
लेक कुरी न्याउली चरी, के पो होला एक्लै रोएर

(पृ. ४२)

सधै बनूँ ध्वस्त म निर्दयीसित?
सधैँ रहूँ त्रस्त म जीवनीसित?
लिएर औलो कति बेसीमा बसूँ?
भनी म आएँ अब के पछि हटूँ?

('भट्टिनी', पृ. २१)

यसैगरी विस्मयादिबोधक चिह्न प्रयोग भएको 'भट्टिनी' शीर्षक कवितालाई हेर्दा-

सुनेर के हुन्छ दरिद्रको कथा!
फिँजाइ के लाभ छ चित्तको व्यथा!
ठूलाबडा ज्योतिष वैद्य झाँक्रीको
नराखी पत्तो अनिकाल जो भयो!

(पृ. २३)

यसैगरी अल्पविराम चिह्न प्रयोग भएको 'के भयो र?' शीर्षक कवितालाई हेर्दा-

सुरलोक भो रे,
सुखसोख भो रे,
सुरशोक भो रे,
सुर के भयो रे,
भन के भयो रे?

(पृ. ५१)

यसरी कवि विष्णुप्रसाद धितालले आफ्ना किवताहरूमा लेख्य चिह्न, प्रतीक, बिम्ब आदिको प्रयोग गरेर कविताको भाषाशैलीय विन्यासलाई उत्कृष्ट बनाएका छन्।

## ५.१.१० उपसंहार

कवि विष्णुप्रसाद धितालका कविताहरूको संरचनात्मक प्रारूपका आधारमा अध्ययन-विश्लेषण गरिसकेपछि निष्कर्षमा केही तथ्यहरू प्राप्त भएका छन्। उनका कविता धेरै लामा र अति छोटा आकारका छन्। उनका कविता लामोमा ३४८ पङ्क्तिदेखि छोटोमा ४ पङ्क्तिसम्म

फैलिएका छन् र पङ्क्तिपुञ्ज १ देखि ८७ सम्म फैलिएका छन्। यी कविताहरू दृश्य र प्रसङ्गमा पनि विभाजित भएका छन्। प्रसङ्गमा कुनै चिह्न र कुनै चिह्नबिना नै विभाजित गरिएका छन्।

कवि धितालका कविताको सङ्गठनको व्यवस्था आदि, मध्य र अन्त्यको राम्रो तालमेल मिलेको छ। उनका कविताहरू सुरुमा चिनारी, मध्यमा समस्या र अन्त्यमा निष्कर्षका क्रममा प्रस्तुत भएका छन्। कविता पढ्दै जाँदा स्थान, घटना आदि देखापर्दै जान्छन्। क्रमशः समस्याले सताएर निचोड प्रस्तुत गरिएको छ। कवि धितालका कवितामा मूलभावका रूपमा समाजका विद्यमान राजनीतिक, आर्थिक, सामाजिक विषयवस्तुसँग सम्बन्धित दुःख, पीडा, गरिबी, पछौटेपन र नारी व्यथालाई प्रस्तुत गरेको पाइन्छ। परिवेशका रूपमा देश-विदेशका स्थान, हिजोको समय, पीडा, व्यथा समेटिएको दुःखद वातावरणको प्रयोग भएको छ। उनका कवितामा धेरै मात्रामा तृतीय पुरुष र थोरै मात्रामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ। उनका कविताको मुख्य उद्देश्य समाजका खराब प्रवृत्तिको अन्त्य गर्नु रहेको छ। उनका कवितामा म, हामी, मान्छे अनि रामायण, महाभारतका पात्र सहभागी रहेका छन्। उनले विभिन्न लेख्य चिह्नको प्रयोग गरेर आफ्ना कविताको भाषाशैलीलाई स्तरीयता दिएका छन्। त्यसैले समग्र रूपमा हेर्दा कवि विष्णुप्रसाद धितालका कविता सरल, सहज मिठासयुक्त र स्तरीय देखिन्छन्।

## ५.२ विष्णुप्रसाद धितालका कथाको विश्लेषण

कथाकार विष्णुप्रसाद धितालले नेपाली साहित्यको कथा विधामा पनि कलम चलाएका छन्। नेपाली कथाको क्षेत्रमा सर्वप्रथम २००६ सालमा 'सान्नानी' शीर्षकको कथा प्रकाशित गरी उनी कथा लेखनको यात्रामा अग्रसर भएका हुन्। उनका जम्मा ३ वटा कथा प्रकाशित भएका छन्। यिनका प्रकाशित कथामध्ये 'सान्नानी' (२००६) र लाहुरे 'दाइ' (२००६) भारती पत्रिकामा र 'बैकुण्ठमा ठाउँ खाली छ' (२०५४) समुदाय पत्रिकामा प्रकाशित भएका छन्। सरकारी जागिरेको रूपमा जीवनको धेरै समय बिताएका धितालका कथाहरू तत्कालीन समाजको स्वरूप र विचारअनुसार आफूले भोगेका, गरेका, देखेका, सुनेका अनुभूतिहरू समावेश भई साहित्यिक अभिव्यक्तिका रूपमा आएका छन्। यहाँ विष्णुप्रसाद धितालका उपर्युक्त तीन कथाको संरचनावादी पद्धतिका आधारमा अध्ययन गरिएको छ।

### ५.२.१ विभाजन र सङ्गठन

विभाजन भनेको कृतिको बृहत् एकाइको लघु एकाइहरूमा गरिने वितरण हो।[289] यो कृतिको बाह्य पक्षसँग सम्बन्धित हुन्छ। विभाजनको दृष्टिले हेर्दा यिनका कथाहरू कुनै पनि चिह्न अङ्कित रूपमा विभाजित भएको पाइँदैन। उनका कथाहरू अचिह्नित रूपमा विभिन्न सन्दर्भ र प्रसङ्ग परिवर्तनसँगै विभाजित छन्। उनका 'सान्नानी' (२००६) कथा २१ अनुच्छेदमा जम्मा ८ पेजमा विभाजित भएको छ भने 'लाहुरे दाइ' (२००६)

[289] ऐजन।

कथा ११ अनुच्छेद, पाँच पेजमा  र 'बैकुण्ठमा ठाउँ खाली छ' (२०५४) कथा २० अनुच्छेद र चार पेजमा विभाजित अवस्थामा रहेको पाइन्छ।

कथात्मक सङ्गठनका दृष्टिले विष्णुप्रसाद धितालका उपर्युक्त तीनवटै कथाहरूका कृति र वस्तु दुवैको सङ्गठनात्मक ढाँचा आदि, मध्य र अन्त्यको क्रममा प्राय: क्रमिक व्यवस्थापनमा आबद्ध भएको छ। यिनका कथामा वर्णनात्मक र संस्मरणात्मक दुवै ढङ्गले कृतिको प्रारम्भतिर समय, स्थान, सहभागी, कार्यव्यापार, स्थिति आदिमध्ये कुनैको परिचय दिएर मूल कथा प्रस्तावित गरी कथाको मध्य भागमा पूर्वप्रस्तावित मूल समस्यामाथि प्रकाश पार्ने तथ्यहरूको विस्तार गर्दै सम, विषम ढङ्गले कथालाई क्रमश: अन्त्यसम्म पुऱ्याइएको छ। त्यसैगरी उनका कथाहरू प्रमुख सहभागी, घटना र परिवेश आदि कुनैको परिचयका साथ सम्भावित समस्या र परिस्थितिलाई सङ्कटावस्थाहरू पार गर्दै समापनको बिन्दुतर्फ अभिमुख भएकाले आदि, मध्य र अन्त्यको व्यवस्थापनमा क्रमिकता पाइन्छ।

## ५.२.२ वस्तुविन्यास

वस्तुले कृतिको सारभूत अंश वा सारतत्त्वलाई जनाउँछ। वस्तु सबै कृतिमा हुने हुँदा वस्तुबिना कृतिको रचना हुन सक्दैन। वस्तुविधानका दृष्टिले विष्णुप्रसाद धितालका कथाहरूमा विभिन्न प्रकारका वस्तु र कथाको प्रस्तुति रहेको पाइन्छ। उनी विविध विषय वा घटना प्रसङ्गलाई उनेर कथात्मक संरचना निर्माण गर्न निपूण छन्। उनका कथामा पाइने विषयवस्तुगत मूलभावलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | कथा | मूलभाव |
|---|---|---|
| १. | सान्नानी | बाल्यकालमा गुरुकुल शिक्षा प्रणालीअन्तर्गत गाउँमै अध्ययन गरेको समयमा गुरुले राम्रोसँग ध्यान दिएर नपढेको निहुँमा दिएको सजाय, आफू बाल्यकालमा ज्यादै चकचके र घमण्डी भएको संस्मरण, अध्ययनको सिलसिलामा भारतको कलकत्ता विश्वविद्यालयमा अध्ययनरत हुँदा कलेजको वार्षिक उत्सव कार्यक्रममा सहभागी हुन जाँदै गर्दा बाटामा (ट्रेनमा) सान्नानीसँग भेट भएको, नेपालीहरू उपचारको क्रममा भारत जाने र त्यहाँ बेसहारा हुनुपरेको घटना र सान्नानीको पतिको मृत्यु भएको र आफू घर फर्केको खबर चिठ्ठीबाट प्राप्त गर्दा लेखक ज्यादै दुःखी भएको आत्मसंस्मरणात्मक यस कथाको विषयवस्तुले मानव जीवनका विभिन्न अवस्था र यससँगै आउने चेतनाको विस्तृत रूपमा प्रस्तुत गरेको छ। |
| २. | लाहुरे दाइ | सामाजिक शोषण, अन्याय, अत्याचार तथा साहुको चक्रवर्ती ऋण तिर्ने उद्देश्य र प्रशस्त धन कमाउने अभिलाषासहित लाहुर गएका नेपाली युवाहरूलाई अस्ताउन लागेको बुढी आमा र चन्द्रजस्ती आफ्नी पत्नी, नेपाली खोलानाला र प्रकृतिले पर्खेर बसेका |

| | | |
|---|---|---|
| | | छन्। विदेशी सुखभन्दा स्वदेशी दुःखमा मिठास छ। आफ्ना सम्पूर्ण पौरख स्वदेशमा गर्न सके हाम्रो वंश रक्षा हुन्छ। अर्काको ढोकेभन्दा स्वदेशको मजदुरमा अपनत्व हुन्छ भन्दै स्वदेशप्रेमको चेतना प्रस्तुत गरिएको छ। |
| ३. | बैकुण्ठमा ठाउँ खाली छ | जब मानिस जन्मन्छ तब ऊ यस सृष्टिको संसारिक मायाजालमा फस्न पुग्छ। मानिसले यस धर्तीमा जतिसुकै दुःख एवं सुख प्राप्त गरे तापनि उसले आफ्नो पारिवारिक सम्बन्धलाई चटक्कै छाडेर अन्यत्र जतिसुकै आनन्द पाए पनि जान सक्दैन। मानिसका इच्छा आकाङ्क्षाहरू असीमित हुन्छन्। दुःख पर्दा यो संसार छाड्न पाए हुन्थ्यो भन्ने इच्छा व्यक्त गर्ने मानिस व्यवहारमा त्यसो गर्दैन किनकि उसलाई यस संसारिक मायाजालले बाँधेर राखेको हुन्छ भन्ने मानवीय सृष्टिको परम्परा र मानिसका अन्तिम इच्छारूपी मानवीय जीवन संसाधनका चेतनाको सुन्दर प्रस्तुति |

उपर्युक्त तथ्याङ्क हेर्दा विष्णुप्रसाद धितालले आफ्ना कथाहरूमा जीवनका विभिन्न अवस्था र त्यसले मानवीय मनमा उत्पन्न गराउने इच्छाहरू, गरिबी र साहुको चक्रवर्ती ब्याजका कारण विदेशी सेनामा भर्ती हुनुपर्ने बाध्यात्मक स्थिति, त्यसले नेपाली समाजमा ल्याउने एक्लोपना र

मानिसले मनुष्यत्व प्राप्त गरेपछि यस सृष्टिको नियमअनुसार बेहोर्न पर्ने विभिन्न पारिवारिक बन्धन आदि अनेक विषयवस्तुलाई प्रमुख बनाई कथा लेखेका छन्। समाजमा हुने विभिन्न सामजिक बेमेल, शिक्षा, स्वास्थ्य, सम्पन्नता, विपन्नता, विकृति, विसङ्गति, अनैतिकता आदि विषयवस्तुलाई कथाको मूलभाव बनाई कथा लेख्ने धिताल सामाजिक कथाकार हुन्। यिनले कथामा प्रायः सामाजिक सुधारवादी दृष्टिकोण प्रस्तुत गरेका छन्। वर्णनात्मक पारामा लेखिएका यिनका कथामा परोक्षतः सामाजिक परिवर्तनको चाहना मुखरित भएको छ।

### ५.२.३ सहभागी

विष्णुप्रसाद धितालका कथाहरूमा व्यक्ति, पात्र वा चरित्र सहभागीका रूपमा आएका छन्। यिनका कथामा नारी र पुरुष दुवै पात्रको प्रयोग गरिएको छ। मनुष्य पात्रका अतिरिक्त यिनका कथामा कुकुर, लाटोकोसेरो, स्याल, जनावर, चरा, बाख्राजस्ता मनुष्येतर सहभागी पात्रको पनि प्रयोग गरिएको छ। यिनको कथा 'सान्नानी'मा म, सान्नानी, तारानाथ नेपाल, युवती, गुरु, पति, हामी, विद्यार्थी, तिमीजस्ता सहभागी पात्रहरूको प्रयोग गरिएको छ भने 'लाहुरे दाइ' कथामा लाहुरे दाइ, तिमी, साहु, आमा, श्रीमती मानव पात्र र स्याल, लाटोकोसेरो, चरा आदि मनुष्येतर पात्रको प्रयोग र 'बैकुण्ठमा ठाउँ खाली छ' कथामा विष्णु भगवान्, नारद मुनि, घाँसी, श्रीमती, सेठ, छोरा, बुहारी, नाति, आसामी आदि मानव पात्र र कुकुर, चरा आदि मनुष्येतर सहभागी पात्रको प्रयोग गरिएको छ।

उनका कथाको मूल कथ्य प्रमुख सहभागीमा केन्द्रित गरी त्यसकै वरिपरि केही गौण पात्रहरूको पनि उपस्थिति रहेको छ। अनुकूल र प्रतिकूल सहभागीलाई उत्तिकै महत्त्व दिइएका उनका कथामा स्थिर पात्रहरूको आधिक्य पाइन्छ। उनका कथाका कतिपय सहभागी पात्रहरू वर्गीय पनि छन्। विष्णु भगवान्, नारद मुनि आध्यात्मिक अलौकिक पात्रहरू हुन् भने सेठ उच्च वर्गीय पात्र हो। बुढो किसान, घाँसी र लाहुरे निम्न वर्गीय पात्रहरू हुन्। उनका कतिपय पात्रहरू ग्रामीण परिवेशका छन्। त्यसमा पनि आफ्नो गाउँ स्यार्तान भन्ज्याङ र त्यसको वरिपरिका किसान, गोठालाका रूपमा काम गरिरहेका व्यक्तिलाई प्रतिनिधित्व गर्ने गरी लिएका छन् भने कतिपय पात्रहरू काल्पनिक पनि छन्। त्यसैले उनका कथाहरूमा सहभागीको जीवन्त प्रस्तुति छ। समग्रमा विष्णुप्रसाद धिताल घटनाप्रधान भन्दा बढी चरित्रप्रधान कथाकार हुन्। सहभागीको चारित्रिक विशेषता प्रस्तुत गर्नमा उनी निकै सफल देखिन्छन्।

### ५.२.४ परिवेश

कृतिमा वर्णित स्थान, समय र वातावरण नै परिवेश हो। परिवेशका दृष्टिले विष्णुप्रसाद धितालका कथाहरूमा विविधता पाइन्छ। उनको 'सान्नानी' कथाले स्थानको दृष्टिबाट धितालको जन्मस्थान स्यार्तान भन्ज्याङदेखि कलकत्ताको सहरी परिवेशसम्मको क्षेत्रलाई प्रतिनिधित्व गर्दछ। न्युयोर्क, मस्को, अक्सफोर्ड, हस्तिनापुर, अयोध्या, बङ्गालजस्ता शब्दहरू यस कथामा स्थानका रूपमा प्रयोग भएका छन्। त्यसैगरी यस कथामा बाल्यकाल, भोलि, आज, २०/२२ वर्ष, एक साता, सधैँ जस्ता

शब्दहरू समयको रूपमा प्रयोग भएका छन्। यस कथामा स्थान, पात्र र समयले बाल्यकालदेखि उच्चशिक्षा हासिल गरिरहेको र जीवनका अनेक अवस्थाहरूमा देखापर्ने विभिन्न मोडसहित मानव जीवनका विभिन्न अवस्थाहरूलाई परिवेशको रूपमा चित्रण गरिएको छ र कथा उत्कृष्ट बन्न पुगेको छ।

धितालको 'लाहुरे' कथाले ग्रामीण क्षेत्रदेखि विदेशका विभिन्न स्थानलाई ओगटेको छ। यस कथामा गाउँले र सहरी दुवै वातावरणको चित्रण पाइन्छ। पहाड, हिमाल, वन, जङ्गल, मैदान आदि स्थानका रूपमा प्रयोग गरिएको छ। कथामा लेखकको बाल्यकाल, एकान्त, डाँडामाथिको जून, आजजस्ता शब्दहरू समय सूचकको रूपमा प्रयोग भएका छन्। साहुको चर्को ब्याज र ऋण तिर्न तथा प्रशस्त धन कमाउने अभिलाषा बोकेर प्रदेश (लाहुर) गएको छोरो आफ्नो जीवनको अन्तिम क्षणसम्म पनि घर फर्केर नआउँदा मातृवात्सल्य पीडामा परेको दुःखद परिस्थिति तथा चन्द्रमाजस्ती श्रीमतीलाई एक्लै छोडेर पति बिछोडमा परेकी श्रीमतीको पीडादायी परिस्थिति र धनपैसाभन्दा प्यारो मायाममता र मातृवात्सल्य भएको सुन्दर वातावरण प्रस्तुत गरी कथालाई उत्कृष्ट बनाउने कार्य गरिएको छ।

विष्णुप्रसाद धितालको 'बैकुण्ठमा ठाउँ खाली छ' (२०५४) मा स्वर्गलोक, मर्त्यलोक, किसानको घर, सेठको दरबार, देवलोक आदि स्थानहरूको प्रयोग गरिएको छ। यस कथामा गाउँ, सहर, स्वर्गको वातावरणको चित्रण गरिएको छ। स्वर्गको एकान्त शान्त समय, पृथ्वीको उष्ण, गर्मी समय तथा अघि, आज, पछि, हालसालै, समय, दिन आदि

शब्दहरूले समय सूचकको रूपमा प्रस्तुत गरेका छन्। मानिस जतिसुकै अभावमा पनि आफ्नो पारिवारिक सम्बन्धबाट टाढा हुन सक्दैन, मानिसका लागि सबभन्दा ठूलो वस्तु उसको आफ्नो वंश हो भन्ने सुन्दर परिस्थितिलाई कथामा प्रस्तुत गरिएको छ। यिनका कथामा सुखदभन्दा दुःखद वातावरणको प्राधान्य रहेको पाइन्छ। परिवेशका दृष्टिले यिनका कथा ज्यादै सबल र सरल रहेका छन्।

## ५.२.५ उद्देश्य

हरेक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिएको हुन्छ। विष्णुप्रसाद धितालका कथाहरू पनि उद्देश्यमूलक ढङ्गले सिर्जित छन्। मूलतः सामाजिक सुधार र सामाजिक विकृति-विसङ्गतिको अभिव्यक्ति पाइने उनको कथा 'सान्नानी'को मुख्य उद्देश्य सामाजिक जनजीवनको यथार्थता, बाल्यकालको सम्झना र विभिन्न आर्थिक तथा मानसिक पीडाहरूलाई प्रकटीकरण गर्नु हो। यिनको 'लाहुरे' कथाको सामाजिक शोषण र रोजगारीको लागि बिदेसिनुपरेको तीतो यथार्थ प्रस्तुत गर्ने मूल ध्येय रहेको छ। साथै 'बैकुण्ठमा ठाउँ खाली छ' कथाको मुख्य उद्देश्य मानिस जन्मेपछि सांसारिक मायाजालमा फस्छ र ऊ एकपछि अर्को अपेक्षा राख्दै आफ्नो वंश रक्षामा सधैँ तल्लीन रहन्छ। उसको लागि परिवार र समाज ठूलो हुन्छ भन्ने उद्देश्यलाई यस कथाले आत्मसात गरेको छ।

निम्नवर्गीय समाजमा आर्थिक एवं शैक्षिक अभावले आफ्ना जीवनमा विभिन्न सङ्कटको अवस्था सामना गर्नुपरे पनि मानिसमा उच्च भावना र

सङ्घर्षशील स्वभाव भएको खण्डमा उसले जस्तोसुकै समस्या र शोषण अन्त्य गर्न सक्ने र समाजमा आर्थिक समानता र सामाजिक न्याय कायम हुने आशा विष्णुप्रसाद धितालका कथाको मूल स्वर हो, जस्तै-

'लाहुरे दाइ आमाको न्यानो काख सेलाउन नदिइकन तिमीले तोते बोलीले हाँसिरहेको भए प्रत्येक बोलीमा तिम्री आमाले एक घुट्का अमृत पाउँथिन्।'

(‘लाहुरे दाइ’, पृ. ३०)

समग्रमा सामाजिक यथार्थवादी चेतनाले ओतप्रोत उनका कथामा तत्कालीन ग्रामीण समाजमा रहेका किसान र लाहुरे जीवनका सुख, दुःख, पीडा, सामाजिक कुसंस्कार र शोषण एवं अन्यायी प्रवृत्ति, आदिको सूक्ष्म विश्लेषण गरी तिनमा सुधार र सामाजिक परिवर्तनको अपेक्षा राखिएको छ।

### ५.२.६ दृष्टिबिन्दु

विष्णुप्रसाद धितालका प्राप्त तीनवटा कथाहरूमध्ये लाहुरे दाइ र बैकुण्ठमा ठाउँ खाली छ कथामा तृतीय पुरुष दृष्टिबिन्दु र सान्नानी कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ। धितालका कथाहरू वर्णनात्मक र सहभागी बीचको वार्तालापका माध्यमबाट प्रस्तुत गरिएको छ। प्रमुख पात्रको केन्द्रीयतामा कथाको रचना गरिएको ‘सान्नानी’ र ‘बैकुण्ठमा ठाउँ खाली छ’ कथाको बीचबीचमा छोटो वार्तालापको परिस्थितिको चित्रण गरी पाठकको मनलाई लोभ्याउने काम गरिएको छ भने लेखक स्वयं सान्नानी र लाहुरे कथाको बीचबीचमा एकालापको

परिस्थितिमा उपस्थित पनि भएका छन्। लाहुरे कथा वर्णनात्मक शैलीमा प्रस्तुत भएको छ। यिनका कथामध्ये 'सान्नानी'ले आफ्नो बाल्यकालदेखिका सम्पूर्ण घटनाहरूलाई प्रस्तुत गरी मानिसका जीवनका विभिन्न सबल एवं दुर्बल पक्ष प्रस्तुत गरेको छ भने 'लाहुरे'लो मानिसको विपन्न परिवेशको उद्घाटन गरेको पाइन्छ। बैकुण्ठमा ठाउँ खाली छ भन्ने कथाले मानिस सांसारिक मायाजालमा फसेको हुन्छ। त्यसैले उसले जति दुःख कष्ट पाए पनि आफ्नो कर्तव्यबाट टाढा हुन हुँदैन भन्ने विचार प्रस्तुत गरेको छ। त्यसैले विभिन्न दृष्टिकोणबाट हेर्दा उनका कथाहरूमा सहजता पाइन्छ। यिनका कथाहरू सरल र सहज किसिमका छन्।

## ५.२.७ भाषाशैलीय विन्यास

भाषिक प्रयोगका दृष्टिले कथाकार विष्णुप्रसाद धितालका कथाहरू सरल, सहज, बोधगम्य र प्राञ्जल गुणयुक्त भाषामा संरचित छन्। यिनका कथाहरूमा परिवेश अनुरूपको भाषिक प्रयोग पाइन्छ। उनका सबै कथामा मूल रूपमा ग्रामीण परिवेशमा निम्न वर्गका मान्छेले बोल्ने कथ्य भाषाको प्रयोग छ भने 'बैकुण्ठमा ठाउँ खाली छ' र 'सान्नानी' कथामा कतिपय ठाउँमा शिक्षित वर्गले बोल्ने गरेको स्तरीय भाषाको प्रयोग गरिएको छ। यिनका कथामा कतैकतै भाषिक विचलन पनि पाइन्छ तर त्यसबाट कथालाई अस्वाभाविक तुल्याइएको छैन, जस्तै-

> मैले खामको टिकटमा हेरेँ जी.पी.ओ.को छाप लागेको रहेछ। तिनी आजै हिँडिसकिहोलिन्। कता! मैले टाढा क्षितिजमा आँखा तानेँ!

जाइको हाँगो भाँच्न लाग्नुभएको गुरुसितबाट उम्केर म गाउँको पुछारको पेटीमा पुगेर बसेथेँ।

('सान्नानी', पृ. ३२)

विष्णुप्रसाद धितालका कथामा पात्रअनुसारको भाषाशैलीको प्रयोग भएको छ। त्यस्तैगरी छोरा कति रोइराहोला, बेर भाको छैन, यार्लिङ जस्ता झर्रा शब्दको पनि प्रयोग भएको छ। यिनका कथाहरूमा अङ्ग्रेजीका ट्रेन, ट्राम, युनिभर्सिटी, हस्पिटल, मसिन जस्ता शब्दहरूको पनि प्रशस्त मात्रामा प्रयोग भएको पाइन्छ। झर्रा र अङ्ग्रेजी शब्दहरूको स्वाभाविक प्रयोगले विष्णुप्रसाद धितालका कथाहरू पठनीय बन्न पुगेका छन्। यसैगरी धितालका कथाहरूमा उखान र टुक्काहरूको प्रयोगले व्यञ्जना शक्तिमा बृद्धि भएको छ। सेठ, माखेसाङ्लो, जुँगा पहेँला जस्ता धनी, पारिवारिक सञ्जाल र उमेर पाकिसकेको जनाउने विभिन्न बिम्ब र प्रतीकहरू साथै रूपक, उपमा जस्ता केही अर्थालङ्कारको प्रयोगले यिनका कथाको अभिव्यञ्जना र सौन्दर्य शक्तिमा अभिबृद्धि हुन पुगेको छ। उनका कथा सहज, स्वाभाविक र बोधगम्य शैलीमा लेखिएका छन्। समग्रमा यिनी सरल भाषा र वर्णनात्मक शैलीमा कथा लेख्ने कथाकार हुन्।

### ५.२.८ उपसंहार

विष्णुप्रसाद धितालले सङ्ख्याका दृष्टिले ज्यादै थोरै कथाहरू लेखे पनि गुणात्मकताका दृष्टिले उत्कृष्ट किसिमका छन्। उपयुक्त विभाजन र सङ्गठनमा आबद्ध यिनका कथाले विषयवस्तुगत विविधता र स्पष्टता प्राप्त गरेका छन्। यिनका कथामा नेपाली ग्रामीण परिवेश र कलकत्ताको केही सहरिया परिवेशमा मानिसले भोग्नुपरेका दु:ख, पीडाहरूको सशक्त प्रस्तुति

भएको छ। यथार्थको प्रकटीकरणलाई मूल उद्देश्य बनाइएका यिनका कथामा दृष्टिबिन्दुको प्रस्तुति सहज छ र भाषाशैलीय विन्यासको आयोजना सरल, कलात्मक र स्वाभाविक छ। उनका कथाहरूको शीर्षकीकरण मुख्यतः कथावस्तुका आधारमा गरिएको छ। उनका कथा 'लाहुरे' र 'बैकुण्ठमा खाली ठाउँ छ' मुख्य सहभागीका प्रवृत्ति र वस्तुका आधारमा नामकरण गरिएको छ। 'सान्नानी' सहभागीको नामका आधारमा राखिएको शीर्षक हो। समग्रमा कथाको वस्तु र उद्देश्य प्रकट गर्न सफल यिनका कथाको शीर्षकीकरण सार्थक, औचित्यपूर्ण र सामञ्जस्यमूलक देखिन्छ।

यसरी सबै कोणबाट हेर्दा विष्णुप्रसाद धितालका कथाहरूमा कुनै कुनै ठाउँमा केही कमजोरीहरू पाइएको भए तापनि सबैजसो कथाहरू उत्कृष्ट छन् र नेपाली कथा जगत्मा केही हदसम्म आफ्नो विशिष्ट स्थान राख्न सफल छन्।

## ५.३ विष्णुप्रसाद धितालका निबन्धात्मक कृतिहरूको विश्लेषण

विष्णुप्रसाद धिताल नेपाली साहित्य जगत्का बहुआयामिक प्रतिभा हुन्। उनले नेपाली साहित्यको कथा, कविता, समालोचनाको अतिरिक्त निबन्ध विधामा पनि कलम चलाएका छन्। विष्णुप्रसाद धितालले सर्वप्रथम शिक्षा प्रचारिणी समिति दार्जिलिङद्वारा आयोजित निबन्ध प्रतियोगितामा समावेश गरिएको 'के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुनु असल होला?' (२००९) शीर्षकको निबन्ध प्रकाशित गरी निबन्ध विधामा अग्रसर भएका हुन्। यिनले निबन्धात्मक र समालोचनात्मक गरी केही

रचनाहरू गरेका छन्। उनका 'के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुन असल होला?', 'चारपास' (२०५८) र 'चारपास (पर्यावसान)' (२०५८) गरी जम्मा ३ वटा निबन्धहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन्। उनका यिनै निबन्धात्मक रचनाहरूको अध्ययन-विश्लेषण तल गरिएको छ।

**५.३.१ परिचय**

निबन्धकार विष्णुप्रसाद धितालका निबन्धहरू विभिन्न आकारप्रकार, अनुच्छेद र पृष्ठमा विस्तारित छन्। आकारप्रकारका दृष्टिले नौ पृष्ठमा विस्तारित 'के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुनु असल होला?' भन्ने निबन्ध सबैभन्दा लामो आयामको निबन्ध हो भने अन्य दुई 'चारपास' र 'चारपास पर्यावसान' दुई दुई पृष्ठमा विस्तारित छोटो आयामका निबन्धहरू हुन्। पङ्क्तिपुञ्ज विन्यासका दृष्टिले निबन्धात्मक कृतिहरूलाई सन्दर्भ र प्रसङ्गको परिवर्तनसँगै विभाजन गर्न सकिए पनि ती प्रत्यक्षतः विभाजित भने छैनन्। सोही अनुरूप 'के नेपाली जातका विभिन्न जातहरूका बीच बिहेबारी हुनु असल होला?' भन्ने निबन्ध २२ अनुच्छेदको ९ पृष्ठमा विभाजित भएको देख्न सकिन्छ वा विभाजनको रेखा कोरेर हेर्न सकिन्छ।

यिनका निबन्धहरूले कतै संस्मरणात्मक ढाँचामा र कतै सोझै विषयप्रति पाठकको अभिरुचि जगाएर कथ्यतर्फ अभिमुखीकरण गरी अनेक सन्दर्भ र प्रसङ्गहरूले प्रतिपाद्य मूल कथ्यलाई विस्तार गरेका छन्। विष्णुप्रसाद धितालका तीनवटै निबन्धहरूका कृति र वस्तु दुवैको

सङ्गठनात्मक ढाँचा आदि, मध्य र अन्त्यको क्रममा प्रायः क्रमिक व्यवस्थापनमा आबद्ध भएका छन्। यिनका निबन्ध वर्णनात्मक र संस्मरणात्मक दुवै ढङ्गले कृतिको प्रारम्भतिर समय, स्थान, कार्यव्यापार, स्थिति आदिमध्ये कुनैको परिचय दिएर सुरु भएका छन्। मूल कथ्य समस्यामाथि प्रकाश पार्दै र तथ्यको विस्तार गर्दै ती निबन्धलाई अन्त्यसम्म पुऱ्याइएको छ र तिनमा आदि, मध्य र अन्त्यको व्यवस्थापनमा क्रमिकता पाइन्छ। यही निबन्धकार धितालको शिल्पसंरचनागत वैशिष्ट्य हो।

### ५.३.२ वस्तुविन्यास

वस्तुविधानका दृष्टिले विष्णुप्रसाद धितालक ा निबन्धहरूमा विभिन्न विषयवस्तु समावेश भएको पाइन्छ। विविध विषयवस्तु वा घटना, प्रसङ्गलाई उनेर उनले आफ्नो निबन्धात्मक संरचनाको निर्माण गरेका छन्। धितालका निबन्धहरूमा पाइने विषयवस्तुगत विविधतालाई तलको तालिकाले पुष्टि गर्दछ।

| **क्र.सं.** | **निबन्ध** | **मूलभाव** |
|---|---|---|
| १. | के नेपाली जातका विभिन्न जातहरूका बीच बिहेबारी हुनु | वैदिक संस्कृति र सामाजिक परम्पराअनुसार अनुसार नेपाली हिन्दु समाजमा एक जात र अर्को जातको बीचमा बिहेबारी हुन सक्दैन तर यस परिवर्तित युगमा एक जात र अर्को |

| | | |
|---|---|---|
| | असल होला? | जातको बीचमा पनि अन्तर्जातीय विवाह गर्नु असल हुन्छ। जहाँ अन्तर्जातीय विवाह हुन्छ त्यहाँको समाज गतिलो हुन्छ भन्ने मुख्य आशयका साथ निबन्धले आजको अन्तरदेशीय विवाहसम्म सम्पन्न गरिसकेको परिवेशमा अन्तर्जातीय विवाह त सामान्य बनिसक्नुपर्छ भन्ने तथ्यलाई मूलभूत रूपमा प्रस्तुत गरेको छ। जातिभेद, लिङ्गभेद, सांस्कृतिक समानता, वर्गविहीन समाज र विश्वबन्धुत्वको भावनाले नै जातीय, लिङ्गीय र सामाजिक अस्तित्व सुरक्षित गर्न सक्छ भन्ने परिवर्तित चेतनाको सुन्दर प्रस्तुति |
| २. | चारपास | गुरुकुल शिक्षा प्रणालीअनुसार घरमै अध्ययन गरेको, सरकारी जागिर खानको लागि ऐन, श्रेस्ता, हिसाबसम्बन्धी परीक्षा चारपासमा उत्तीर्ण हुन पर्ने अनिवार्यताका कारण काठमाडौँ आई दरबार हाइस्कुलमा अध्ययन गरेको, सोही अवसरमा संस्कृत पाठशालामा अङ्ग्रेजी शिक्षा पनि अध्ययन गरेको, चारपासको परीक्षाले आफूलाई सरकारी जागिर खान थालेपछि खुब सहयोग |

| | | |
|---|---|---|
| | | गरेको र बाल्यावस्थामा काठमाडौँमा बसी विभिन्न तहको अध्ययन गर्दाक ा विभिन्न घटनाहरूको संस्मरणात्मक प्रस्तुति |
| ३. | चारपास पर्यावसान | कलकत्ता विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा एम.एस्सी. गरेपछि नेपाल सरकारको अर्थ मन्त्रालयमा गजेटेड अफिसरको रूपमा बजेट विभागमा जागिरे भएको, सरकारी जागिर ख ाने वा सरकारी अड्डा-अदालतमा आफूले विश्वविद्यालय स्तरमा हासिल गरेको ज्ञानभन्दा सरकारी जागिर खानकै लागि पढेको चारपास बढी उपयोगी एवं व्य ावहारिक शिक्षा भएको, सरकारी अड्डा-अदालतले खरदार, मुखियाहरूले हाकिमको रवाफमा कार्यालयको काम राम्ररी नगर्ने, चाकडी र चाप्लुसी गर्ने प्रवृत्तिले देशमा असल काम हुन नसकी देश स्वनिर्भर हुनु पर्नेमा परनिर्भर हुनुपरेको तथ्यसहित कोरा शिक्षाभन्दा व्यावहारिक शिक्षा बढी उपोगी हुने कुराको प्रस्तुति |

उपर्युक्त तथ्यहरूलाई हेर्दा निबन्धकार विष्णुप्रसाद धितालले आफ्ना निबन्धहरूमा सामाजिक, आर्थिक एवं आधुनिक परिवर्तनसँगै विश्व

बिस्तारै साँघुरिँदै गएको र त्यसको प्रभावमा मानिसको सम्बन्ध पनि विस्तार भएको हुँदा परम्परागत जातभात, छुवाछुतको प्रथा हट्दै गएको छ र जानुपर्छ भन्ने तथ्यलाई अगाडि सारेका छन्। सरकारी अड्डा-अदालतहरूमा पनि चाकरी प्रथा बिस्तारै समाप्त हुँदै गएको कुरालाई निबन्धको मूल वस्तु वा कथ्य बनाई निबन्धात्मक संरचनाको निर्माण गर्ने विष्णुप्रसाद धिताल मूलतः सामाजिक सुधारवादी निबन्धकार हुन्। उनका निबन्धमा प्रत्यक्षतः सामाजिक अन्धविश्वासप्रति तिखो व्यङ्ग्य एवं आक्रोश पोख्दै त्यसमा आमूल परिवर्तनको चाहना मुखरित भएको पाइन्छ।

विष्णुप्रसाद धितालका निबन्धले विभिन्न समय, स्थान र वातावरणको प्रतिनिधित्व गरेको पाइन्छ। उनका 'के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुनु असल होला?' निबन्धले आजभन्दा करिब ५५ वर्ष अगडिको समयलाई प्रतिनिधित्व गरेको छ। यस निबन्धमा भारत, अमेरिका, रुस, युरोप, नेपाल, नक्षत्र, गृहजस्ता शब्दहरूले स्थान विशेषको प्रतिनिधित्व गरेका छन्। यो निबन्ध नेपालको ग्रामीण क्षेत्रदेखि भारत हुँदै बेलायतसम्मको विकसित समाजसम्म विस्तारित भएको छ। त्यसैगरी 'चारपास' निबन्ध बालाजु, क्षेत्रपाटी, घण्टाघर, रानीपोखरी र 'चारपास पर्यावसान'ले भारतको कलकत्ता, त्यहाँको सहरिया वातावरण, सरकारी मन्त्रालयलाई स्थान विशेषको रूपमा प्रयोग गरी तत्कालीन समयको परम्परागत गुरुकुल शिक्षा तथा सरकारी अड्डा-अदालतमा चल्ने गरेको चाकडी प्रथा र त्यसले सरकारी कार्यालयको कामकाजमा पार्ने असरलाई विशेष परिस्थितिको रूपमा चर्चा गरी तत्कालीन परिवेशको सफल चित्रण गरेका छन। अन्तर्राष्ट्रिय रूपमा विकसित हुँदै गएको अन्तरदेशीय

विवाह प्रचलनमा हामी पनि हाम्रो रूढिवादी परम्परालाई तोड्दै सामाजिक बन्धनको साङ्लो छिनाउँदै अगाडि बढ्न पर्ने परिस्थितिको चित्रण गरिएको छ। समग्रमा परिवेशका दृष्टिले धितालका निबन्धहरूले तत्कालीन रूढिग्रस्त समाज, सरकारी कामकारबाहीको तरिकालाई चित्रण गर्दै सुधारतर्फ अभिप्रेरित गरेको हुँदा तिनमा समय सापेक्षता देखिन्छ।

विष्णुप्रसाद धितालका निबन्धहरू मूलतः जातिभेद, छुवाछुत, लिङ्गभेद, परम्परागत शिक्षा प्रणाली, चाकडी प्रथा, सरकारी ढिलासुस्ती र सामाजिक विकृतिको अभिव्यक्ति उनका निबन्धहरूमा पाइने विशेषता हुन्। यिनै विशेषतालाई आफ्ना निबन्धको प्रमुख प्रतिपाद्य बनाई त्यसको सुधारतर्फ उन्मुख गराउनु धितालको मुख्य उद्देश्य रहेको पाइन्छ।

सामाजिक समानता, रूढिग्रस्त समाज, अशिक्षा, बेरोजगारी समाज परिवर्तनका बाधक तत्त्वहरू हुन्। यिनको व्यापकताले समाजमा पछौटेपना ल्याउँछ भन्ने सामजिक चेतनाको अभिवृद्धि गर्नु उनको निबन्धकारिताको ध्येय रहेको पाइन्छ। किसानलाई अक्षर चिनाउनु जघन्य अपराध ठान्ने राष्ट्रले आज त्यसलाई अपरिहार्य वस्तु ठानेको हुँदा हाम्रो समाज पनि परम्परागत सामाजिक, सांस्कृतिक मान्यताबाट अनिवार्य रूपमा माथि उठ्नुपर्छ भन्ने उनका निबन्धको मान्यता रहेको पाइन्छ। समग्रमा सामाजिक चेतना, सरकारी प्रभावकारी सेवा, शैक्षिक उन्नति नै सामाजिक परिवर्तनका प्रमुख अङ्गहरू हुन्। यिनको प्रभावकारितामा व्यक्ति, समाज र राष्ट्र विकासको गतिमा छिटो लम्कन सक्ने र समाजको पछौटेपन हटेर जाने विचार धितालका निबन्धमा प्रकट गरिएको छ।

विष्णुप्रसाद धितालका निबन्धहरूमा विभिन्न विचारधाराको प्रधानता रहेको छ। विष्णुप्रसाद धितालका ‘चारपास’ र ‘चारपास पर्यावसान’ आत्मपरक र ‘के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुनु असल होला?’ निबन्ध वस्तुपरक ढङ्गमा लेखिएका छन्। उनका निबन्ध वर्णनात्मक तथा कतैकतै संस्मरणात्मक रूपमा प्रस्तुत छन्। उनको ‘के नेपाली जातका अन्य जातहरूका बीचमा बिहेबारी हुनु असल होला?’ भन्ने निबन्धले जातीय भेदको अन्त्य हुनुपर्ने र अन्तर्जातीय बिहेबारी भएमा समाज असल र गतिलो हुन्छ भन्ने विचार प्रस्तुत गरेको छ। उनको ‘चारपास’ निबन्धले सरकारी जागिरको महत्त्व र प्रयोगात्मक शिक्षाको प्रभावकारिता प्रस्तुत गरेको छ भने ‘चारपास पर्यावसान’ले सरकारी कार्यालयमा रहेको चाकडीप्रथा, सरकारी आडम्बरको अन्त्य हुनुपर्ने विचार अगाडि सार्दै शैक्षिक एवं प्रशासनिक सुधार हुनुपर्छ भन्ने मान्यता प्रस्तुत गरेको छ। उनका निबन्धहरूमा विभिन्न क्षेत्र र संस्कृतिको सरल, सहज र स्वाभाविक चित्रण पाइन्छ।

### ५.३.३ भाषाशैलीय विन्यास

भाषाशैलीय विन्यासका दृष्टिले विष्णुप्रसाद धितालका निबन्धहरूलाई हेर्दा यिनका निबन्ध सरल, सुबोध र स्वाभाविक गद्य भाषामा संरचित छन्। उनका निबन्धमा कतैकतै आलङ्कारिक, कलात्मक र बिम्बात्मक-प्रतीकात्मक बान्की पनि पाइन्छ तर तिनमा जटिलता नभएर काव्यात्मक गुण थपिएकाले सरसपनामा बृद्धि हुन पुगेको छ। उनका निबन्धमा आजै, गरेथ्यो जस्ता झर्रा शब्दहरू र टेष्टट्युब, लाइफ, सेक्रेटरी, रिक्रुट, गजेटेड,

ए-बम, एच-बमजस्ता अङ्ग्रेजी शब्दहरू प्रशस्त मात्रामा प्रयोग भएका छन्। त्यसैगरी कुण्ड कुण्ड पानी मुण्ड मुण्ड बुद्धिजस्ता नेपाली उखान तथा नस हाल्नु, हातमुख जोर्नु जस्ता नेपाली टुक्काहरूको प्रयोगले निबन्धको भाषिक अभिव्यक्तिलाई ज्यादै सरस बनाएका छन्। उनको शाब्दिक संयोजनमा स्वाभाविकता पाइन्छ। वाक्य छनौटका दृष्टिले उनका वर्णनात्मक निबन्धमा सामान्य पदक्रममा आबद्ध वाक्यहरूको प्रयोग गरेका छन् भने निजात्मक निबन्धमा पदक्रम विचलनले भाषिक मिठास थपिएको छ र सार्थक विचलनले अर्थमा शक्ति प्रदान गरेको छ।

उनको 'के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुनु असल होला?' निबन्ध परात्मक शैलीमा लेखिएको वर्णनात्मक निबन्ध हो भने अन्य दुई निबन्ध 'चारपास' र 'चारपास पर्यावसान' निबन्ध निजात्मक शैलीमा लेखिएका संस्मरणात्मक र आत्मअनुभवमा आधारित निबन्धहरू हुन्। यिनका निबन्धको बीचबीचमा कतैकतै आत्मसंस्मरण त कतै वार्तालापीय शैलीको पनि मिश्रित अवस्थाको प्रयोग गरेको पाइन्छ। विभिन्न सन्दर्भ र प्रसङ्गहरूका माध्यमबाट पाठकमा स्मित हाँसो सिर्जना गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको सामाजिक विकृति-विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्दै मानवीय नैतिकता र सामाजिक चेतना जागृत गराउनु उनको निबन्धको मुख्य विशेषता हो। समग्रमा सरल, सुबोध र स्वाभाविक भाषा तथा निजात्मक शैलीमा नैतिक एवं सामाजिक चेतना अभिबृद्धि गर्दै कतिपय विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्नु उनको निबन्धात्मक भाषा शैलीगत प्रवृत्ति हो।

## ५.३.४ उपसंहार

सङ्ख्याका हिसाबले थोरै मात्र निबन्धको सिर्जना गरेका निबन्धकार विष्णुप्रसाद धितालका निबन्धहरूमा विभिन्न सन्दर्भ र प्रसङ्गहरूको यथोचित विभाजन र वितरणबाट साङ्गठनिक पुष्टता आएको छ। उनका निबन्धहरू विभिन्न पृष्ठ र अनुच्छेदमा आदि, मध्य र अन्त्यको क्रममा विभाजित छन्। तिनमा वर्तमान विश्व समाजमा देखिएको सामाजिक परिवर्तनको चेतना र तत्कालीन नेपाली समाजबीचको परम्परागत जीवनशैलीको तुलनात्मक रूपमा चित्रण गरिएको छ। तिनमा सामाजिक विसङ्गति र विकृतिहरूलाई मूल प्रतिपाद्य विषयवस्तु तुल्याई त्यसका विरुद्ध तीव्र सुधारको अपेक्षा राखिएको छ। तिनमा उद्देश्यमूलक विषयवस्तुको छनौट र त्यसैअनुरूप औचित्य पुष्टि गरिएको छ। उनका निबन्धमा सरल, सुबोध र स्वाभाविक भाषा तथा परात्मक र निजात्मक शैलीमा विषयको वर्णन तथा विश्लेषण गरिएको पाइन्छ। विभिन्न प्रकारका अङ्ग्रेजी शब्दहरू तथा नेपाली उखान-टुक्काहरूको प्रयोग गरी भाषिक अभिव्यक्तिलाई अत्यन्त सबल तुल्याएका उनका निबन्धमा सामाजिक अन्धविश्वास तथा परम्परागत कुसंस्कृतिको अन्त्य हुनुपर्ने लक्ष्य राखिएको छ। समग्रमा सूक्ष्म व्यङ्ग्य, कल्पना र तार्किक शक्तिको अन्तरमिश्रणबाट संरचित उनका निबन्धहरू सन्तुलित, सङ्गठनमा उद्देश्यमूलक विषयवस्तु तथा स्पष्ट र सरल भाषाशैलीको उच्च सौन्दर्यको सिर्जना गरी पाठकीय प्रभाव दिन सफल छन्।

## ५.४ विष्णुप्रसाद धितालका समालोचनाको विश्लेषण

साहित्यकार विष्णुप्रसाद धिताल बहुआयामिक व्यक्तित्व भएका व्यक्ति हुन्। उनले नेपाली साहित्यको क्षेत्रमा कथा, कविता, निबन्धक ा अतिरिक्त नेपाली समालोचनाको क्षेत्रमा पनि कलम चलाएका छन्। उनको आफ्नो जीवनका जम्मा ३ वटा मात्र समालोचनात्मक लेख विभिन्न पत्रपत्रिकामा छरिएर रहेको पाइन्छ। उनका 'त्रिरत्न' (२००७) शिक्षा पत्रिकामा, 'नेपाली साहित्य' (२००७) भारती पत्रिकामा र 'गोरखाली कि नेपाली?' (२००९) भारती पत्रिकामा प्रकाशित भएका छन्। उनका यिनै समालोचनात्मक लेखहरूको अध्ययन-विश्लेषण तल गरिएको छ।

समालोचक विष्णुप्रसाद धितालका विभिन्न पत्रपत्रिकामा छरिएर रहेका त्रिरत्न, नेपाली साहित्य र गोरखाली कि नेपाली? विभिन्न आकार प्रकार, अनुच्छेद र पृष्ठमा विस्तारित अवस्थामा छन्। आकारप्रकारका दृष्टिले यिनको ९ अनुच्छेदको ९ पेजमा विस्तारित 'त्रिरत्न' शीर्षकको समालोचना लामो आयामको समालोचना हो भने अन्य दुई 'नेपाली साहित्य' पाँच अनुच्छेदको दुई पृष्ठमा र 'गोरखाली कि नेपाली' १८ अनुच्छेदको चार पृष्ठमा विस्तारित छोटो आयामका समालोचनाहरू हुन्। पङ्क्तिपुञ्ज विन्यासका दृष्टिले मध्यम किसिमका यिनका समालोचनाहरूमा सन्दर्भ र प्रसङ्गहरूको परिवर्तनसँगै अनुच्छेदमा पनि परिवर्तन गरिएको पाइन्छ।

धितालका समालोचनाहरू वर्णनात्मक शैलीमा सोझै विषयवस्तुप्रति पाठकको अभिरुचि जगाएर कथ्यतर्फ अभिम ुखीकरण गरी अनेक सन्दर्भ र प्रसङ्गहरूले प्रतिपाद्य मूल कथ्यलाई विस्तार गरेको छ। उनका तीनवटै समालोचनामा कृति र वस्तु दुवैको सङ्गठनात्मक ढाँचा आदि, मध्य र अन्त्यको क्रममा प्राय: क्रमिक व्यवस्थापनका क्रममा आबद्ध भएका छन्।

उनका समालोचना वर्णनात्मक तरिकाले कृतिको प्रारम्भतिर समय, स्थान, वातावरण, घटना, सहभागी, स्थिति, कार्यव्यापारमध्ये कुनैको परिचय दिएर मुख्य विषयवस्तु र समस्यामा प्रकाश पार्दै त्यसको विस्तार गर्दै समालोचनालाई अन्तिम निष्कर्षसम्म पुऱ्याइएको छ। त्यस्तै उनका समालोचनाहरूमा प्रमुख सहभागी, घटना, परिवेश आदि कुनैको परिचयका साथ सम्भावित समस्या र परिस्थितिलाई विशिष्टीकरण गर्दै समापनको बिन्दुतर्फ अभिमुख भएकाले आदि, मध्य र अन्त्यको व्यवस्थापनमा क्रमिकता पाइनु उनको समालोचनाको संरचनागत विशिष्टता हो।

वस्तुविन्यासका दृष्टिले विष्णुप्रसाद धितालका समालोचनामा विषयवस्तुको विविधता पाइन्छ। साहित्यका विविध विषय, प्रसङ्ग र घटनाहरूलाई समावेश गरेर उनले आफ्ना समालोचनाको निर्माण गरेका छन्। विष्णुप्रसाद धितालको समालोचनामा पाइने मूल आशयलाई तलको तालिकामा देखाइएको छ।

| **क्र.सं.** | **समालोचना** | **मूल आशय** |
|---|---|---|
| १. | त्रिरत्न | परम्परागत संस्कृत साहित्य लेखनको परम्पराको अन्त्य गरी आदिकवि भानुभक्त आचार्यले नेपाली साहित्य लेखनको जग बसाले। त्यही जगमा इट्टा थप्दै संस्कृतका साहित्यकार कालिदासको प्रभाव ग्रहण |

| | | |
|---|---|---|
| | | गरी कविशिरोमणि लेखनाथ पौड्याल, पाश्चात्य नाट्यसम्राट सेक्सपियरको प्रभावबाट नेपाली नाट्यसम्र◌ाट बालकृष्ण सम र बंगाली साहित्यका प्रसिद्ध कवि रवीन्द्रनाथ ठाकुरको प्रभावबाट महाकवि लक्ष्मीप्रसाद देवकोटाले नयाँनयाँ साहित्यिक लेखन गरी नेपाली साहित्यको आधुनिक युगको थालनी गरे। जसरी पश्चिमी साहित्यमा सेक्सपियर, संस्कृत साहित्यमा कालिदास र बंगाली साहित्यमा रवीन्द्रनाथ ठाकुरको विशेष स्थान छ त्यसैगरी नेपाली साहित्यमा लेखनाथ, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाको विशेष स्थान छ। त्यसैले यिनीहरू नेपाली साहित्यका त्रिरत्न हुन् भन्ने मूल आशय रहेको छ। |
| २. | नेपाली साहित्य | नेपाली साहित्यको लेखन संस्कृत भाषामा हुने गर्दथ्यो। संस्कृत भाषामा पठनपाठन हुने र बोलचालको भाषा नेपाली थियो। पठनपाठनको भाषा संस्कृत र बोलचालको भाषा नेपाली भएकाले पठनपाठन गर्न ज्यादै कठिन हुँदा शिक्षा निश्चित व्यक्तिको पहुँचमा मात्र रहन पुग्यो तर तनहुँका आदिकवि भानुभक्तको नेपाली साहित्यमा उदयसँगै परम्परागत संस्कृत साहित्य लेखनको परम्पराको अन्त्य भयो। पद्य र बोलचालको भाषा नेपाली बन्यो। नेपाली साहित्य |

| | | |
|---|---|---|
| | | लेखनमा नयाँ मोड ल्याउने काम भानुभक्तले गरे। तसर्थ भानुभक्त नेपाली साहित्यका वास्तविक प्रवर्तक भएको मूल आशयको प्रस्तुति पाइन्छ। |
| ३. | गोरखाली कि नेपाली? | स-साना राज्यमा विभाजित भएको नेपाललाई गोर्खाका राजा पृथ्वीनारायण शाहले एकीकरण गरेपछि गोरखाली र नेपाली शब्द एकअर्काका पर्यायवाची शब्द बनेका छन्। विदेशमा नेपालीहरूलाई गोरखाली शब्दबाट बोलाउने वा चिन्ने गरिन्छ। भारतले नेपाली भर्ती केन्द्रको नाम गोरखा रेजिमेन्ट राखेको छ। बेलायती सेनामा गोरखाली सेनाले देखाएको योगदानको उच्च सम्मान गरिएको छ। नेपाली भाषा-साहित्यलाई गोरखा भाषा भनी प्रकाशिनी समितिको नामकरण गरिएको छ। जहाँजहाँ गोरखाली शब्द वा नाम आउँछ त्यहाँत्यहाँ नेपाली भन्ने बुझिन्छ। पृथ्वीनारायण शाहले गोरखा बाट सारेर काठमाडौँलाई नेपालको राजधानी बनाए। यिनै विविध सन्दर्भको आधारमा गोरखाली र नेपाली एकअर्काका पर्यायवाची शब्द बनेका छन्। व्यवहारवादी प्रयोग भएको हुँदा यी दुईलाई भिन्न रूपमा हेर्न वा बुझ्न नहुने आशयको प्रस्तुति पाइन्छ। |

उपर्युक्त तथ्यहरूलाई हेर्दा विष्णुप्रसाद धितालले आफ्ना समालोचनाहरूमा नेपाली साहित्यको ऐतिहासिक विकासको अवस्थाको सबल रूपमा चित्रण गरेका छन्। उनले आदिकवि भानुभक्त आचार्यले नेपाली लेखन परम्परामा एउटा नयाँ मोड ल्याए र त्यसलाई अनुसरण गर्दै महाकवि लक्ष्मीप्रसाद देवकोटा, नेपाली नाट्यसम्राट बालकृष्ण सम र कविशिरोमणि लेखनाथ पौड्यालले विश्व साहित्य जगत्का विभिन्न हस्तीहरूको साहित्यलेखन प्रवृत्तिलाई नेपाली साहित्यमा भित्र्याई नेपाली साहित्यलाई आधुनिक युगतर्फ डोर्‍याउने काम गरे भन्ने मूल कथ्यलाई सूक्ष्म रूपमा प्रस्तुत गरेका छन्। साथै उनले नेपाली र गोरखाली एकअर्काका पर्यायवाची शब्द हुन् भन्ने स्पष्ट पारेका छन्।

भाषाशैलीय विन्यासका दृष्टिले विष्णुप्रसाद धितालका समालोचना सरल, सुबोध र स्वाभाविक गद्य भाषामा संरचित छन्। उनका समालोचनाहरूमा कतैकतै आलङ्कारिक कलात्मक बिम्ब प्रतीकहरूको प्रयोग गरिएको भए तापनि समालोचनात्मक काव्य जटिल नभएर सरल, सरस, बोधगम्य बन्न पुगेको छ। उनका समालोचनाहरूमा भाँजा, रहला, भो, ठिङ्ग जस्ता झर्रा शब्दहरू लन्डन, कमान्डर इन चिफ, रेजिमेन्ट, ब्रिटिस, भि.सी. जस्ता अङ्ग्रेजी शब्दहरू प्रशस्त मात्रामा प्रयोग गरिएको छ। त्यस्तैगरी उनको 'नेपाली साहित्य' समालोचनामा एकान्त, खोपी, शून्यवान, सुतेका खेतमा, निस्तब्धता जस्ता उपमा र बिम्बहरूको प्रयोग गरी नेपाली साहित्यको शून्यावस्थाको अति सबल रूपमा चित्रण गरिएको छ। त्यस्तै भाँजा हाल्नु, नाक राख्नु जस्ता टुक्काको प्रयोगले भाषिक अभिव्यक्तिलाई ज्यादै सरस र रोमाञ्चक बनाएका छन्। उनको

शाब्दिक संयोजनमा स्व ाभाविकता पाइन्छ। उनका समालोचनाहरूमा वाक्यगत पदक्रम विचलन भएको छ। विभिन्न चिह्नहरूको प्रयोगले कतैकतै भाषिक अभिव्यक्ति खजमजिन पुगेको छ तर अर्थमा शक्ति प्रदान गरेको छ, जस्तै-

> नेपालराज कहलाउने चलन अठारौँ शताब्दीदेखि बुझिन्छ। भनेर भनेपछि यसै भनेर कुन ठाउँलाई भनेको? त्यहाँभन्दा अघि नेपाल कति थियो? भन्ने प्रश्न सहजै उठ्छन्। '.........' गोरखाराज भएका गैह्र रैती दुनियाको यथोचित उप्रान्त ....' भनेर लेखिने।

विष्णुप्रसाद धितालको 'त्रिरत्न' समालोचना परात् मक भाषाशैलीमा लेखिएको वर्णनात्मक निबन्ध हो भने अन्य दुई 'गोरखाली कि नेपाली?' र 'नेपाली साहित्य' निजात्मक भाषाशैलीमा लेखिएक ा संस्मरणात्मक र आत्मअनुभवमा आधारित समालोचनात्मक लेखहरू हुन्। उनका समालोचनाको बीचबीचमा विभिन्न टुक्का र आगन्तुक शब्दहरूको प्रयोगले प्रस्तुति ज्यादै सुन्दर रूपमा प्रकटित भएको छ। तिनमा विभिन्न घटना र प्रसङ्गसहित तीव्र व्यङ्ग्य प्रस्तुत गरी राष्ट्रिय एकता र जात ीय संरक्षणको मूल स्वर ध्वन ित भएको छ। साहित्यिक उत्थान, स्रष्टाहरूको महिमा, नेपाली राष्ट्रिय एकताको मूल स्वरलाई पाठकसमक्ष प्रस्तुत गर्दै साहित्यको सुधारको अपेक्षा राख्नु उनको समालोचनाको मुख्य विशेषता हो। समग्रमा सरल, स्वाभाविक तथा निजात्मक शैलीमा नैतिक एवं साहित्यिक चेतनालाई अभिबृद्धि गर्दै कतिपय सामाजिक विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्नु उनको समालोचनाको भाषाशैलीगत प्रवृत्ति हो।

## उपसंहार

विष्णुप्रसाद धितालका समालोचकहरू सङ्ख्याका दृष्टिले थोरै छन्। उनका समालोचनाहरूमा विभिन्न सन्दर्भ र प्रसङ्ग, घटनाहरूको प्रभावकारी वितरणले विभाजन र सङ्गठनमा पुष्टता आएको छ। उनले नेपाली साहित्यको इतिहासमा अतुलनीय योगदान दिने लक्ष्मीप्रसाद देवकोटालाई रवीन्द्रनाथ ठाकुर, लेखनाथ पौड्याललाई कालिदास र बालकृष्ण समलाई सेक्सपियरसँग तुलना गरेका छन्। उनले लक्ष्मीप्रसाद देवकोटाले रवीन्द्रनाथ ठाकुर, बालकृष्ण समले सेक्सपियर र लेखनाथ पौड्यालले कालिदासबाट प्रभाव ग्रहण गरी नेपाली साहित्यको सिर्जना गरेका हुन् भन्ने प्रभाववादी दृष्टिकोण प्रस्तुत गरेका छन्। उद्देश्यमूलक विषयको छनौट र त्यसैअनुरूप पुष्टि गरिएका उनका समालोचनाको भाषा सरल र सुबोध रहेको छ। परात्मक र निजात्मक शैलीमा रचना गरिएका उनका समालोचनाहरूमा नेपाली समाज, राष्ट्रिय एकता र नेपाली साहित्यको सुधारको तीव्र अपेक्षा राखिएको छ। सूक्ष्म व्यङ्ग्य, तार्किकता र कल्पनाशक्तिको मिश्रणबाट संरचित उनका समालोचनाहरू सन्तुलित सङ्गठनमा उद्देश्यमूलक विषयवस्तुद्वारा निर्माण गरिएको छ। उनको समालोचना विभिन्न झर्रा शब्द, उखान, टुक्का तथा उपमा, रूपक अलङ्कारहरूको प्रयोग गरी सिर्जना गरिएको छ र पाठकीय मन छुन सफल भएको छ।

साहित्य समाजको दर्पण हो भन्ने आशयका साथ प्रस्तुत यिनका समालोचनामा कतैकतै भाषिक रूपमा विचलन पाइन्छ। प्रभाववादी समालोचक विष्णुप्रसाद धितालमा नेपाली साहित्यका अग्रज भानुभक्त,

मोतीराम, बालकृष्ण सम, लक्ष्मीप्रसाद र लेखनाथको विशेष प्रभाव परेको पाइन्छ। नेपाली र गोरखाली एकअर्काका पर्यायवाची शब्द हुन् जसलाई अलग ढङ्गले बुझ्न हुँदैन भन्ने मान्यता अगाडि सार्दै राष्ट्र र राष्ट्रियताको महत्त्व झल्काउनु उनको समालोचनाको प्रमुख उद्देश्य रहेको पाइन्छ। समग्रमा विष्णुप्रसाद धितालका समालोचनामा राष्ट्रिय एकता, सामाजिक न्याय, साहित्यिक स्रष्टा र साहित्यको मोह मूल कथ्य रहेको पाइन्छ।

# छैटौँ परिच्छेद
# उपसंहार

विष्णुप्रसाद धितालको जन्म वि.सं. १९७९ फागुन १५ गते गोरखा जिल्लाअन्तर्गत खरिबोट गाउँ विकास समितिको भन्ज्याङ गाउँमा भएको हो। बुबा कुमारीप्रसाद धिताल र आमा ललितादेवी धितालका सात सन्तानमध्ये यिनी दोस्रा सन्तान हुन् भने छोराहरूमध्ये जेठा छोरा हुन्। ठूलो पारिवारिक वातावरणमा हुर्केकाले उनले बाल्यकालमा कुनै अभावको अनुभूति गर्नुपरेन। असल अभिभावकत्व प्राप्त गरेकाले उनी बाल्यकालदेखि नै सहयोगी, इमानदार र सरल स्वभावका थिए।

विष्णुप्रसाद धितालले अक्षरारम्भदेखि सामान्य लेखपढ आफ्नै घरबाट सुरु गरेका थिए। पं. नारायणभक्त देवकोटाबाट घरमै शिक्षा आरम्भ गरेका धितालले केही समय गोरखाका राजेश्वर देवकोटाका बुबा हरिभक्त

देवकोटासँग अध्ययन गरेका थिए। सामान्य हिसाब, लेखपढसम्बन्धी अध्ययन घरमै पुरा गरेपछि १३ वर्षको उमेरमा १९९२ सालमा काठमाडौँ आई उनले दरबार हाइस्कुलमा संस्कृत तथा अङ्ग्रेजी दुवै विषयको अध्ययन गरेका थिए। उनले १९९३ सालमा चारपास र २००१ सालमा दरबार हाइस्कुलबाट प्रथम श्रेणीमा प्रथम भई प्रवेशिका परीक्षा उत्तीर्ण गरेका थिए। उनले त्रिचन्द्र कलेजबाट आइ. ए., २००६ सालमा प्रेसिडेन्सी कलेज कलकत्ता विश्वविद्यालयबाट बि.ए. र २०१० सालमा केरला विश्वविद्यालयबाट तथ्याङ्कशास्त्रमा एम. एस्सी. उत्तीर्ण गरेका थिए। उनले अर्थ मन्त्रालयको बजेट विभागमा जागिर खाइरहँदा लन्डन विश्वविद्यालयबाट छात्रवृत्ति प्राप्त गरी अर्थशास्त्र विषयमा २०१४ सालमा एम. एस्सी.(इकोन) पनि पूरा गरेका छन्।

कौशिक गोत्रीय ब्राह्मण परिवारमा जन्मेका विष्णुप्रसाद धितालको परिवारिक अवस्था हेर्दा प्रसस्त जमिन भएको, आर्थिक हिसाबले सम्पन्न, धार्मिक हिसाबले सनातन हिन्दु, राजनैतिक दृष्टिले गाउँका मुखिया र शैक्षिक हिसाबले सुशिक्षित देखिन्छ। उनको ९ वर्षको उमेरमा हिन्दु संस्कारअनुसार उपनयन संस्कार भयो भने २००१ सालमा २१ वर्षको उमेरमा हिन्दु परम्पराअनुसार विजयालक्ष्मीसँग मागी विवाह भयो। विजयालक्ष्मी तनहुँ जिल्लाको तारुका गाउँका जगदीश गौतमकी ज्येष्ठ सुपुत्री हुन्। धिताल र गौतम दुवैको पारिवारिक अवस्था ज्यादै राम्रो देखिन्छ र यिनीहरूको दाम्पत्य जीवन ज्यादै राम्रोसँग बित्यो। धिताल सरकारी उच्च पदमा जागिरे हुनाले कुनै पनि भौतिक वस्तु समस्याका रूपमा देखा

नपरेको देखिन्छ। उनको घर हाल ललितपुरको पाटन स्थित श्रीदरबार टोलमा करिब २ रोपनी जग्गामा रहेको छ।

अत्यन्त सरल, इमान्दार र मिजासिलो स्वभावका विष्णुप्रसाद धिताल त्यत्तिकै सहयोगी र मिलनसार पनि थिए। उनी सामान्य खाना, विशेष प्रकारको पहिरनमा सन्तुष्ट हुन्थे। उनी गीतसङ्गीत सुन्ने, पत्रपत्रिका पढ्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार सुन्न विशेष रुचि राख्थे। कुकुर र परेवा पाल्ने उनको सोख थियो। उनी सामाजिक सुधार, शैक्षिक उन्नति, साहित्यिक विकासमा रुचि राख्थे। कार्यक्षेत्रका दृष्टिले उनी मुख्यतः सरकारी कर्मचारी हुन्। उनले २०१० सालमा अर्थ मन्त्रालय अन्तर्गत बजेट विभागमा गजेटेड अफिसरको रूपमा सरकारी जागिर सुरु गरे। उनले २०११ सालमा आय विभागमा सहायक सचिव, २०१५ सालमा तथ्याङ्क विभागको निर्देशकको रूपमा काम गरे। त्यस समयमा उनले नेपाल राष्ट्र बैङ्क, बचत संस्थान र निर्देशक समितिको सदस्य भएर काम गरेका थिए। उनले २०१२ सालमा नेपाल राष्ट्र बैङ्क ऐन (२०१२) को तर्जुमा समेत गरेका थिए। उनले २०३३ सालदेखि परराष्ट्र मन्त्रालयको वरिष्ठ उपसचिवको रूपमा काम गरेका थिए।

त्यसै समयमा धितालले युनेस्कोको निमित्त राष्ट्रिय आयोग, संयुक्त राष्ट्र संस्था, नेपाल विश्व सम्बन्ध परिषद्, नेपाल अन्तर्राष्ट्रिय आर्थिक विकास केन्द्र जस्ता संस्थाको सदस्य भई देशको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध सुधारमा विशेष योगदान दिए। उनी २०२६ सालमा उद्योग वाणिज्य मन्त्रालयको सचिव पदमा रहेर वीरगन्ज चिनी कारखाना, कृषिऔजार कारखाना, रघुपति जुट मिल्स, जनकपुर चुरोट कारखानाको अध्यक्षको

रूपमा काम गरे। उनी २०२७ सालमा स्वदेशी सरकारी जागिरबाट सेवानिवृत्त भए।

विष्णुप्रसाद धिताल आफ्नो कार्यप्रति निष्ठावान् थिए। उनले स्वदेशको अतिरिक्त विदेशका विभिन्न उच्च निकायहरूमा रहेर काम गरेका थिए। २०१६ सालमा संयुक्त राष्ट्रसङ्घको रोम स्थित विश्व खाद्य संस्थामा संख्या विज्ञान अधिकृतको रूपमा काम गर्ने मौका पाए। उनले २०१७ सालदेखि २०२० सालसम्म विश्व खाद्य कृषि सङ्गठनको प्रोग्रामिङ एन्ड अपरेसन अफिसर र प्लानिङ अफिसरको रूपमा काम गरे। ज्ञान, क्षमता र अनुभवको कारण उनले २०२८ सालदेखि २०३३ सालसम्म विश्व खाद्य कृषि कार्यक्रमको इमर्जेन्सी युनिटको प्रमुख भएर काम गरे। २०३९ सालदेखि २०४० सालसम्म एसिया प्यासिफिक विभागको प्रमुख तथा वरिष्ठ सल्लाहकारको रूपमा FAO मा काम गरे। आफ्नो जीवनको झन्डै चार दशक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रशासनिक जीवन बिताएका धितालले नेपालका सबै जिल्ला तथा भारत, बेलायत, बङ्गलादेश, श्रीलङ्का अमेरिका, अफगानिस्तान, जेनेभा स्विजरल्यान्ड, जापान, फिलिपिन्स, इन्डोनेसिया, फ्रान्स लगायत करिब ५० वटा देशहरूको भ्रमण गरेका थिए।

विष्णुप्रसाद धिताल सानै उमेरदेखि अरूको उपकार गर्न रुचाउने सामाजिक सेवाको भावना भएका व्यक्ति थिए। समुदायको निम्ति केही काम गर्नुपर्छ भन्ने उनको भावना थियो। उनले कुनै काम योजनाबद्ध ढङ्गले गर्नुपर्छ भन्ने मान्यता राख्थे। उनले नेपाली साहित्यको विकासका लागि नेपाली शिक्षा परिषद्को सदस्यको रूपमा काम गरे। उनले २०४७

सालमा संयुक्त राष्ट्र सङ्घको जागिरबाट अवकाश पाए। उनी देशविदेशको भ्रमणको क्रममा आफूले देखेका र अनुभव गरेका परिवर्तनकारी पक्षहरूलाई आफ्नो देशको विकासमा प्रयोग गर्न चाहन्थे। सोही उद्देश्यअनुरूप उनी २०४७ सालमा सामाजिक सेवा समन्वय समितिको सदस्य (योजना तथा मूल्याङ्कन) पदमा रहेर काम गर्न थाले। त्यसैगरी उनले पाटन रोटरी क्लबको सदस्य भएर पाटन क्षेत्रका बौद्धिक व्यक्तिहरूलाई सहभागी गराई सामाजिक सेवा तथा जनचेतना बृद्धि गर्ने कार्य गरे। २०४८ सालमा सुख्खाग्रस्त राहत समितिको अध्यक्ष पदमा रहेर राष्ट्रिय स्तरमा मानव सेवाको कार्य गरे। अर्क◌ातर्फ उनले हिन्दु धर्मको धार्मिक उन्नति र सांस्कृतिक विकासक◌ा लागि देवघाट क्षेत्र विकास समितिको अध्यक्ष भएर धार्मिक उत्थान तथा विकास गर्ने काम गरे। उनले सर्वाङ्गीण विकास केन्द्र (आइ.आइ.डि.एस.) को उपाध्यक्ष तथा समाज विकास अनुसन्धान केन्द्र (सिकोडर) को प्रमुख संरक्षक पदमा रहेर देशको लघुवित्त विकास, सामाजिक एकता तथा साम◌ूहिक हितसम्बन्धी विभिन्न क्षेत्रमा जनचेतना जगाउने काम गरे। त्यसैगरी उनले नेपाली साहित्यको संबर्धन र स्रष्टाको सम्मानमा मदन पुरस्कार गुठीको सदस्य सचिव भएर ठूलो योगदान दिएका छन्। उनले अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने बहुआयामिक बौद्धिक व्यक्तित्वका रूपमा देशका शैक्षिक, सामाजिक, सांस्कृतिक, प्राज्ञिक अनेक संस्थाहरूको स्थापना, नीति निर्धारण र विकासमा पनि अग्रणी भूमिका खेले। यसैगरी उनले देशको प्रतिनिधित्व गरी विदेशमा समेत नेपाली बुद्धजीवी तथा क◌ूटन◌ीतिज्ञक◌ा रूपमा उल्लेखनीय कार्यहरू गरेका छन्।

जीवनलाई सङ्घर्षमय, क्रियाशील र परिवर्तनकारी रूपमा हेर्ने विष्णुप्रसाद धिताल बहुप्रतिभा सम्पन्न व्यक्ति हुन्। बाह्य रूपमा मझौला कद, गहुँगोरो वर्णका खाइलाग्दो र चिटिक्क परेको निकै प्रभावशाली र आकर्षक देखिने उनी शारीरिक रूपमा निकै बलिया थिए। उनको व्यक्तित्व साहित्यकार, प्रशासक, क ूटन ीतिज्ञ, समाजसेवी, शिक्षाविद्, कुशलन वक्ता आदि रूपमा चर्चित रहेको छ।

विष्णुप्रसाद धितालको सार्वजनिक लेखनयात्राको सुरुवात गोरखापत्रमा १९९५ सालमा प्रकाशित 'कलिकाल' नामक कविता मार्फत भएको थियो। उनको लेखनयात्रामा विधागत परिवर्तन र बौद्धिक परिपक्वताका आधारमा पूर्वार्द्ध (१९९५-२०४०) र उत्तरार्द्ध (२०४१-२०६०) गरी दुई चरण देखापर्दछन्। पूर्वार्द्ध चरणमा उनका जम्मा ३ वटा समालोचना, एउटा निबन्ध, २ वटा कथा र ३० वटा कविता प्रकाशित भएका छन्। त्यसैगरी उत्तरार्द्ध चरणमा उनले ११ वटा कविता, दुईवटा निबन्ध र एउटा कथा प्रकाशित गरी नेपाली साहित्यको भण्डार भर्ने काम गरेका छन्। उनको पूर्वार्द्ध चरण साहित्यिक लेखनक ा दृष्टिले उर्वर रहेको हुनाले कथा, कविता, निबन्ध, समालोचना सिर्जनाको अवधि र उत्तरार्द्ध चरण केही कम मात्रामा कथा, कविता लेखिएको तथा विभिन्न पत्रिकामा छरिएर रहेका कथा, कविताहरू सङ्कलन र प्रकाशनमा केन्द्रित भएक ाले सङ्कलन र प्रकाशनको चरणको रूपमा रहेको छ।

उनी सामाजिक सुधारवादी र प्रगतिवादी साहित्यकार हुन्। उनलाई प्रगतिवादी साहित्यकारका रूपमा चिनाउने पूर्वार्द्ध चरणमा रचना गरेका कविता, कथा र निबन्धजस्ता सिर्जनामा मार्क्सवादी चिन्तनबाट अभिप्रेरित

भई तत्कालीन नेपाली समाज र विश्वपरिवेशका विकृति-विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन्। समसामयिक विषयमा परिवर्तित परिवेशको आह्वान गर्ने उनका उपर्युक्त रचनाहरूमा स्वस्थ, समतामूलक र स्वतन्त्र समाज निर्माणको अपेक्षा राखिएको छ। पूर्वार्द्ध चरणमा देखा परेका समालोचना विधामा उनले साहित्यिक प्रवृत्ति अनुकूलकै समाजशास्त्रीय समालोचना प्रणालीलाई आत्मसात गर्दै साहित्यिक रचनालाई समाजका विभिन्न कोणबाट विश्लेषण गरेका छन्। उनले यस चरणमा विशेष गरी ग्रामीण जनजीवनका भोगाइ, पीडा, शोषण, अन्याय, अत्याचारलाई आफ्नो साहित्य लेखनको मूलभूत स्रोत बनाउँदै त्यसको अन्त्य हुनुपर्ने र त्यसो नभएसम्म समाजको विकास हुन नसक्ने विचार अगाडि सारेका छन्। यस चरणमा उनको सिर्जना सामाजिक बेमेल, परम्परागत संस्कृति, जातिभेद, लिङ्गभेदजस्ता कुरीति र कुसंस्कारको विरुद्ध केन्द्रित हुन पुगेको छ। उनी प्रभाववादी साहित्यकार भएको हुँदा उनका कतिपय लेखहरूमा व्यक्तिको अनावश्यक स्तुतिगान पनि पाइन्छ। साथै उनका समालोचकीय लेखहरूमा प्रभाववादी दृष्टिकोण ध्वनित भएको छ। उनको दोस्रो चरण वा उत्तरार्द्ध चरणमा प्रकाशित कथा, निबन्ध र कविताहरूमा राष्ट्रियता र आफ्ना जीवनका विभिन्न अनुभवहरूको अभिव्यक्ति पाइन्छ। आफ्ना शैशव कालका संस्मरण, आफ्नो जन्मभूमिप्रतिको मोह, उमेरका अन्तिम वर्षहरू आदिका संस्मरण उनको उत्तरार्द्ध चरणका अभिव्यक्ति हुन्। मानिस जन्मपछि सांसारिक मोहमा फसेको हुन्छ र जतिसुकै असहज अवस्थामा पनि मानिसले आफ्नो वंश रक्षाको लागि सङ्घर्ष गर्छ भन्ने विचार उनको चरणको प्रमुख

अभिव्यक्ति हो। यिनको यस प्रकारको अभिव्यक्तिले नेपाली साहित्य र समाज सुधारको क्षेत्रमा विशिष्ट स्थान राख्न सफल भएको छ।

विष्णुप्रसाद धितालले आफ्नो जीवनको करिब चार दशक जति समय जागिरे जीवनमा बिताएका छन्। उनले यस अवधिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशासनिक क्षेत्रमा विशेष जिम्मेवारी पाए र नेपाली साहित्यको अतिरिक्त समाजसेवा तथा शिक्षाको क्षेत्रमा पनि योगदान दिएका छन्। उनी सेवा नै धर्म हो, सामाजिक परिवर्तन नै विकास हो भन्ने मान्यता राख्थे। उनले आफ्नो जागिरे जीवन समाप्त भएपछि थुप्रै सामाजिक, धार्मिक सङ्घसंस्थामा संलग्न भएर काम गरे। उनी शिक्षाको सर्वाङ्गीण विकासबाट मात्र हरेक नागरिकको चेतना बृद्धि हुने अपेक्षा राख्थे। उनले नेपालको शैक्षिक विकासका लागि विभिन्न कामहरू गरेका छन्। सोही अनुरूप उनले त्रिभुवन विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय सम्बन्धन विषयमा अध्ययन गरी उत्कृष्टता हासिल गर्ने एकजना व्यक्तिलाई सम्मान गर्न कुमारी ललितादेवी पदकको स्थापना र माध्यमिक तहको कक्षा ९/१० मा उत्कृष्ट नतिजा ल्याउने ज्ञानज्योति माध्यमिक विद्यालय गोरखाका विद्यार्थीलाई विशेष छात्रवृत्तिको व्यवस्था गरेका छन्। यसबाट उनी शिक्षाविद् तथा शिक्षाप्रेमी व्यक्ति थिए भन्ने पुष्टि हुन्छ। उनको राष्ट्रिय आर्थिक नीति निर्माणमा पनि विशेष योगदान रहेको पाइन्छ। जीवनभर विभिन्न प्रशासनिक, सामाजिक, धार्मिक एवं शैक्षिक क्षेत्रमा सेवा गरेबापत उनलाई सामाजिक सेवकको रूपमा २०५९ सालमा गोरखा समाज सेवा केन्द्रले दोसल्ला तथा कदरपत्र प्रदान गरी सम्मान गरेको थियो। त्यसैगरी उनलाई नेपालबाट बेलायतको विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा एम.

एस्सी. गर्ने प्रथम विद्यार्थी भएकाले बेलायतको रोयल इकोनोमिक सोसाइटीको आजीवन सदस्य तथा हेगस्थित इन्टरनेशनल स्टाटिस्टिकल सोसाइटीको निर्वाचित सदस्यको रूपमा सम्मान गरिएको थियो।

जीवनको ५० औँ वसन्तसम्म स्वस्थ जीवन बिताएका विष्णुप्रसाद धितालालाई २०३१ सालदेखि उच्च रक्तचापसम्बन्धी रोग लागेको थियो। उनले २०४५ सालमा लन्डन अस्पतालमा मुटुको बाइपास सर्जरी गरे। उनले भारतका विभिन्न अस्पतालहरूमा पटक पटक आफ्नो स्वास्थ्य परीक्षण गराएका थिए। २०५९ सालमा आफैले चलाएको गाडी विपरीत दिशाबाट आएको ट्रकसँग जुध्दा शरीरको देब्रे भागमा पक्षघात हुन पुगेको थियो। २०६० साल मङ्सीर १२ गते ललितपुरको श्रीदरबार स्थित आफ्नै घरमा उनलाई अकस्मात मस्तिष्कघात भयो। उनलाई उपचारार्थ थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारको लागि भर्ना गरियो र उपचारका विभिन्न उपायहरू गरियो। सोही अनुरूप २०६० मङ्सीर १४ गते डा.उपेन्द्र देवकोटाको प्रत्यक्ष संलग्नतामा मस्तिष्कको शल्यक्रिया गरियो। उनको स्वास्थ्यमा बिस्तारै सुधार पनि भयो। उपचारकै क्रममा करिब चार महिना नर्भिक अस्पतालमा रहेर २०६० चैत्र १२ गते एकासी वर्षको उमेरमा उनको दु:खद निधन भयो।

निष्कर्षमा भन्दा समाजसेवा, प्रशासनिक सेवा, कूटनीतिक कार्य गरी आफ्नो जीवनको अधिकांश समय बिताएका धिताल नेपाली साहित्यका वरिष्ठ स्रष्टा-द्रष्टा व्यक्तित्व हुन्। यस क्षेत्रमा देखिएको उनको प्रतिभाले उनी नेपाली साहित्यका दीर्घसेवी व्यक्ति रूपमा चिनिएका छन्। साहित्यका अतिरिक्त प्रशासनिक, कूटनीतिक तथा सामाजिक क्षेत्रमा

उनको उच्च प्रतिभा, प्रकाण्ड विद्वत्ता, सुझबुझपूर्ण कौशल र राष्ट्रवादी चिन्तनका कारण उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत ख्याति प्राप्त गरेका छन्। उनको जीवनीका विविध घटनाहरू, व्यक्तित्वको उत्कृष्ट क्षमता र कृतित्वको प्रवर्तनकारी र विकासकारी भूमिकाले उनलाई सशक्त बहुमुखी प्रतिभा, दीर्घजीवी साधक र सम्बन्धित क्षेत्रको प्रेरणाको स्रोतको रूपमा स्थापित गरेको छ। उनको नेपाली साहित्यिक व्यक्तित्व प्रमुख व्यक्तित्वको स्थानमा रहन सफल भएको छ। विभिन्न सेवाक्षेत्रमा सशक्त रूपमा सक्रिय भइरहेकै अवस्थामा एक्कासि हृदयघात भई उनको भौतिक अस्तित्व समाप्त भएर गए तापनि निःस्वार्थ सेवाको भावनाले गरेका उपर्युक्त कार्यहरूले सामाज सुधारक, साहित्य साधक, प्रखर देशभक्त र कुशल प्रशासकको रूपमा उनको योगदान विशिष्ट रहेको छ।

# सन्दर्भग्रन्थसूची

## १. पुस्तकसूची


दीक्षित, कमलमणि, **बिर्सेको सम्झेको**, ललितपुर: जगदम्बा प्रकाशन, २०४१।

धिताल, विष्णुप्रसाद, **नी** कवितासङ्ग्रह, ललितपुर: जगदम्बा प्रकाशन, २०५१।

___, **अर्को नी** कवितासङ्ग्रह, ललितपुर: जगदम्बा प्रकाशन, २०६०।

प्रसाईं, इन्दिरा र प्रसाईं, नरेन्द्रराज सम्पा., **कालो अक्षरदेखि सग्लो अक्षरसम्म**, काठमाडौँ: नइ प्रकाशन, २०६०।

प्रसाईँ, महेश, **एकसय एक प्रश्न कमल दीक्षितसँग**, काठमाडौँ: विवेक प्रकाशन, २०५९।

भट्टराई, घटराज, **नेपाली लेखक कोश**, काठमाडौँ: लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, २०६२।

विष्णुप्रसाद स्मृतिग्रन्थ समिति, **विष्णुप्रसाद स्मृतिग्रन्थ**, ललितपुर: जगदम्बा प्रकाशन, २०६१।

## २. पत्रिकासूची

अधिकारी, विनोद, "भेटवार्ता" **विकासदीप** (२/३, २०५९, कार्तिक-पुस), पृ.१-२।

अधिकारी, सीताराम, "नेपाली भाषा साहित्य र गोरखा" **गोरखा परिचय** (८/७, २०५९ पुस), पृ. १८-२७।

जि.सी., उज्ज्वल, "सादा जीवन उच्च विचारका अनुयायी" **नेपाल समाचारपत्र** (२०५९), पृ. ३।

____, "सायद धितालज्यूलाई पनि यस्तै लाग्ला" **गतिविधि साप्ताहिक** (२०५९), पृ. ५।

____, उज्ज्वल, "सुनमा सुगन्ध हुन्थ्यो नै" **अन्नपूर्ण पोस्ट** (२०६० असार ३ गते), पृ. ६।

धिताल, विष्णुप्रसाद, "सान्नानी" **भारती** (१/८, २००६), पृ. २९-३६।

____, "लाहुरे दाइ" **भारती** (१/१०, २००६), पृ. २६-३०।

____, “त्रिरत्न” **शिक्षा** (१/३, २००७), पृ. ८-१६।

____, “नेपाली साहित्य” **भारती** (२/९, २००७), पृ. ४५२-४५३।

____, “गोरखाली कि नेपाली?” **भारती** (४/२, २००९), पृ. ६६-६९।

____, “के नेपाली जातका विभिन्न जातहरूका बीचमा बिहेबारी हुनु असल होला?”, **भारती** (४/१, २०१०), पृ. ११-१९।

____, “बैकुण्ठमा ठाउँ खाली छ”, **समुदाय** (५/१८), पृ. ४३-४६।

____, “चारपास” **कान्तिपुर**, (९/२५६, २०५८), पृ. ४३।

____, “चारपास पर्यावसान", **कान्तिपुर** (९/२८७, २०५८), पृ. ५।

पोखरेल, एन., “व्यक्तित्व”, **दिव्यदर्शन** राष्ट्रिय साप्ताहिक (२०५५), पृ. ९।

____, “व्यक्तित्व”, **दिव्यदर्शन** राष्ट्रिय साप्ताहिक (२०५६), पृ. ७।

पौड्याल, अनमोल र नव ीन पोख्रेल, “बोर्ड टपरहरूको दु:खी जीवन”, **राजधानी** (२०५९), पृ. ५।

# परिशिष्ट-क

# स्वर्गीय विष्णुप्रसाद धितालको फोटो



(वि.सं. १९७९-२०६०)

# परिशिष्ट-ख

# विष्णुप्रसाद धितालको सङ्क्षिप्त जीवनवृत्त

(उहाँकै हस्ताक्षरमा आधारित)

पोस्ट-बक्स नं. ४१

श्रीदरबारटोल, ललितपुर

टेलिफोन : ५५२१०२४

नाम : विष्णुप्रसाद धिताल

जन्मस्थल र मिति : गोरखा, नेपाल; १५ अप्रिल १९२४

पारिवारिक स्थिति : विवाहित; हुर्केका तीन छोरा, एक छोरी

शिक्षा :

१. चार-पास (सन् १९३६) : लेख, हिसाब, ऐनस्रेस्ता र औँठाको सहीछाप

२. बी. ए. : प्रेसिडेन्सी कलेज, कलकत्ता विश्वविद्यालय (सन् १९४९)

३. एम. एस्सी. (तथ्याङ्क) : केरला विश्वविद्यालय (सन् १९५३)

४. एम. एस्सी. (अर्थशास्त्र) : लन्डन स्कुल अफ इकोनोमिक्स, लन्डन विश्वविद्यालय (सन् १९५७)

५. संस्कृत : साहित्यशास्त्री (१९४३) - आचार्यको द्वितीय खण्डसम्म पढेको

तालिम:

१. निर्देशकहरूको तालिम - चार महिना, काठमाडौँ

२. व्यवस्थापकहरूको उच्चस्तरको तालिम – एक साता, रोम

३. सरकारी विभिन्न अड्डाहरूको तालिम र अध्ययन - दुई महिना, लन्डन

अनुभवः

(क) श्री ५ को सरकारअन्तर्गतः

१. अनुसन्धान सहायक - कृषि विभाग (सन् १९५०-५१)

२. गजेटेड अफिसर - बजेट विभाग, अर्थ मन्त्रालय (सन् १९५३-५४)

३. सहायक सचिव - आय विभाग, अर्थ मन्त्रालय (सन् १९५४-५८)

४. निर्देशक - तथ्याङ्क विभाग (सन् १९५८-५९)

५. वरिष्ठ सहसचिव - परराष्ट्र मन्त्रालय (सन् १९६६-६९)

६. सचिव - उद्योग-वाणिज्य मन्त्रालय (सन् १९६९)

७. सचिव - कृषि-खाद्य मन्त्रालय (सन् १९६९-७०)

श्री ५ को सरकारको सेवामा रहेका बखत तपसिलका पद सम्हालेकोः

१. सदस्य-सचिव - नेपाल-भारत व्यापार तथा वाणिज्य सन्धि-समिति (सन् १९५९ र १९६९) (सरकारी सेवा हैसियतले पदेन हुने चलन)

२. अध्यक्ष - कृषि विकास बैङ्क (२०२५-२०२७)

३. अध्यक्ष - वीरगन्ज चिनी कारखाना (२०२५-२०२६)

४. अध्यक्ष - कृषि-औजार कारखाना (२०२५-२०२६)

५. अध्यक्ष - कृषि-सामग्री संस्थान (२०२६-२०२७)

६. अध्यक्ष - रघुपति जुट मिल्स (२०२५-२०२६)

७. सदस्य - निर्देशक समिति, नेपाल राष्ट्र बैङ्क (२०१६-२०१७)

८. सदस्य - निर्देशक समिति, राष्ट्रिय वाणिज्य बैङ्क (२०२५-२०२६)

९. सदस्य - निर्देशक समिति, खाद्य संस्थान (२०१५-२०१६)

१०. सदस्य - निर्देशक समिति, बचत संस्थान (२०१४-२०१५)

११. सदस्य - निर्देशक समिति, जनकपुर चुरोट कारखाना (२०२५-२०२६)

१२. सदस्य - निर्देशक समिति, शाही नेपाल वायुसेवा निगम (२०२५-२०२६)

१३. सदस्य - युनेस्कोका निमित्त राष्ट्रिय आयोग, संयुक्त राष्ट्र संस्था, नेपाल विश्व सम्बन्ध परिषद्, नेपाल अन्तर्राष्ट्रिय आर्थिक विकास केन्द्र आदि

१४. उपाध्यक्ष - आई.आई.डि.एस.

१५. सरकारमा रहेका बखत कतिपय द्विपक्षीय वा अन्तर्राष्ट्रिय (FAO, ESCAP जस्ता) सङ्घसंस्थामा नेपालको सक्रिय प्रतिनिधित्व गर्नुका साथै एफ.ए.ओ. को साधारण सभा (सन् १९६७) मा नेपाललाई त्यस संस्थाको कार्यकारिणी समितिमा छनाएको र लगातार दुईपटक (सन् १९६७ र १९६९ मा) त्यस समितिको आर्थिक कमिटीमा अत्यधिक बहुमतले आफै पनि व्यक्तिगत योग्यताका भरमा छानिएको

संयुक्त राष्ट्रसङ्घको रोमस्थित खाद्य-कृषि संस्था विश्व खाद्य कार्यक्रममा छँदाः

१. सङ्ख्या-विज्ञान अधिकृत (पी.२. iv), जुनदेखि दिसम्बर १९५९: एफ.ए.ओ.

२. प्रोग्रामिङ एन्ड अपरेसन अफिसर (पी. ३), जनवरी १९६० देखि जनवरी १९६३ एफ.ए.ओ.

३. प्लानिङ अफिसर (पी. ४), फरवरी १९६३ देखि फरवरी १९६६ : विश्व खाद्य कार्यक्रम - श्री ५ को सरकारबाट बोलाइएको

४. प्रमुख, व्यापार र मूल्याङ्कन शाखा (पी. ५) : एफ.ए.ओ. (सन् १९७१ देखि १९७६)

५. प्रमुख, इमर्जेन्सी युनिट (पी. ५), सन् १९७६ देखि १९८२ : विश्व खाद्य कार्यक्रम

६. प्रमुख, एसिया प्यासिफिक विभाग (पी. ५), १९८२ जुन देखि १९८३ अप्रिल : विश्व खाद्य कार्यक्रम

७. वरिष्ठ सल्लाहकार (निर्देशक), क्षेत्रीय कार्यक्रम विकास विभाग : एफ.ए.ओ.

* सन् १९८३ मईदेखि १९८८ सितम्बरसम्म- एफ.ए.ओ.का समस्त प्रतिनिधिहरूका कार्यक्रमको जिम्मेदार
* एफ.ए.ओ. विश्व खाद्य कार्यक्रममा छँदा विभिन्न किसिमका राष्ट्रिय तथा विश्वव्यापी कार्यक्रमहरूको तर्जुमा गर्ने, राष्ट्रिय वा क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्तरका तालिम केन्द्र वा सम्मेलन इत्यादिको व्यवस्था मिलाउने, सञ्चालन गर्ने, रिपोर्ट तयार गर्ने, विभिन्न किसिमका सरकारहरूसँग छलफल गर्ने इत्यादि कुरामा चौबीस वर्षभन्दा बढी अनुभव

विविध:

१. धेरै कविता, कथा, निबन्धहरू नेपालीमा प्रकाशित

२. पुस्तकाकारमा 'नी' र 'अर्को नी' कवितासङ्ग्रह प्रकाशित

३. संसारका प्राय: ५० मुलुकको भ्रमण

४. बेलायतको रोयल इकोनोमिक सोसाइटीको आजीवन सदस्य

५. बेलायतको रोयल स्टाटिस्टिकल सोसाइटीको सदस्य

६. हेगस्थित इन्टरनेसनल स्टाटिस्टिकल सोसाइटीको निर्वाचित सदस्य इत्यादि

निवृत भएपछि:

१. सदस्य : सामाजिक सेवा समन्वय समिति २०४७ देखि १ वर्ष (योजना तथा मूल्याङ्कन)

२. अध्यक्ष : सुख्खाग्रस्त राहत समिति २०४७-२०४८

३. अध्यक्ष : देवघाट विकास समिति (२०४९-२०५०)

४. सदस्य-सचिव : मदन पुरस्कार गुठी (२०५०-२०६०)

५. उपाध्यक्ष : आई.आई.डि.एस. (सर्वाङ्गीण विकास अध्ययन केन्द्र), बानेश्वर करिब दस वर्ष

६. सदस्य : रोटरी क्लब अफ पाटन २०४७ देखि निरन्तर